# अध्याय : एक

# परिचय

## १.१ पृष्ठभूमि

नेपाल चार वर्ण छत्तीस जात वर्णको फूलबारी हो । नेपालको कूल क्षेत्रफल १,४७,१८१ वर्ग कि.मि. छ । यति सानो मुलुकमा पनि झन्डै १०२ जात जातिको बसोबासले पुष्टि गर्दछ कि नेपाल बहुभाषिक, बहुजातिय, बहुधार्मिक र बहुसांस्कृतिक देश हो । भौगोलिक रूपले सानो भए तापनि जात, जाति, भाषा, धर्म, सम्प्रदाय र संस्कृतिको भण्डारको रूपमा परिचित छ । नेपाल पहाडी प्रदेश, तराई प्रदेश र हिमाली प्रदेश गरी तीन प्रदेशमा विभाजित भई यी प्रदेशहरूमा अलग अलग भाषा, जाति र धर्म मान्ने मानसिहरू बसोबास गर्दै आइरहेको पाइन्छ । प्राचीन कालदेखि नै नेपाल मंगोल, किराँत र आर्यहरूको संगमस्थलको रूपमा चिनिँदै, यो प्रजातिय मिश्रणको आधारमा सामाजिकीकरण हुँदै सामाजिक - सांस्कृतिक विकास भएको पाइन्छ । नेपाली समाजको विशेषता नै अनेकतामा एकता र एकतामा विविधता हो । यसले समाजशास्त्र, मानवशास्त्र विषयको अध्ययन अनुसन्धानलाई उर्वरभूमि बनाएको छ (गुरुङ, २०००) ।

विश्व मानचित्रमा नेपाल २६°२०'-३०°१०' उत्तरी अक्षांश र ८०°१५'-८८°१०' पूर्वी देशान्तर अवस्थित छ । नेपाल राज्यको भू-भागको अवस्थिति मेचीदेखि महाकालीसम्म विभिन्न भू-भाग, पहाड, मैदान, उपत्यका पाइन्छन् । नेपाल राज्यको अनेक भू-भागमा पहिले किराँत भएको विश्वास गरिन्छ । आज किराँत नामधारी जनता नेपाल अधिराज्यका पूर्वी पहाडको केही भागमा मात्र पाइन्छन् । यसअन्तर्गत राई र लिम्बूहरू पर्दछन् । जातिको उत्पत्तिको विभिन्न वर्ग र विद्वानको मत अलग अलग छ । यसबारेमा नेपाली धर्मग्रन्थ र पुराणहरूबाट केही जानकारी प्राप्त गर्न सकिन्छ । (पोखरेल २०६१)

ई.सा. पूर्व द्वितीय सहस्राब्दीसम्म यस भू-भागमा किराँतहरूकै प्रधानता रहेको थियो । त्यस बेला पाषाण युगको समाप्तिको अवस्था थियो भने पाषाण युगपछि Copper-Age को शुरुवातसँगै आर्य जातिहरू पश्चिमतिरबाट प्रवेश गर्न थालेपछि नै द्वितीय सहस्राब्दिको अवस्था मानिएको हो । यस अवस्थामा आर्य संस्कृति पश्चिम तिरबाट क्रमशः पूर्वतिर सर्दै गएको देखिन्छ ।

यसरी नै समाज निरन्तर रूपले सञ्चालित भएकामा राजा जयस्थिति मल्लले पेशाको आधारमा नै सम्पूर्ण मानव समुदाय विभाजन गरे वि.सं. १९१० मा राजा सुरेन्द्रले तागाधारी, मतवाली, पानी नचल्ने र छोइछिटो हाल्न पर्ने तथा पानी नचल्ने तर छोइछिटो हाल्नु नपर्ने भनी विभाजन गरेका थिए । राजा पृथ्वीनारायण शाहले विभिन्न टुक्रामा विभाजित राज्यहरूलाई आफ्नो बुद्धि, बहादुरीले एकीकरण गरेपश्चात् एकात्मक राज्यको शुरुवात भयो । जसले जातिय पहिचान लोप हुने तथा जातिय विभेदहरू क्रमशः बढ्दै गए ( शर्मा, २०५८) ।

प्रसिद्ध भारतीय विद्वान् डा. अम्बेडकरका अनुसार अछूत मानिएका जातिहरू कुनै बेला आर्य थिए र ती आर्य मूलकै हुन् । इन्डोआर्यन समाजका यिनीहरूलाई 'क्षत्री' भनिन्थ्यो । एक बेला त्यस इन्डोआर्यन समाजमा जम्मा तीन वर्णमात्र थियो । ती तीन वर्णहरू ब्राह्मण, क्षत्री र वैश्य हुन् । राजा र ब्राह्मणको आपसी झगडाको परिणामस्वरूप 'शूद्र' को जन्म भयो । जनैबाट वञ्चित गराएपछि 'शूद्र' जाति सबैभन्दा तल्लो चौथो जातिको रूपमा गिर्न पुगे । क्रमशः यिनीहरू वर्ण अत्याचारको शिकार हुँदै गए र इ.पू. ५०० को आसपासमा आइपुग्दा हिन्दू समाजमा अछूत घोषित भए । यिनीहरूलाई अहिले सार्की, दमाई, कामी आदि विभिन्न जातिय दर्जामा राखिन्छ । सार्की जातिहरू सामान्यतया गहुँगोरा र काला वर्णका हुन्छन् । उचाइ ५.२ फुटदेखि ५.८ सम्मका सामान्यतया उचाइमा रहेका पाइन्छन् । यिनीहरूले ब्राह्मण, क्षत्रीले बोलिने भाषा नै प्रयोग गर्छन् । धेरैजसो संस्कार हिन्दू उपल्ला भनिने जातकासँगै मिल्दोजुल्दो नै पाइन्छ । यिनीहरूको बसोबास क्षेत्र पहाडी जिल्लाका ग्रामीण र शहरी क्षेत्रका वरिपरि (काँठ) तिर रहेको हुन्छ (प्रश्रित, २०५७) ।

हिन्दू धार्मिक वर्ण व्यवस्थाअनुसार ब्राह्मणले लेखपढ गर्ने, सैन्य सुरक्षा गर्ने क्षत्री, खेतीपाती पशुपालन र बन्द व्यापार गर्ने वैश्य र सेवा वा कठिन श्रम गर्ने शूद्र भएकाले उनीहरूको आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक प्रगतिको बाटोमा तगारो नै लागेको देखिन्छ । पेशाको आधारमा वर्ण व्यवस्थाको शुरुवातले यसलाई सामाजिक प्रतिष्ठासँग जोडेर हेर्न थालियो । जसले गर्दा वञ्चितीकरण हुँदै गए । नेपाली समाजको संरचनालाई हेर्ने हो भने अधिकांश दलित जाति कृषि, मजदुरका रूपमा भनिएका उपल्ला जातिको सेवा गर्दै आएका छन् । उपल्ला जातिको घर, गोठ, खेतमा गोठाला, खेताला, हली जस्ता कार्यमा संलग्न छन् । जसको पारिश्रमिक ज्यादै न्यून भएकाले लामो कालखण्डसम्म जीवन स्तर न्यून रहेको छ (शर्मा, २०५८) ।

सन् २०१५ सम्ममा सहस्राब्दी विकास लक्ष्यहरू प्राप्त गर्न सम्मानजनक र लाभजन्य रोजगारी सृजना गर्ने, आर्थिक असमानता घटाउने, क्षेत्रीय सन्तुलन हासिल गर्ने र सामाजिक वञ्चितीकरणलाई हटाउँदै आम नेपालीको जीवनस्तरमा सुधार ल्याउने तथा गरिबीलाई २१% मा झार्ने लक्ष्य छ (अन्तरिम योजना २०६७-२०७१) ।

## १.२ समस्याको कथन

नेपाली समाजमा आदिवासी जनजाति तथा महिलाहरूप्रति भैरहेको भेदभावसँग जोडेर हेर्नुपर्ने अर्को पूर्ण समस्या दलित समस्या हो जुन अत्यन्तै विभेदकारी छ । सिङ्गो नेपालको संरचनागत समस्याको बारेमा चर्चा गर्दा दलितको समस्यालाई अगाडि ल्याउन छोडिएमा त्यो कदापि न्यायसङ्गत र तर्कसङ्गत हुँदैन । नेपाली समाजमा उनीहरू उत्पीडित र थिचोमिचोमा पारिएका छन् ; अपहेलित र तिरस्कृत छन् । दलितभित्रका राष्ट्र निर्माण र राष्ट्रियताका प्रखर भावनाहरूलाई जवर्जस्त ढंगबाट दमन गरिएका छन् । तिनीहरू भित्रको प्रतिभा भित्र भत्रै दविएर हराउँछ । छुवाछूतको विरुद्धमा राज्य पक्षबाट बनाइएका ऐन कानूनहरू कितावमा पढ्न र हेर्न सकिन्छ तर व्यवहारमा लागु छैनन् । राज्यपक्षबाट दलितहरूको नाममा छुट्याइएका आरक्षणका कोटामा वास्तविक दलितसम्म नपुगी बीचैमा टाठाबाठाले फाइदा लिनुको साथै दलितभित्र पनि वास्तविक पिछडिएको वर्गसम्म नपुग्नु अर्को समस्याको रूपमा रहेको छ । समग्र विषय यससँग सम्बन्धित समस्याहरू निम्न प्रकार उल्लेख गर्न सकिन्छ :

- सार्की जातिको  सामाजिक आर्थिक अवस्था कस्तो छ ?
- समाजका उपल्ला जातिले आफ्नो फाइदाको लागि सार्की जातिलाई कसरी उपयोग गरिरहेका छन् ?
- आधुनिकीकरण र औद्योगिकीकरणले सार्की जातिको परम्परागत पेशामा कस्तो परिवर्तन आएको छ ?

यस्ता समस्याहरू उजागर गर्ने हिसाबले अध्ययनको लागि छनोट गरिएको बागलुङ जिल्ला, विनामारे गा.वि.स.का सम्पूर्ण दलित जातिहरू शिक्षा, स्वास्थ्य तथा आर्थिक रूपले पिछडिएका छन् । देशमा विभिन्न समयमा आएका विभिन्न राजनैतिक परिवर्तनले खासै उनीहरूलाई कुनै प्रभाव पारेका देखिँदैन । सदरमुकामबाट १४ कोस दक्षिणमा अवस्थित यो गा.वि.स. समुन्द्र सतहबाट करिब ९५० मीटरदेखि १६०० मीटरको उचाइमा अवस्थित छ ।

यस गा.वि.स.मा वडा नं. ५ मा केही, वडा नं. ९ र वडा नं. ७ मा अधिकांश बस्ती सार्की जातिको छ । यसरी दलितहरूको बाक्लो बसोबास भए तापनि उनीहरूको सामाजिक, आर्थिक अवस्थाबारे अध्ययन हुन सकिरहेको छैन । उनीहरूको उत्थान र प्रगतिमा जति चासो हुनुपर्ने हो त्यति हुन सकिरहेको छैन । हालको परिवर्तित अवस्थामा उनीहरूको अध्ययन आवश्यक भएकाले अध्ययन कार्य गरिएको हो ।

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको साधारण उद्देश्य विनामारे गा.वि.स.का सार्की जातिको सामाजिक, आर्थिक र सांस्कृतिक पक्षको अध्ययन हो । यसका विशिष्ट उद्देश्य निम्न छन् :

क) सामाजिक, आर्थिक, अवस्थाको पहिचान गर्ने,

ख) समाजका उपल्ला जातिले सार्की जातिलाई कसरी उपयोग गरेका छन् विश्लेषण गर्ने ।

ग) सार्की जातिको परम्परागत पेशामा आएको परिवर्तनको अध्ययन गर्ने ।

## १.४ अध्ययनको महत्त्व

सार्की जातिको आफ्नै जातिय पहिचान र मौलिक विशेषताहरू रहेका छन । तर पनि यस जातिको बारे व्यापकरूपमा अध्ययन अनुसन्धान हुन नसकेकाले त्यसको समस्या परिपूर्ति गर्नको लागि यस अध्ययनले थोरै सहयोग गर्ने अपेक्षा गरिएको छ ।

यस अध्ययनको तत्कालीन  समाजशास्त्र विषयको स्नातकोत्तर तहको आठौं पत्रको १०० पूर्णाङ्कको आंशिक आवश्यकता परिपूर्तिको निम्ति शोधपत्र लेखन भएको छ । त्यतिमात्र नभई दीर्घकालीन रूपमा सार्की जातिको सामाजिक, आर्थिक आदि अवस्थाको बारे अध्ययन गर्ने र जानकारी प्राप्त गर्ने, यसका साथै प्राज्ञिक क्षेत्रमा अध्ययन अनुसन्धानको लागि सघाउने छ । यसप्रति चासो राख्ने विकासविद् र नीति निर्माता साथै यस क्षेत्रमा अध्ययन गर्ने विद्यार्थीको लागि समेत यो सहायकसिद्ध  हुनेछ । यस अतिरिक्त जनजाति अध्ययनमा समेत यसले एउटा इँट्टा थप्ने मैले आशा लिएको छु ।

## १.५ अध्ययनको सीमा

यस अध्ययनमा बागलुङ जिल्ला, विनामारे गा.वि.स. स्थित वडा नं. ९ मा अवस्थित सार्की समुदायमा मात्र सीमित गरिएको छ । यसमा नमूना विधिभन्दा समग्र विधिलाई जोड दिइएको छ । यसले समग्र सार्की जातिको प्रतिनिधित्व नगर्न पनि सक्छ, तर सांकेतिक अर्थ भने अवश्य दिने आशा लिएको छु । समयको पावन्दी, बजेट र मानव संसाधनको सीमिततामा एम.ए. उपाधि प्राप्तिको आंशिक आवश्यकता पूरा गर्ने उद्देश्यले निश्चित ठाउँमा अध्ययन केन्द्रित गरिएको छ ।

# अध्याय : दुई
# पूर्व साहित्य समीक्षा

नेपालमा दलित र उत्पीडितहरूमध्ये सार्की पनि एउटा जात हो । यस जातिको समग्र अध्ययन गरी प्रकाशित सामग्री पाउन गाह्रो छ । सन् १९५० अगाडि नेपाल विदेशीहरूको लागि प्रवेश थिएन । १९५० को परिवर्तनपश्चात् विश्वका कुना कुनाबाट आएका समाजशास्त्री/मानवशास्त्रीले नेपाली समाजको सामाजिक, आर्थिक, सांस्कृतिक एवम् राजनैतिक पक्षको अध्ययन गरेको पाइन्छ ।

## २.१ सैद्धान्तिक समीक्षा

समाज शास्त्री/मानव शास्त्रीहरूले कुनै पनि विषयको अध्ययन अनुसन्धान गर्दा अनुसन्धानको विषयलाई समाजशास्त्र/मानवशास्त्रमा विकसित सिद्धान्तहरूमध्ये सम्बन्धित एक वा बढी सिद्धान्तसँग सम्बन्धित गरेर अनुसन्धान गर्नु आवश्यक हुन्छ । ती सिद्धान्तलाई आधार मान्दै परम्परागत पेशामा आएको परिवर्तनले सामाजिक, आर्थिक अवस्थामा पारेको प्रभाव पत्ता लगाउन उल्लेखित स्थानका सार्की समुदायको अध्ययन गरिएको छ । यहाँ खास गरी आधुनिकीकरणको सिद्धान्त, प्रकार्यवादी सिद्धान्त र मार्क्सवादी सिद्धान्तलाई मुख्य आधार मानिएको छ ।

### क) आधुनिकीकरण सिद्धान्त

वास्तवमा आधुनिकीकरण सिद्धान्त सन् १९५०-१९६० को दशकमा देखा परेको सिद्धान्त हो । यसको मूल मान्यता भनेको समाज, पेशा र संस्कृति परिवर्तनशील छ । स्वयम् मानिस पनि परिवर्तनगामी छ । प्रत्येक समाज परिवर्तन र विकास हुँदै अगाडि बढेको छ । समाजको प्रारम्भिक चरणभन्दा वर्तमान चरण बढी परिवर्तशील छ, समाज सधैं आधुनिकतातर्फ उन्मुख छ भन्ने तथ्यमा यो सिद्धान्त आधारित छ । आधुनिकता भनेकै समाज एक परम्परागत र रुढिवादी ढाँचाबाट आधुनिक वा कुशल र औद्योगिक तहमा पुग्ने प्रक्रिया हो । यस प्रक्रियामा समाज प्रारम्भिक, मध्यम र उच्च तह पार गर्दै समाजभित्रका

आर्थिक, सामाजिक, धार्मिक, भौतिक, राजनैतिक लगायत मानवीय मनोवृत्तिमा पनि बढी कुशल तथा उदारता तर्फ लक्षित भई समाजको विकास प्रक्रिया अगाडि बढ्छ ।

आधुनिकीकरणले उत्पादन प्रणालीमा सरल ग्रामीणमुखीबाट आधुनिक प्रविधियुक्त बनाउँदै जान्छ । पेशाहरू पनि परम्परागत पेशाको ठाँउमा आधुनिक विशिष्टीकरण हुँदै जान्छ । सामाजिक चालचलन, रीतिरिवाज, धार्मिक कुराहरूमा परिवर्तन हुँदै आधुनिकतातर्फ लम्कन्छ । सहरीकरणतर्फ उन्मुख हुन्छ । आधुनिक कुराहरूले परम्परागत पेशा, रीतिरिवाज, संस्कारलाई विस्थापित गर्छ । आर्थिक, सामाजिक अवस्था आधुनिकतातर्फ लम्किरहन्छ । पुरातन परम्परागत ग्रामीण समाज आधुनिक प्रविधियुक्त शहरीसमाजतर्फ लम्कन्छ । यो आधुनिकीकरण प्रक्रिया समय विकासको गतिसँगै सधैँ अगाडि बढिरहन्छ । नयाँ नयाँ प्रविधिको विकास र प्रत्येक मानव उपयोगमा विकल्पको प्रयोगबाट आर्थिक, सामाजिक एवम् सांस्कृतिक परिवर्तन ल्याउने आधार खडा गर्दछ । यो सिद्धान्त वेबर र दुर्खिमका सामाजिक परिवर्तन सम्बन्धी विश्लेषणमा आधारित छ ।

## ख) संरचनात्मक-प्रकार्यवादी सिद्धान्त

यो दृष्टिकोण सन् १९३० र १९४० को दशकमा विकास भएको हो । यस सिद्धान्त अनुसार सामाजिक र सांस्कृतिक विकास विभिन्न एकाइहरूको प्रकार्यबाट हुने गर्दछ । यस्ता एकाइसँग मानिसको प्रत्यक्ष सम्बन्ध हुन्छ । एकाइहरूले सामाजिक तथा सांस्कृतिक प्रणालीलाई निरन्तरता दिने क्रममा प्रकार्य गर्दछन् । यही प्रकार्यबाट समाज र मानिसले आ-आफ्ना आवश्यकता पूरा गर्दछन् । सामाजिक तथा सांस्कृतिक एकाइहरूको संरचना र प्रकार्यको पद्धतीय ढंगले अध्ययन गर्ने दृष्टिकोण नै संरचनावादी-प्रकार्यवादी (Structural-Functionalism) हो । एकाइहरूको अन्तरसम्बन्धबाट नै संरचनाको अस्तित्व हुन्छ । संरचना भनेको बाह्य स्वरूप हो, एकाइहरूको प्रकार्यात्मक संयोजनबाट संरचना बन्दछ । रेडक्लिफ ब्राउन, हर्बट स्पेन्सर, मेलीनोस्की, इमाइलदुर्खीमजस्ता विद्वान्हरूको यसमा पूर्ण योगदान रहेको छ । मेलीनोस्कीको व्यक्तिवादी प्रकार्यवादमा संस्कृतिलाई मानिसका जैविकीय चाहना पूरा गर्ने उद्देश्यले जन्मेका हुन्छन् भनी प्रकाश पारेका छन् । दुर्खिमको सामाजिक प्रकार्यवादले सामाजिक व्यवस्था पूरा गर्न विभिन्न अङ्गहरूका वा एकाइहरूका बीचमा प्रकार्य हुनुपर्दछ ।

यसप्रकार सामाजिक-सांस्कृतिक संस्थाहरूको संरचना, सम्बन्ध, अन्तरक्रिया अनि भूमिकाको अध्ययन अनुसन्धान तथा व्याख्या गर्ने दृष्टिकोण नै संरचनात्मक प्रकार्यवाद हो । यस शोधकार्यमा यस अध्ययनलाई पनि मध्यनजर गर्दै परम्परागत पेशामा आएको परिवर्तनका बारेमा सार्की समुदायको अध्ययन गरिएको छ । यसमा सार्की समुदाय एकाइ हो भने समाज समग्र हो । यी एकाइ र समग्र संरचनाका बीच प्रकार्य भएर नै समाज अगाडि बढ्दछ र विकास हुन्छ ।

## ग) मार्क्सवादी सिद्धान्त

मार्क्सले समाज परिवर्तनशील छ, यसमा उत्पादन प्रणालीमा आउने परिवर्तनले सामाजिक आर्थिक परिवर्तनमा टेवा पुऱ्याउँछ भन्ने विचार अगाडि सारेका छन् । वर्गीय समाजमा शोषक र शोषित बीच वर्ग संघर्ष हुन्छ । शोषक र शोषित बीचको वर्ग संघर्षबाट नै समाज विकास हुँदै अगाडि बढ्छ भन्ने मान्यता हुन्छ । यसमा कार्ल मार्क्सले समाज विकासको चरणबारे ऐतिहासिक भौतिकवादी व्याख्या गरेका छन् ।

१. आदिम साम्यवादी युग वा जङ्गली युग
२. दास युग
३. सामन्ती युग
४. पूँजीवादी युग
५. समाजवादी युग
६. वैज्ञानिक साम्यवादी युग

यसरी समाज परिवर्तनशील छ, अविकसितबाट विकसित समाजतर्फ अगाडि बढ्छ । समाज पुरानो घुमन्ते जङ्गली युगबाट क्रमशः पशुपालन, कृषि अर्थतन्त्रमा प्रवेश गर्छ । कृषि अर्थतन्त्रमा उत्पादनमा जोड दिनाले बसोबासमा स्थायित्व आयो । बहुईश्वरवादी सामाजिक विश्वास विकास भयो । उत्पादन प्रविधि र उत्पादन ढाँचाको परिवर्तनले सामाजिक परिवर्तन ल्याउँछ । सामन्ती युगमा सामन्त र भू-दास, पूँजीवादमा पूँजीपति र मजदूर बीच वर्ग संघर्ष हुन्छ । यसले सामाजिक, राजनैतिक र आर्थिक उत्पादन ढाँचामा परिवर्तन ल्याउँछ भनेका छन् । दास र सामन्ती युग, रूढिवादी र ईश्वरवादी हुन्छ भने पूँजीवादी युगमा प्रविधिको विकासले परम्परागत उत्पादन ढाँचा मात्र होइन सामाजिक मूल्यमान्यता, धर्म संस्कारहरूमा पनि व्यापक परिवर्तन आउँछ । पेशामा पनि नयाँ औद्योगिक विकाससँगै नयाँ नयाँ धेरै

सम्भावना देखा पर्छन् तर सामन्ती युगमा जातिय प्रथा, जातिगत परम्परागत पेशा, छुवाछूत, अन्धविश्वास, धार्मिक संस्कार रहन्छन् । ग्रामीण चरित्रको समाजमा कृषि प्रधान र हस्त निर्मित उत्पादन प्रणाली हुन्छ भने पूँजीवादी युगमा औद्योगिक विकास र भौतिकवादी दृष्टिकोण हुन्छ । जब समाज पूँजीवादमा प्रवेश गर्छ, पुराना पेशा र खेतीप्रणाली जस्ता उत्पादन ढाँचा, जातिगत पेशाहरू छोडेर आधुनिक औद्योगिक मजदूरी, व्यापार, रोजगारी, वैदेशिक रोजगारी जस्ता पेशाहरू पूँजीवादीकरण सँग आउने गर्दछन् । पूँजीवादमा पूँजीपति र मजदूरवर्ग बीच वर्ग संघर्ष हुन्छ । यही वर्ग संघर्षले पूँजीवादी युग अर्को समाजवादी युगमा परिणत हुन्छ । यो ऐतिहासिक भौतिकवादी दृष्टिकोण हो ।

यस मार्क्सवादी दृष्टिकोणबाट हेर्दा सार्की समुदाय सामन्तवादी शोषणको जाँतोमा पिल्सिएर नै विपन्न, रूढीवाढी भएका र अब पूँजीवादी प्रभावसँगै परम्परागत पेशा छाडेर नयाँ आधुनिक विभिन्न रोजगारीका अवसरहरू तर्फ लागेको देखिन्छ । सामन्ती उत्पादनका ढाँचामा परिवर्तनसँगै अपनाइने पेशाहरू परिवर्तन हुँदै गएका छन् । पूँजीवादी व्यवस्थामा औद्योगिक उत्पादन ढाँचा, शहरीकरण र आधुनिकीकरण प्रक्रियाबाट त्यसैअनुरूपका रोजगारीका अवसरहरू देखा पर्दै जान्छन् । यस शोध लेखनमा यस सिद्धान्तलाई अनुसरण गरिएको छ ।

### २.१.१ सैद्धान्तिक ढाँचा

मानवसमाजको अध्ययन गर्ने सिलसिलामा मानवशास्त्री तथा समाजशास्त्रीहरूले थुप्रै पद्धतिहरूको विकास गरेको पाइन्छ । समाज र संस्कृतिको अध्ययन गर्न सुरुमा उद्भव र प्रसारवादी सिद्धान्त आयो । यो क्रम प्रभावकारी हुँदै गएपछि संरचनात्मक कार्यात्मक पद्धति शुरु भयो । Emile Durkheim, Malinowski, R.K. Merton, A.R. Redcliffe Brown हरू संरचनात्मक प्रकार्यवादी सिद्धान्तको आधारमा अध्ययन गर्ने प्रमुख समाजशास्त्री/मानवशास्त्रीहरू हुन् । समाजमा सन्तुलनमात्रै छैन, द्वन्द्व पनि छ । समाज विकासको सुरुवातबाट नै हुने र नहुनेको बीचमा द्वन्द्व हुँदै आइरहेको छ । यही नियमानुसार नै समाजको गति अघि बढिरहेको छ भन्ने समाजशास्त्रीय मार्क्सवादी चिन्तनको पनि शुरुवात हुन पुगेको छ । द्वन्द्ववादी पद्धति, मार्क्सवादी पद्धतिहरूले समाजमा द्वन्द्व छ, द्वन्द्वकै कारण समाजको गति अघि बढ्छ भन्ने अवधारणाको विकास गरेका छन्, त्यस्तै साधनसम्पन्न र विपन्नको बीचमा परनिर्भरताको अवस्था सिर्जना हुन पुगेको छ । सम्पन्नहरूले विपन्नहरूलाई आफ्नो प्रभावमा पारिरहेका छन् भन्ने समेतको विश्व

व्यवस्थात्मक सिद्धान्त र परनिर्भरताको सिद्धान्तको पनि विकास हुन पुगेको छ । यस शोधपत्रमा खास गरेर मार्क्सवादी पद्धतिलाई मुख्य रूपमा लिइएको छ र सहायक रूपमा विश्व व्यवस्थात्मक सिद्धान्त र परनिर्भरताको सिद्धान्तलाई लिइएको छ । यिनै सैद्धान्तिक अवधारणाहरूलाई आत्मसात् गर्दै यस शोधपत्रमा सार्की जातिको पेशागत परिवर्तनको सम्बन्धलाई हेर्न खोजिएको छ । समाज शुरुमा आफ्नै प्रजाति बनेको भए पनि हाल आएर फरक प्रजाति, जाति, धर्म, संस्कृतिहरूको मेलबाट बनेको छ, यस शोधपत्रको समाज पनि मिश्रित नै भन्नुपर्दछ, एकै प्रजातिको मानवीय समुदाय धर्मसंस्कृतिको निर्माण गर्ने अवस्थामा आफैलाई फरक-फरक बनाई अन्य र पानी नचल्ने जातिको रूपमा रूपान्तरित भएको छ । जब यस्तो हुन्छ ; त्यहाँ असमानता, शोषण, दमन देखा पर्ने गर्दछ । सक्नेले नसक्नेलाई, हुनेले नहुनेलाई, सम्पन्नले विपन्नलाई यहाँ शोषण गरिरहन्छन्, शोषितहरू, दमितहरू उन्मुक्तिका लागि अनेक प्रयास गर्दछन्, तर यस्ता बन्धनहरू हुन्छन् उनीहरू सजिलैसँग यस्ता बन्धन चुँडाल्न सक्दैन, जालमा फसिरहन्छन् उनीहरूको अवस्था दिन प्रतिदिन दुःखलाग्दो बन्दै गइरहेको हुन्छ । यस शोधपत्रले पनि यिनैलाई आधार लिएको छ अनि विश्व व्यवस्थात्मक सिद्धान्तले केन्द्र क्षेत्रले अर्धपृष्ठ क्षेत्र र पृष्ठ क्षेत्रलाई शोषण गर्दछ भन्ने मान्यता राखेजस्तै यहाँ पनि यही कुरा सम्भदै ब्राह्मण जातिलाई केन्द्र क्षेत्रको रूपमा र सार्की जातिलाई पृष्ठक्षेत्रको रूपमा मान्न ठीकै हुने हुनाले यिनै सैद्धान्तिक अवधारणाहरूलाई यस शोधपत्रले अनुसरण गरेको छ ।

सैद्धान्तिक ढाँचालाई यसरी हेर्न सकिन्छ

चित्र १

सैद्धान्तिक ढाॅचा

### २.१.२ पूर्व साहित्य समीक्षा

सन् १९५० को राजनैतिक परिवर्तनपछि नेपालको सम्बन्ध अन्तर्राष्ट्रिय स्तरमा विकास भयो भने आन्तरिक रूपमा पनि मौद्रिक तथा आर्थिक गतिविधिमा चहल पहल शुरु भयो । यसपछि थोरै ज्यालामा भए पनि तल्ला जात र कमजोर आर्थिक अवस्था भएका मानिसहरू भारततर्फ काम गर्न जान थाले । अर्कातर्फ आफूसँगै भएको थोरै जग्गा पनि उपल्ला जातका मानिसलाई दिए पछि उनीहरूको परनिर्भरता उपल्ला जातका मानिससँग अझै बढ्दै गयो । यसरी उपल्ला जातका हुने खाने र तल्ला जात दलित र नहुने वर्गमा परिणत भए (Caplan-1972)।

समाजका उपल्ला मानिएका जातिहरूले तल्ला जातका मानिसलाई जग्गा अधियाँ कमाउन दिने ऋणको ब्याजको अलवा श्रमको कमिशन लिने, पशुपालन सामान्य र जग्गामा स्वामित्व नाममात्रको भएकाले यिनीहरूमा परनिर्भरता बढ्दै गएको तथा उपल्ला जातिबाट लिएको ऋणवापतको पैसा तिर्न नसकी उनीहरूलाई नै आफ्नो सम्पूर्ण जग्गा जमिन बिक्री गरी भूमिहीन अवस्थामा परिणत भएकाले अधिकांशले अदक्ष मजदूरीको कार्य गर्दछन्, जसको ज्याला निकै कम हुन्छ (Caplan-1972)।

सन् १९५० पछिको खुल्ला राजनैतिक परिवेशमा व्यापार र रोजगारीमा वृद्धि आर्थिक चहलपहलमा तीव्रता भई सेना तथा प्रहरीमा भर्ना वृद्धि स्वयं सार्कीहरू पनि विभिन्न व्यापारमा संलग्नताको कारणले उनीहरूमा विस्तारै परनिर्भरता घटाएको देखिन्छ (Caplan -1972)।

लिच्छविकालदेखि नै नेपालमा जातिय विभाजन रहँदै आएको र मध्यकालीन समयमा राजा जयस्थिति मल्लले समाजलाई हिन्दू धर्मअनुसार पुनर्संरचना गरी जातिय आधारमा जन्मजात भूमिकाको निर्धारण गरे । यस प्रकृयाले हिन्दूवादी र ब्राह्मणबादी सोचलाई बढावा दियो । यसलाई हिन्दू धर्मवादीहरूले भाग्यवादी शैलीमा व्याख्या गरी "लेखेको पाइन्छ, देखेको पाइँदैन" तथा भाग्य 'कर्म र जातमा' मात्र पाइन्छ भन्ने जस्ता शब्द उखानबाट भाग्यबादी शोचको विकास भएको देखिन्छ (Bista-1991)।

दलित समस्या सामाजिक भेदभाव, हेयता र उत्पीडनले पैदा गरेको सामाजिक समस्या हो । हिन्दू वर्णाश्रमको आधारमा गरिएको उच-नीच वर्ण तथा जाति विभाजनले पैदा गरेको समस्या भएकाले यो धार्मिक र सांस्कृतिक समस्या पनि हो । राज्यबाट प्राप्त हुने आर्थिक सुविधा र अवसरहरूबाट वञ्चित तथा शासक र शोषकहरूबाट गरिदै आएको चर्को

आर्थिक शोषणका कारण उत्पन्न आर्थिक विपन्नताको समस्या हो । गरीबी र सामाजिक हेयताका कारण शिक्षा आर्जनको अवसरबाट वञ्चितताले सृजित अशिक्षा र गरीब यी दुवै सँगसँगै आउने एउटै सिक्का (Coin) का दुई पाटा हुन् । शोषणले वर्गीय स्वरूप सृजना गरेको छ । वास्तवमा यो समस्या वर्गीय समस्या पनि हो (गुरुङ, २०६२) ।

नेपाली समाजको मुख्य उत्पादन थलो अझै पनि जग्गा-जमीन हो, तर त्यस जमीनमा दलितहरूको स्वामित्वको स्थितिलाई हेरियो भने कहाली लाग्दो छ । नेपालको वर्णवादी राज्यसत्ताले जातिगत भू-स्वामित्वको व्यवस्थित अध्ययन नगरे पनि विभिन्न गैर सरकारी प्रयत्नहरूबाट प्राप्त पछिल्ला तथ्याङ्कहरूले थुप्रै तथ्यहरू उद्घाटन गरेका छन् । जसअनुसार २३% दलित भूमिहीन, ५ रोपनी भन्दा कम जमीन भएका ४८.७% र ६ देखि १० रोपनीसम्म जग्गा भएका करिब २७% मात्र छन् (भट्ट, २०६४) ।

नेपाल खुल्ला अर्थतन्त्रमा प्रवेश गरेपश्चात् नेपाली बजारमा बहुराष्ट्रिय कम्पनीका उत्पादनहरूले प्रभुत्व जमाएका छन् । मौलिक र हस्तकलाका परम्परागत उत्पादनहरू विस्थापित भएकाले दलितहरूले आफ्नो परम्परागत पेशा परित्याग गरी अन्य विकल्पका सामान्य गुजारा चलाउने पेशातर्फ उनीहरू मोडिन पुग्नुले उनीहरूको आर्थिक अवस्था थप जटिल र कष्टकर भइरहेको छ (नेपाली समाजमा दलित, २०६५) ।

एउटै कसुरमा दलित र गैर दलित माथि भेदभावपूर्ण सजायको विरोधमा २००३ मा 'विश्व सर्वजित संघ' गठन भई बागलुङका सर्वजनहरू १३ हिँडेर काठमाडौं पुगे, जसले अधिकार बहालीमा ठूलो परिवर्तन ल्यायो (बराइली, २०६४) ।

नेपाल बहुभाषिक, बहु जातिय र बहुसांस्कृतिक मुलुक हो । यहाँको भौगोलिक बनावट हावापानी र रहनसहनअनुसार विभिन्न जात जातिहरू बसोवास गर्ने गर्दछन् । नेपालमा झन्डै १०२ जातहरू छन् र करीब ९२ भाषाहरू बोलिन्छन् । वर्ण व्यवस्थाका सम्बन्धमा विभिन्न धर्म ग्रन्थहरू, पुराण र ऐतिहासिक शिलालेखहरूमा स्पष्ट उल्लेख गरेको पाइन्छ । मनुस्मृतिमा जातिय व्यवस्था उल्लेख गरेको पाइन्छ । जातिय व्यवस्थालाई कामको आधारमा वर्गीकरण गरेर पुनः जात उपजातको नयाँ व्यवस्था राजा जयस्थिति मल्लले गरेको पाइन्छ । नेपाल राज्यको एकिकरण पूर्व पनि विभिन्न राज्य रजौटाहरूले जाति व्यवस्थालाई संरक्षण गरेको पाइन्छ । हिन्दू धर्म वर्णाश्रम व्यवस्थानुसार समाजलाई ब्राह्मण, क्षत्री, वैश्य र शूद्र जस्ता मुख्य ४ जातिमा विभाजन गरेको र जातिय आधारमा ब्राह्मणले पूजापाठ गर्ने,

क्षत्रीले राजकाज र लडाइ गर्ने, वैश्यले वन्द व्यापार र कृषि कार्य गर्ने र शूद्रले मुलुक र अन्य जनसमुदायको सेवा गर्ने सामाजिक नियम रहेको पाइन्छ (बराइली : २०६४) ।

वा.न.पा. ५ चाँपाबोटका सार्की जातिको अध्ययन अनुसन्धानका दृष्टिले पहिलो हो । सार्की जातिको बारेमा सामाजिक, सांस्कृतिक, आर्थिक पक्षका साथै सामाजिक सम्बन्ध, ऐतिहासिक तथ्यगत प्रमाणहरू भाषा संस्कृतिजस्ता पक्षलाई यस अध्ययनमा उजागर गर्ने कोशिस गरिएको छ (अधिकारी, २०६६) ।

अछूत र दलित वर्गमा पर्ने सार्की जातिको सामाजिक, सांस्कृतिक, शैक्षिक एवं आर्थिक अवस्था निकै दयनीय छ । सामाजिक रीतिरिवाज, चालचलनहरू र संस्कृतिहरू दलित र गरीबहरूको अनुकुल छैनन् । यसले गर्दा सामाजिक रूपमा दलितहरू उपेक्षित र अपहेलित छन् । राजनैतिक र सामाजिक संघसंस्थाहरूमा उनीहरूको उपस्थिति ज्यादै न्यून छ । स्थानीय र माथिल्लो तहहरूमा उनीहरूलाई राजनीतिक पार्टीहरूले भोट बैंकको रूपमा उपयोग गरिरहेका छन् (रेग्मी, २०६४) ।

### २.१.३ अवधारणात्मक ढाँचा

परम्परागत रूपमा सार्की जातिको पुर्ख्यौली पेशा छालाको काम गर्नु र हलिया प्रथाबाट जीवन गुजारा गर्नु थियो । आधुनिकीकरण, शिक्षा र चेतनाको कारण उनीहरूमा उक्त पुर्ख्यौली पेशाप्रतिको रुचि नरहेको अध्ययनले देखाउँछ । अध्ययन क्षेत्रका युवाहरू त यस पेशाको नाम सुन्न पनि रुचाउँदैनन् र आफूहरूलाई उपल्ला जातिका मानिसले शोषण र दमन गरेकोले पुर्खाहरू शोषित र अपहेलित भएको बताउँछन । खास गरी शहरीकरण, चेतनाको विकास तथा वैदेशिक रोजगारीको कारण अहिलेको पुस्ता आधुनिकतातर्फ लम्किरहेको प्रारम्भिक सर्वेक्षणले देखाउँछ भने यसले गर्दा पेशागत परिवर्तन र आर्थिक सामाजिक सम्बन्धमा समेत परिवर्तन आएको पाइन्छ । यी जातिहरूमा पेशागत परिवर्तनको कारण उनीहरूको वर्तमान अवस्था विगतको भन्दा सबल र सक्षम देखिन्छ ।

सार्की जातिको पेशागत परिवर्तनको प्रभावको अनुसन्धान गर्न यस गाउँका सार्की जातिलाई नै छानिनुका कारणहरूमा यस क्षेत्रमा बसोबास गर्ने सार्की जातिहरूका बारेमा कुनै अध्ययन-अनुसन्धान नभएको, शोधकर्तालाई यस जातका मानिसहरूका बारेमा अध्ययन गर्ने तिव्र इच्छा भएकाले यो अनुसन्धान प्रस्ताव छनोट गरिएको हो । यसका अतिरिक्त अध्ययन क्षेत्रका युवा जमातले आफूलाई सार्कीको रूपमा परिचय दिन कठिन मान्ने

गर्दछन् । विभिन्न विद्वान् एवं अनुसन्धानकर्ताहरूले विभिन्न समयमा विभिन्न जात जातिहरूको वारेमा अध्ययन अनुसन्धान गरेतापनि यस क्षेत्रका सार्की जातका मानिसहरुका बारेमा कुनै अध्ययन नभएको देखिन्छ । यो शोधकार्य सम्पन्न गर्नका लागि विश्लेषणात्मक र वर्णनात्मक शोधयोजनालाई बढी प्रयोग गरिएको छ ।

**चित्र नं. २**

**अवधारणात्मक ढाँचा**

**चित्र १**

**अवधारणात्मक ढाँचा**

## २.२ नेपालमा रहेको जातिय संरचना

नेपाल चार वर्ण छत्तीस जात मध्ये शूद्र जाति भित्र पर्ने सार्की एउटा जात हो । सार्कीको बसोबास र उत्पत्तिबारे कुनै निश्चित प्रमाण प्राप्त छैन, Encyclopedia of Religion मा शूद्र जातिलाई आर्य भित्रै राखिएको छ । शूद्रहरू जो गरीब छन्, कमजोर उत्पादन क्षमता भएकाहरूलाई अन्य जातिको सेवा गर्ने भनि तोकियो ।

मनुस्मृतिमा मनुले चार वर्णको कार्य विभाजनको उल्लेख गरेको पाइन्छ । जसमा उल्लेख भएअनुसार ब्राह्मणले बेद पढ्नु, पढाउनु, दान लिनु-दिनु, यज्ञ गर्नु रहेको छ ।

क्षत्रीले राजकाज चलाउनु तथा काटमार गर्नु, वैश्यले बन्द व्यापार गर्नु तथा कृषि कार्य गर्नु र शूद्रले आफूभन्दा माथिका सबै जातको सेवा गर्नु भन्ने छ । महाभारतमा भृगु ऋषिले भन्छन् -"ब्रह्माले सर्वप्रथम ब्राह्मणको सृष्टि गरे त्यसपछि क्रमशः क्षत्री, वैश्य र शूद्रको सृष्टि भयो" (महत,२०६०) ।

मल्ल राजा जयस्थिति मल्लले नेपाली समाजलाई चार वर्ण र छत्तीस जातमा विभाजित गरेका थिए । चार वर्णमा ब्राह्मण, क्षत्री, वैश्य र शूद्र पर्दथे । ब्राह्मणहरूपनि पञ्चगौँडा र पञ्चद्रबिड गरी दुइ वर्गमा विभाजित थिए । ब्राह्मणहरूलाई देवीदेवताको पुजाआजाजस्ता उच्च कर्म गर्न लगाइन्थ्यो भने क्षत्रीले राजकाज गर्ने, वैश्यले बन्द व्यापार र शूद्रले उपल्ला जातको सेवा गर्ने तोकिएको थियो । अन्य वर्गहरू ६४ जातमा विभाजित थिए । नेवार समाज, आचार्य, वैद्य, दैवज्ञ र श्रेष्ठ उच्च स्तरीय जाति थिए भने बाँकी ३६ जात मध्ये ३२ जाति ज्यापूमात्रै थिए । माथिल्लो जातिलाई तल्लो जातिले छोएको खानपिनमा प्रतिबन्ध थियो । तल्ला जातिले उपल्ला जातिप्रति आदारसम्मान दर्शाउनु पर्दथ्यो (प्रश्रित, ०५७) ।

राजा सुरेन्द्रको शासनकालमा निर्माण गरिएको पुरानो मुलुकी ऐन १९१० ले पनि नेपालमा विभिन्न जातीय प्रथा र भेदभावको स्थितिलाई थप मलजल गर्दै सबल बनाएको देखिन्छ । त्यस समयमा गरिएको सबै जातिय वर्गीकरणलाई मुख्यतया चार वर्ण छत्तिस जातमा विभक्त गरी श्रेणी विभाजन गरेको पाइन्छ । यसले निर्दिष्ट गरेको जातीय संरचना यस प्रकार छ :-

१. तागाधारी ।

२. मतवाली ।

३. पानी नचल्ने छोइ छिटो हाल्नु नपर्ने ।

४. पानी नचल्ने छोइ छिटो हाल्नु पर्ने ।

यहाँ तागाधारी वर्गमा बाहुन, क्षत्री, ठकुरी पर्दछन् । मतवालीअन्तर्गत पर्ने जातिमा राई, लिम्बु, गुरुङ्ग, मगर, नेवार आदि, उपल्ला मतवाली र दनुवार, चेपाङ, कुमाल, मेचे जस्ता जातिहरू तल्ला मतवाली अर्न्तगत पर्छन् । मतवालीहरूलाई छोइ छिटो हाल्न नपर्ने तर खानपान, विवाह आदिमा भने बन्देज रहने व्यवस्था छ । पानी नचल्ने, छोइ छिटो हाल्नु नपर्ने जातिहरूमा धोवी, मुसलमान, तला, कुलु, कसाई, कुशले, कुडाँरा, म्लेच्छ पर्दछन् भने सार्की, दमाई, कामी, गाइने, वादी, पोडे, च्यामे, हुडके आदि पर्दछन् ।

यसरी राणाकालमा समाज सुधारका नाममा जारी गरिएको मुलुकी ऐनले जात जाति अनुसारको दण्ड जरिवानासमेत भोग्दै आएका यी जनसमुदायले राजा महेन्द्रको पालामा मात्र कानूनी समानताको हक प्राप्त गरे भने व्यावहारिक हक प्राप्त गर्न अझै सकिरहेका छैनन् । यसरी प्राचीन कालदेखि नै दलिदै, शोषिदै आएका यस्ता जातजाति समूहलाई दलित जाति भनिन्छ (विश्वकर्मा, ०५५) ।

दलित समुदाय भन्नाले जातिय भेदभाव र छुवाछूतको मारमा परी सामाजिक, आर्थिक, शैक्षिक, राजनैतिक एवम् धार्मिक क्षेत्रमा समाजको सबैभन्दा पछाडि परेको र मानवीय सम्मान एवम् सामाजिक न्याय पाउन नसकेको जात र समुदायलाई जनाउँदछ (राष्ट्रिय दलित आयोग) ।

## २.३ सार्की जाति र सामाजिक, सांस्कृतिक अवस्था

सार्की जाति पनि ब्राह्मण, क्षत्री जस्तै आर्य जातिमा पर्ने एक पूर्ण अछूत जाति मानिए तापनि यिनीहरूको सामाजिक, आर्थिक अवस्था ब्राह्मण, क्षत्रीको भन्दा भिन्न छ । घरायसी काममा पुरुषले महिलालाई सघाएका हुन्छन् । ज्याला मजदूरीमा महिला पुरुषसँगसँगै संलग्न भएको देखिन्छ । महिलाहरूमा मकै गोड्ने, धान, कोदो गोड्ने सवालमा 'पर्मा' प्रथा पनि देखिन्छ । निर्णय प्रकृयामा महिला सहभागिता देखिन्छ । त्यस्तै नकारात्मक वस्तु सेवन धूमपान, मध्यपान सेवनमा दुवैको सहभागिता करिब बराबर नै देखिन्छ । आर्थिक सवालमा सार्कीहरूको स्थिति आधुनिकीकरणले परम्परागत पेशा विस्तारै हराएको देखिन्छ । यिनीहरूको अहिलेको मुख्य पेशाचाहिँ कृषि, पशुपंक्षी पालन, नोकरी, ज्याला मजदूरी, डकर्मी, सिकर्मी आदि हुन् (पोखरेल, २०६१) ।

सार्की समुदायमा पर-सांस्कृतिकरण (Acculturation) को प्रभाव परेको छ । उनीहरूको उच्च जातिको प्रभाव र सम्पर्कका कारण बाहुन, क्षत्री, गुरुङ, मगर, नेवारको संस्कृतिमा ऐक्यबद्धता जनाई उनीहरूमै समाहित हुन थालेका छन् । उनीहरू हिन्दू भएर पनि मरेका गाई वस्तुको मासु खाने गर्दथे, तर हिजो आज त्यो प्रथा हटेको पाइन्छ (पोखरेल, २०६४) ।

दलितहरूका व्यवसाय, सीप, कलाका माध्यमले सिङ्गो समाज टिक्यो, दूर्भाग्यवश त्यस समाजले उनीहरूलाई पशुभन्दा तुच्छ व्यवहार गरी नारकीय जीवन बाँच्नु बाध्य छन् । आर्थिक अधिकारबाट वञ्चित, राजनैतिक रूपमा आवाजबिहिन र सांस्कृतिक रूपमा

अपमानित अछूत रहनु परेकाले दलितहरू हजारौं वर्षदेखि असमावेशी हुन पुगेका छन् (विश्वकर्मा, २०६४) ।

## २.४ सार्की जाति र कानूनी अवस्था

जंग बहादुर राणाको पालामा आएको मुलुकी ऐनले हिन्दू धर्मलाई सामाजिक संरचनाको मूल माध्यमको रूपमा राखी दलितहरूलाई हिन्दू वर्णाश्रमअन्तर्गतको तल्लो जातको रूपमा व्याख्या गरेको छ (मुलुकी ऐन, १९१०) ।

जातिय विभेदको चरम अवस्थामा फसेको देश २०१९ सालसम्म पनि भेद कायम रहेको देखिन्छ । तर २०२० सालको नयाँ मुलुकी ऐनले जातिय विभेदलाई अन्त्य गरी "कसैले कसैलाई जाति पातीका आधारमा भेदभाव गरेमा १ वर्षसम्म कैद वा ३ हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने" व्यवस्था गऱ्यो (नयाँ मुलुकी ऐन, २०२०) ।

हुन त नेपालमा प्रजातन्त्रको स्थापनापश्चात् २००७ सालदेखि नै राज्यले धर्म, जाति, जात, वर्ण, लिङ्ग आदि आधारमा भेदभाव गर्ने छैन भनी तोकेको छ (अन्तरिम संविधान, २००७) ।

नेपालमा बसोबास गर्ने हरेक जात, जाति, धर्म, वर्ण, लिङ्गका आधारमा भेदभावरहित सबैलाई समान दृष्टिकोण राख्ने लोक कल्याणकारी व्यवस्था गरेको छ । नेपाल अधिराज्यको संविधान २०४७ ले कुनै पनि व्यक्तिलाई जातिपातीको आधारमा छुवाछूतको भेदभाव गरिने वा सार्वजनिक स्थलमा उपस्थित हुने वा सार्वजनिक उपयोगका कुराबाट वञ्चित गरिने छैन । यस्तो कार्य दण्डनीय हुनेछ (नेपाल अधिराज्यको संविधान, २०४७) ।

छुवाछूत र जातिय भेदभाव विरुद्धको हकलाई छुट्टै मौलिक हकको रूपमा २०६३ को संविधानले स्थापित गरेको छ । संविधानको मौलिक हक स्थापित गरेको छ । संविधान मौलिक अन्तर्गत "छुवाछूत र जातिय भेदभाव विरुद्धको हक" मा :

क) कुनै पनि व्यक्तिलाई जात, वंश वा पेसाका आधारमा भेदभाव गरिने छैन । यस्तो भेदभाव दण्डनीय हुनेछ र पीडितले कानूनले तोकिएअनुसार क्षतिपूर्ति पाउने छ ।

ख) कुनै पनि व्यक्तिले जात जातिको आधारमा सार्वजनिक प्रयोगमा रहेका सेवा सुविधाहरूबाट वञ्चित गरिने छैन ।

ग) कुनै वस्तु तथा सेवा उत्पादन वा वितरण गर्दा कुनै खास जात जातिलाई मात्रै खरीद गर्न दिइने वा कसैलाई वञ्चित गरिने छैन ।

घ)	कुनै जात जाति वा व्यक्तिलाई न्यायोचित ठहराउने वा जातिय सर्वोच्चता वा घृणामा आधारित विचारको प्रचार-प्रसार गर्ने काम गर्न दिइने छैन ।

ङ)	माथि उल्लेखित विपरीतको कार्य कानूनद्वारा दण्डनीय हुनेछ ।

(नेपालको अन्तरिम संविधान, २०६३)

सबै किसिमका भेदभाव निर्मूल पार्ने अन्तर्राष्ट्रिय महासन्धिको धारा १.१ मा जातीयताका आधारमा आर्थिक, राजनैतिक, सामाजिक तथा सांस्कृतिक वा सार्वजनिक जीवनका वा अन्य कुनै क्षेत्रमा समानरूपले मानवअधिकारको उपयोग गर्नबाट प्रतिबन्ध, बहिष्कार, भेदभावलाई जातीय भेदभावको रूपमा परिभाषित गरेको छ । नेपालको यस महासन्धिमा सन् १९७१ जनवरी ३० मा हस्ताक्षर गरेको छ । यसैगरी नेपालको २०६० असार १२ गतेदेखि छुवाछूत मुद्दालाई फौजदारी मुद्दाको रूपमा समावेस गरेको छ (अन्तराष्ट्रिय महासन्धि, १९६५) ।

यसैगरी २०६२/०६३ सालको आन्दोलन र त्यस अघिका गिरिजाप्रसाद कोइराला र शेरबहादुर देउवाको प्रधानमन्त्रीत्व कालमा विभिन्न सङ्कल्प प्रस्तावहरू छुवाछूत विरुद्धमा पारित भए । सर्वोच्च अदालतले पछिल्लो समयमा छुवाछूत प्रथा विरुद्धमा प्रभावकारी कानूनको निर्माण गरी लागू गर्ने सरकारलाई परमादेश जारी गरेको थियो ।

# अध्याय : तीन
# अनुसन्धान पद्धति

## ३.१ अध्ययन क्षेत्र छनोटको औचित्य

नेपाल राज्यको अधिकांश क्षेत्रका दलित समुदाय छरिएर रहेको अवस्था छ । तसर्थ सार्की जातिको अध्ययन गर्दा एउटा शोध पत्रमा समग्र दलितको बारेमा अध्ययन हुन कठिन पर्न जान्छ । हाल राज्यको पुनसंरचनाको बहस चलेको तथा आयोगसमेत बनिसकेकाले दलितहरूका बेला बखतका आन्दोलनहरूलाई राज्य पक्षले सम्बोधन गर्दै तिनीहरूलाई राज्यको मूलधारमा ल्याउन प्रयत्न भैरहेको अवस्था छ । तसर्थ, बागलुङ जिल्लाको विनामारे गा.वि.स.मा रहेका वडा नं. ९ का दलित (सार्की) समुदायको सामाजिक, सांस्कृतिक, आर्थिक अवस्थालाई समाजशास्त्रीय विश्लेषण गर्न सकिए भोलिका दिनहरूमा उनीहरूको विकासको लागि टेवा पुग्ने देखिन्छ । यसैगरी जिल्लाको दक्षिणी भेग एउटा दुर्गम गाउँ र बस्तीमा बसोबास गर्ने पिछडिएको जातिको अवस्थाबारे हालसम्म कुनै पनि अध्ययन हुन सकिरहेको नदेखिएकोले पनि यस अध्ययनले विशेष  राख्ने आशा लिएको छु ।

## ३.२ अनुसन्धान ढाँचा

यस अध्ययनले सार्की जातिको वास्तविक तथ्यहरूलाई बाहिर ल्याउन सक्ने भएको कारण यस अनुसन्धानको ढाँचा अन्वेषणात्मक र विश्लेषणात्मक खालको छ । यसै ढाँचाको प्रयोग गरी अध्ययन क्षेत्रको समग्र आर्थिक, सामाजिक, सांस्कृतिक पक्षको साथ साथै परिवर्तन र प्रभावहरूको समेत अध्ययन गरिएको छ ।

## ३.३ तथ्याङ्कका स्रोतहरू र प्रकृति

यसमा तथ्याङ्कका स्रोतहरू प्राथमिक तथ्याङ्कलाई बढी जोड दिइएको छ । जसमा अध्ययन क्षेत्रको शैक्षिक, पारिवारिक स्रोत र गा.वि.स.को दलितको जनसङ्ख्या जातिगत अवस्था आदि द्वितीय स्रोतबाट प्राप्त तथ्याङ्क नै हुन् । तथ्याङ्क गुणात्मक र सङ्ख्यात्मक दुवै प्रकारका छन् । यसले गर्दा अध्ययन गुणात्मक र फलदायी भन्ने ठानिएको छ ।

यो अध्ययन बागलुङ जिल्ला, विनामारे ९ का सार्की जातिको भएकाले नमूना विधि भन्दा समग्रविधि अन्तर्गत अवलोकन र अन्तर्वार्ता विधिको आधारमा अध्ययन गरिएको छ । यस वार्डमा सार्की जातिको घर सङ्ख्या २९ रहेको छ । यसमा जम्मा २९ घर धुरी रहकाले जन गणना विधि अवलम्बन गरिएको छ ।

## ३.४ तथ्याङ्क संकलन विधि

### ३.४.१ समग्र र जनसङ्ख्या

अध्ययन क्षेत्र विनामारे गा.वि.स. वडा नं. ९ मा अधिकांश घरधुरी दलित सार्की जातिको भएको जस्मा २९ घर रहेकाले अनुसन्धानको एकाइ पनि समग्र जनसङ्ख्या नै रहेको छ । जसमा पुरुष जनसङ्ख्या ८२ र महिला जनसङ्ख्या ७६ छन् ।

तथ्याङ्क संकलनका तरिका निम्न रहेका छन् :

**क) प्रश्नावली/अनुसूची**

अध्ययनको उद्देश्यलाई प्राप्त गर्न सम्बन्धित वडाका वासिन्दाका घरमूलिलाई (लेखपढ गर्न जान्ने) Questionaire को माध्यमबाट भरपर्दो तथ्य र सूचना रहेको छ ।

**ख) अवलोकन**

सामाजिक अनुसन्धानमा अवलोकन विधि प्रत्यक्ष र प्रभावकारी विधि भएकाले अध्ययन क्षेत्रको अवस्था, सार्वजनिक उपभोग्य वस्तु, रहन सहन, भेषभूषा आदि बारे जानकारी वास्तविक रूपमा लिन सकिन्छ ।

**ग) जनगणना विधि**

यस विधिको प्रयोग गरी अध्ययन क्षेत्रका २९ घर परिवारका २९ जना घरमूलीमा पुरुष ८२ जना र महिला ७६ जना मध्ये १७ जना पुरुष र १२ जना महिला उत्तरदाता हुनेछन् । जातिय छुवाछूत, सामाजिक, आर्थिक, शैक्षिक, जनसङ्ख्या आदि विविध विषयमा सूचना संकलन गरिएको छ ।

**घ) मुख्य सूचनादाता**

अध्ययन क्षेत्रका बासिन्दा र जानकारी राख्ने वा सरोकारवालाहरूसँग औपचारिक र अनौपचारिक रूपमा अन्तर्वार्ता लिइएको छ । तोकिएको ढाँचा र प्रश्नावलीमा आधारित अन्तर्वार्ताले शोधकार्य पूर्ण वास्तविक बन्न सकेको छ भन्ने आशा राखेको छु ।

## ३.५ तथ्याङ्कको प्रस्तुति र विश्लेषण

मानिसका सामाजिक समस्या र बानी ब्यहोरा आदिको अध्ययनको लागि गुणात्मक पद्धति आवश्यक भएकोले यस अध्ययनमा गुणात्मक पद्धति आवश्यक भएकोले यस अध्ययनमा गुणात्मक विश्लेषणलाई जोड दिइएको छ भने तथ्याङ्क संकलन गरिएको हुँदा सङ्ख्यात्मक विधि समेत अपनाइको छ । तसर्थ निम्न बमोजिमका तथ्याङ्क विश्लेषण विधिहरू

सम्पादन, सांकेतिकरण, वर्गिकरण, तालिकीकरण यस अध्ययनमा प्रयोग गरिएको छ ।

## ३.६ शब्दावलीको परिभाषा

यस शोधपत्र लेखनकार्यमा शोधकर्ताले प्रयोगमा ल्याएका विभिन्न शब्दावलीहरूको परिचय र परिभाषा यस प्रकार दिइएको छ ।

**क) हली प्रथा**

वर्षभरि दलित वा अन्य विपन्न वर्गका समुदायले अर्कोको खेतबारी जोती दिने प्रथा ।

**ख) वालीघरे प्रथा**

समाजका उपल्ला जातिहरू वा भूमि मालिकहरूले विपन्न वर्गका मान्छेहरूलाई वर्षभरि आफ्नो खेतवारी जोताएवापत वार्षिक रूपमा एकमुष्ट अन्न दिने प्रथा ।

**ग) वैदेशिक रोजगारी**

भारत वा तेस्रो मुलुकमा गई अर्थ उपार्जनको उद्देश्यले गरिने कार्य ।

**घ) ज्याला मजदूरी**

कृषि, निर्माण, सेवालगायत विभिन्न क्षेत्रमा दैनिक, साप्ताहिक वा मासिक काम गरेवापत ज्याला पाइने गरी गरिने कार्य ।

**चित्र ३**

**अध्ययन क्षेत्रको नक्सा**

# अध्याय : चार

# अध्ययन क्षेत्रको परिचय

## ४.१ बागलुङ जिल्लाको संक्षिप्त परिचय

# अध्याय : चार

# अध्ययन क्षेत्रको परिचय

## ४.१ बागलुङ जिल्लाको संक्षिप्त परिचय

नेपाल एक स्वतन्त्र सार्वभौमिक एवम् भू-परिवेष्टित देश हो । राजनैतिक एवम् प्रशासनिक दृष्टिले १४ अञ्चल, ५ विकास क्षेत्र र ७५ जिल्लामा विभाजन गरिएको छ । नेपालको पश्चिमाञ्चल विकास क्षेत्र, धवलागिरी अञ्चलअन्तर्गत पर्ने दुर्गम पहाडी जिल्लाको रूपमा बागलुङ जिल्लालाई चिनिन्छ । प्रसिद्ध हिम शिखर धवलागिरीको काखमा अवस्थित यो जिल्ला २८[१५' उत्तर देखि २८[३७ ' उत्तर अक्षांश र ८३[००' पूर्व देखि ८३[३६' पूर्व देशान्तर सम्म फैलिएको छ । यस जिल्लाको पूर्वमा पर्वत, पश्चिममा रुकुम, रोल्पा र प्यूठानको केही भाग उत्तरमा म्याग्दी र दक्षिणमा गुल्मी र प्यूठानको केही भाग पर्दछ । कूल १,८२,४६८ हेक्टर क्षे.फ.मा फैलिएको यस जिल्लाको आकार नेपालकै नक्शा जस्तो देखिन्छ । राजनैतिक आधारमा तीनओटा निर्वाचन क्षेत्र र १३ ओटा इलाका, एक ओटा नगरपालिका र ५९ ओटा गा.वि.स. रहेका छन् । (स्रोत : जि.वि.स. बागलुङ)

बागलुङ जिल्लाको सदरमुकाम सुन्दर नगरी बागलुङ नामकरण हुनुमा ऐतिहासिक प्रमाण र किंवदन्ती पाइन्छ । 'बाघ' प्राचीन खस भाषा हो । यसको अर्थ बाघ र लुङको अर्थ लस्कर वा ताँती भन्ने हुन्छ । त्यस समयमा बाघहरूको लस्कर लाग्ने थलो भएकोले यस ठाउँको नाम "बाघलुङ" बाट अपभ्रंश भई बागलुङ रहन गएको हो भन्ने लोकोक्ति पाइन्छ । (स्रोत : सजिविका ०५३, जि.वि.स.बागलुङ) ।

### ४.१.१. जलवायु

जलवायुको दृष्टिले हेर्ने हो भने यस जिल्लाको उत्तरतिर धवलागिरी हिम शिखर पर्ने भएकाले चिसो हावापानी बढी पाइन्छ । समुन्द्री सतहबाट ९०० देखि ४६९० मिटर सम्म उचाइका भू-भागहरू पाइने हुँदा यस जिल्लाको हावापानी शीतोष्ण, समशीतोष्ण, ठन्डा शीतोष्ण, लेकाली र हिमाली किसिमको छ । वार्षिक सरदर वर्षा २२०० मि.मि. सम्म हुन्छ भने वार्षिक न्यूनतम वर्षा १०.९ मि.मि. सम्म रेकर्ड गरिएको छ । यहाँको अधिकतम

तापक्रम ३५.५[ सेन्टिग्रेड सम्म देखिन्छ । कूल क्षे.फ. मध्ये ४६४३६ हे. वा २५.४५% खेतीयोग्य जमिन रहेको छ ।

### ४.१.२ बागलुङ जिल्ला विनामारे गा.वि.स. वडा नं. ९ का सार्की जातिहरूको संक्षिप्त परिचय

परापूर्वकालदेखि नै उत्पत्तिको आधारमा सार्की जाति आर्यहरूको एक हिस्साको रूपमा रहँदै आएको कुरा धर्म ग्रन्थ, किंवदन्ती एवम् ऐतिहासिक शिलालेखहरूबाट प्रमाणित हुँदै आएका छन् । समाजका उपल्ला जाति बाहुन, क्षत्रीहरूले आफू बसोवास गर्ने ठाउँमा दलितहरूलाई पनि सँगसँगै बसोवास गराएको देखिन्छ । यसले ती जातिहरू बाहुन क्षत्रीका विभिन्न काममा सहयोगको रूपमा रहँदै आएको देखिन्छ । यस क्षेत्रका सार्कीहरू कहिलेदेखि यस ठाउँमा  बसोवास गरे भन्ने यकिन तथ्याङ्क नभए तापनि यहाँका स्थानीय वासिन्दा ८० वर्षीय शशीधर नेपालीका भनाइ अनुसार धेरै पहिलादेखि नै आफ्ना जिजूहरू यस ठाउँमा बसोबास गर्दै आएको बताए ।

### ४.१.३. सामाजिक, सांस्कृतिक सम्पदा

नेपाल राज्य जस्तै यस जिल्ला पनि धार्मिक एवम् सांस्कृतिक दृष्टिले धनी जिल्लाको रूपमा परिचित छ । विभिन्न जात जाति एवम् भाषाभाषीहरूको बीचको पारस्परिक सम्बन्धमा ब्राह्मण, क्षत्री, मगर, नेवार, दलित (सार्की, दमै, कामी) र मुस्लिम आदिको वसोवास क्षेत्र रहेको यस जिल्लाको संस्कृति रीति रिवाज, सामाजिक मूल्य मान्यता जात अनुसार फरक-फरक रहेको पाइन्छ भने धार्मिक दृष्टिले हिन्दू, बौद्ध, मुश्लिम र क्रिश्चियन धर्म मान्ने गर्दछन् ।

यहाँ बसोवास गर्ने मानिसहरू मुख्यतः नेपाली भाषाका साथै नेवारी, थकाली, तामाङ, मगर   भाषा पनि बोल्ने गर्दछन् । यस जिल्लाको साक्षरता प्रतिशत ४२.४% रहेको छ भने त्यसमा महिला २७.५% र पुरुष ५७.२३% रहेका छन् । यस जिल्लाका महत्त्वपूर्ण धार्मिक स्थलहरूमा कालिका भगवती मन्दिर, भैरव मन्दिर, जैमिनीघाट शिव मन्दिर, ढोरपाटन ताल वराह मन्दिर, रामकोट मन्दिर, सत्यवती मन्दिर, माइको स्थान मन्दिर आदिछन् । यस जिल्लामा मनाउँदै आएका मुख्य पर्वहरूमा दशैं, तिहार, माघे संक्रान्ति, तीज, चैत्राष्टमी, रामनवमी, बालाचतुर्दशी, ठूली एकादशी तथा न्वागी मेला आदि पर्दछन् ।

### ४.१.४ सामाजिक अवस्था

सार्की जातिहरूले आफ्नो जाति र संस्कारका कुराहरूलाई जोगाइराखेको पाइन्छ । यस गा.वि.स.मा बसोवासका दृष्टिले मिश्रित खालको बसाइ रहेकाले यिनीहरूको सम्बन्ध विशेष गरी बाहुन क्षत्री र मगर जातिहरूसँग नजिक रहेको पाइन्छ । यस वडामा रहेका सार्कीहरू, आफ्ना जातिभत्रका घरहरू बीच अत्यन्त निकट सम्बन्ध रहेको देखिन्छ । यिनीहरूले आफ्नो थर नेपाली नै बताउँदछन् । यिनीहरू जन्म, विवाह, मृत्यु संस्कार आदिमा सामूहिक रूपले सहभागी हुन्छन् । त्यसै गरी रमाइलो मनाउने चाडपर्वहरूमा सामूहिकरूपमा भेला हुने, जाँड रक्सीहरू सेवन गर्ने गर्दछन् । यस्ता सामूहिक कार्यहरू गर्नका लागि यिनीहरूको बीचमा एउटा कोषको व्यवस्था गरिएको छ । यस कोषबाट यस्ता सामाजिक कार्यहरूमा निश्चित रकम सहयोग स्वरूप दिने र पछाडि अनुकूल अवस्थामा फिर्ता लिने गर्दछन् । त्यस्तै आफ्नो जातिभित्र कसैलाई कुनै समस्या पऱ्यो भने आफूसक्दो सहयोग दिने परिपाटी अत्यन्तै राम्रो मानिन्छ । अन्य जातिहरूसँग सम्बन्ध, आर्थिक लेनदेन, मेला पर्म आदि दृष्टिले यो जाति अत्यन्त मिलनसार र सहयोगीका रूपमा देखिन्छ । सामाजिक संघ संस्थाहरू वन  उपभोक्ता समिति, बाल क्लब, आमा समूह, खाने पानी उपभोक्ता समितिमा अन्य जातिसँग भावनात्मक सम्बन्ध विस्तार गरी सामाजिक रूपमा कार्य सम्पन्न गर्ने र प्राप्त सुविधा उपयोग गर्दै सहभागी हुँदै आएका छन् ।

### ४.१.५. जनसङ्ख्या

यस जिल्लामा बाहुन, क्षत्री, नेवार, मगर, गुरुङ, दलित (सार्की, दमै, कामी ) कुमाल, गिरी,पुरी, बोटे, ठकुरी, कुवँर, मुश्लिम आदि विभिन्न जात-जातिहरू बसोवास गर्दछन् । यस जिल्लाको कूल जनसङ्ख्या ३,१८,५९४  छ भने त्यसमध्ये १,५८,५९३  (४९.७८%) पुरुष र १६०००१ (५०.२२%) महिला रहेका छन् । पेशागत बनोटलाई हेर्दा कूल जनसङ्ख्याको २७०८०४ (८५%) कृषिमा, ३१८५९.४० (१०%) नोकरी र १५९२९.७० (२५%) अन्य पेशामा रहेका छन् (स्रोत : जि.वि.स.बागलुङ, २०६५) ।

जिल्लाको कूल क्षे.फ. मध्ये ९८०४६ हेक्टर (५३.७३%) वन क्षेत्र, १५.५१% चरन क्षेत्र, २.८% नदी नाला रहेको छ । वन क्षेत्रलाई कोणधारी वन, चौडापाते वन, मिश्रित वन र झाडी वन गरी छुट्याइएको छ । जिल्लामा पाइने प्रमुख जडीबुटी एवम् वनजन्य उत्पादनमा कागज, केतुकीको लोक्ता, अल्लो, काफल, जिम्मु, धतुरो, बोझो, टिमुर, असुरो

आदि छन् भने जनावरमा बाघ, भालु, चितुवा,  रतुवा, नाउर, झारल, बाँदर बनेल, स्याल आदि पर्दछन् ।

जनगणना २०५८ अनुसार नेपालको जातिगत विवरण यस प्रकार छ :

१. क्षत्री : १५.८०%

२. बाहुन : १२.७४%

३. मगर : ७.१४%

४. थारु : ६.७४%

५. नेवार : ५.४८%

६. कामी : ३.९४%

७. सार्की : १.४१%

८. अन्य : ४६.७५%

**तालिका नं. ४.१**

**वागलुङ जिल्लाको जातिगत विवरण**

| जाति | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|
| मगर | ८९९०८ | २८.२२ |
| बाहुन | ७४९०२ | २३.५१ |
| क्षत्री | ५८९७२ | १८.५१ |
| कामी | ४०१४२ | १२.६० |
| सार्की | १४१४६ | ४.४४ |
| दमै | १२४८८ | ३.९२ |
| ठकुरी | ५६०७ | १.७६ |
| नेवार | ४२३८ | १.३३ |
| गुरुङ | २०३५७ | ०.७४ |
| थकाली | १६८८ | ०.५३ |
| अन्य | १४१४० | ४.४४ |
| जम्मा | ३,१८,५९४ | १०० |

तालिकानुसार सबैभन्दा बढी जनसङ्ख्या जनजातिको र सबैभन्दा कम जनसङ्ख्या थकालीको रहेको छ ।

यस गा.वि.स.मा बसोवास गर्ने जात जातिहरू ब्राह्मण, क्षत्री, मगर, सार्की, दमै, कामी, नेवार  माझी, गिरी, पुरी आदि रहेका छन् । यस गा.वि.स.को कूल घरसङ्ख्या ५५३ र जनसङ्ख्या २३८६ मध्ये पुरुष १०७६ र महिला १३१० रहेका छन् ।

**तालिका नं. ४.२**

**विनामारे गा.वि.स.को जातिगत विवरण**

| जाति | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|
| बाहुन | १०८३ | ४५.३९ |
| क्षत्री | ४५३ | १८.९९ |
| मगर | १७७ | ७.४१८ |
| सार्की | २७५ | ११.५३ |
| कामी | १२० | ५.०२९ |
| दमै | १५० | ६.२८७ |
| अन्य | १२८ | ५.३६५ |
| जम्मा | २३८६ | १०० |

शूद्र जातिमा पर्ने पानी नचल्ने, छोइछिटो हाल्नु पर्ने विभिन्न जातिमध्ये सार्की एक जाति हो । यस जातिको जनसङ्ख्या कुन समयमा कति थियो भन्ने यकिन तथ्याङ्क थाहा छैन तर २०५८ सालको जनगणनाअनुसार नेपालभरि सार्कीको जनसङ्ख्या ३,१८,९८९ छ । जुन नेपालको कूल जनसङ्ख्याको १.४% मात्र हो । यसरी बागलुङ जिल्लाको जनसङ्ख्या १,४१,४६५ जुन बागलुङ जिल्लाको कूल जनसङ्ख्याको ४.४४% मात्र छ । विनामारेको जनसङ्ख्या करिव २४०० मा यिनीहरूको जनसङ्ख्या २७५ मध्ये यस वडामा यिनीहरूको कूल जनसङ्ख्या १५८ रहेको छ । जसमध्ये महिला ७६ र पुरुष ८२ छ । यसरी जनसङ्ख्याको हिसाबले न्यून सङ्ख्यामा रहेको सार्की जातिको आर्थिक सामाजिक शैक्षिक विकास नहुनुमा उनीहरूको राजनैतिक पहुँच नहुनु तथा योजना र नीति निर्माणमा न्यून उपस्थितिले यिनीहरूमा सामाजिक हीनताबोध र विभेदले ग्रसित छन् ।

**तालिका नं. ४.३**

**छनौट क्षेत्रमा उत्तरदाताहरूको जनसंख्या**

| उमेर समूह | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ०-५ | ८ | ५.०६ | १२ | ७.६० | २० | १२.६६ | |
| ६-१५ | २२ | १३.९२ | १८ | ११.३९ | ४० | २५.३१ | |
| १६-४५ | ३९ | २४.६८ | ३१ | १९.६२ | ७० | ४४.३० | |
| ४६-५९ | ६ | ३.८० | ९ | ५.७० | १५ | ९.५० | |
| ६० भन्दा माथि | ७ | ४.४३ | ६ | ३.८० | १३ | ८.२३ | |
| जम्मा | ८२ | ५१.८९ | ७६ | ४८.११ | १५८ | १०० | |

स्रोत स्थलगत सर्वेक्षण : २०६८ ।

माथिको तालिकाअनुसार ५ वर्ष सम्मको कूल जनसङ्ख्या १२.६६%, ६ देखि १५ वर्ष सम्मको २५.३१%, १६ देखि ४५ वर्ष सम्मको ४४.३३% तथा ४६ देखि ५९ सम्मको जनसङ्ख्या ९.५ % हुनुले सक्रिय जनसङ्ख्या बढी देखिन्छ । यसले यो समुदाय आर्थिक उन्नतितर्फ उन्मुख भएको पनि पुष्टि गर्दछ ।

### ४.१.६. पेशा/रोजगार

यस जिल्लाका मानिसहरूको मुख्य पेशा कृषि भएता पनि नोकरी व्यापार, वैदेशिक रोजगारको लागि विदेश जाने गर्दछन् । विदेशी मुलुक भारत र खाडी मुलुकदेखि लिएर अन्य मुलुकहरूमा रोजगारीका लागि जाने क्रम बढ्दो छ । विदेशी मुद्राका कारणले यहाँका मानिसहरूको आयस्तर बढ्नुको साथै राष्ट्रिय आयमा समेत वैदेशिक मुद्राले महत्त्वपूर्ण भूमिका खेलेको विभिन्न तथ्याङ्कहरूले देखाउँदछन् ।

### ४.१.७. यातायात/सञ्चार/विद्युत्

यस जिल्लाको पश्चिमतर्फ सदरमुकामदेखि बुर्तिबाङसम्म जोड्ने १०५ कि.मी. कच्ची बाटो सञ्चालन भैरहेको छ । त्यस्तै दक्षिणतर्फ कुश्मिसेरासम्म २१ कि.मी. कच्ची

बाटो सञ्चालित छ । कुश्मिसेराबाट विनामारे हुँदै दक्षिणतर्फ अर्जेवा, जैदी, छिस्ती र राङ्खानीसम्म जाने कच्ची बाटोसमेत सञ्चालन हुँदै आइरहेको छ । विद्युत् सेवा अन्तरगत आधाभन्दा बढी गा.वि.स.मा लघु ऊर्जा तथा केन्द्रीय ग्रिडबाट विजुली बत्ती बाल्न सकिरहेका छन् । सञ्चारतर्फ १ जिल्ला हुलाक १३ इलाका हुलाक र ४८ अतिरिक्त हुलाक सञ्चालित छन् । सञ्चारको आधुनिक साधन CDMA तथा ल्याण्ड लाइन र मोवाइल ग्रामीण क्षेत्रसम्म नै प्रशस्तै सञ्चालनमा आइरहेका छन् ।

## ४.२ विनामारे गा.वि.स.को परिचय

बागलुङ जिल्लाको सदरमुकामबाट २६ कि.मी. पैदल दूरी दक्षिणमा अवस्थित विनामारे गा.वि.स.को. विनामारे नाम नामकरण किन भयो भन्ने बारेमा खोज अनुसन्धान गरिंदा धेरै पाको उमेरका मानिसहरूको भनाइ अनुसार धेरै वर्ष पहिले, अहिले खास विनामारे भनेर चिनिने ठाउँ जहाँ त्यस स्थानमा धेरै बाक्लो जंगल थियो । जंगलमा जंगली जनावरहरू बस्ने गर्दथे । त्यहाँ शिकार खेल्ने क्रममा नै कुनै दिन कस्तुरी मृग - जसलाई विना पनि भनिन्छ) को शिकार गरी मारिएको हुनाले त्यही स्थानलाई तोकेर विनामारे भनेर चिनिन थाल्यो । त्यस स्थानको जंगल विनास हुँदै जाँदा मानिसको वस्ती घना बन्न थाल्यो । त्यही नै गाउँको केन्द्र बन्यो, विद्यालय, गा.वि.स. भवन ग्रामीण क्षेत्रका कार्यालयहरू सबै अवस्थित हुँदा त्यही ठाउँकै नामबाट गा.वि.स.को नामकरण भएको कुरा परिपक्व वृद्ध र विद्वान् बुद्धिजीवीको मत रहेको छ । पञ्चायतकालभन्दा पहिले यस गाउँलाई मल्याङ भनेर चिनिने गरेको कुरा पनि छ । अहिले यदाकदा बूढापाकाहरू मल्याङ् भनेर नै भन्दछन् । गल्कोटको गल्याङ् र थन्थापको मल्याङ् भन्ने कहावत अहिले पनि चलन चल्तीमा छ । काली (कृष्ण) गण्डकीको वायाँ किनारमा अवस्थित यस विनामारे गा.वि.स. प्राकृतिक सौन्दर्यले सजिएको अति मनोरम गाउँ हो । यहाँबाट हिमश्रृङ्खलाका दृश्यहरू प्राय: सबै स्थानबाट देख्न सकिन्छ । जमीनको बनोटको आधारमा उत्तरपूर्वतर्फ ढल्केको यो गाउँ न्यानो र रम्य छ । यस जिल्लाको दक्षिण भेकमा पर्ने गा.वि.स. हो । यसको कूल क्षेत्रफल ८५० हेक्टर छ । समून्द्र सतहबाट करिव ९५० देखि १६५० मिटर सम्मको उचाइ भएको यहाँको भू-बनोट भिरालो प्रकारको छ । उष्ण तथा समशीतोष्ण हावापानी पाइन्छ । यस गा.वि.स.को पूर्वमा कालीगण्डकी नदी, पश्चिममा सर्कुवा गा.वि.स. उत्तरमा कुश्मिसेरा गा.वि.स. र सीमामा बग्ने ठेउले खोला र दक्षिणमा अर्जेवा गा.वि.स. पर्दछन् । यस

गा.वि.स.को केन्द्रबाट गा.वि.स.को करिव १ घण्टामा गा.वि.स.को सबै स्थानमा पुग्न सकिन्छ । धेरै जसो बस्तीहरू सम्म परेको स्थानमा रहेका छन् । पहाडी क्षेत्र भए पनि समथर भिरालो भएकाले बाढी पहिरोको खतरा कम छ । दक्षिणको भेग केही बढी भिरालो छ ।

**तालिका नं. ४.४ : विनामारे गा.वि.स.को खाद्यान्नको अवस्थासम्बन्धी विवरण**

| वार्ड नं. | जम्मा परिवार सख्या | आफ्नो उत्पादनबाट खान पुग्ने परिवार | | | | | | | | आफ्नो उत्पादनले खान पुगेर बेच बिखन गर्ने परिवार | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ३ महिनासम्म | | ३ - ६ महिनासम्म | | ६ - ९ महिनासम्म | | ९ - १२ महिनासम्म | | | |
| | सङ्ख्या | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | ८६ | १७ | १९.७६ | २२ | २५.५८ | २२ | २५.५८ | २१ | २४.४१ | ४ | ४.६५ |
| २ | ५६ | ३ | ५.३५ | १२ | २१.४२ | १८ | ३२.१४ | ११ | १९.६४ | १२ | २१.४२ |
| ३ | ५५ | ६ | १०.९० | १४ | २५.४५ | १६ | २९.०९ | ९ | १६.३६ | १० | १८.१८ |
| ४ | १०९ | २१ | १९.२६ | २९ | २६.६० | २५ | २२.९३ | ३२ | २९.३५ | २ | १.८३ |
| ५ | ९० | ३८ | ४२.२२ | २२ | २४.४४ | १८ | २० | ९ | १० | ३ | ३.३३ |
| ६ | ४६ | २० | ४३.४७ | १५ | ३२.६० | ९ | १९.५६ | २ | ४.३४ | | ० |
| ७ | ८७ | ४७ | ५४.०२ | २२ | २५.२८ | ११ | १२.६४ | ७ | ८.०४ | | ० |
| ८ | ६४ | २९ | ४५.३१ | १८ | २८.१२ | १२ | १८.७५ | ५ | ७.८१ | | ० |
| ९ | ५८ | २९ | ५० | १८ | ३१.०३ | ८ | १३.७९ | ३ | ५.१७ | | ० |
| जम्मा | ६५१ | २१० | ३२.२५ | १७२ | २६.४२ | १३९ | २१.३५ | ९९ | १५.२० | ३१ | ४.७६ |

स्रोत : गा.वि.स. प्रोफाइल, २०६६ ।

यस गा.वि.स.मा करिव ६८% खेतीयोग्य भू-भाग रहेको छ । यहाँको कूल जनसङ्ख्या करिव २३८६ मध्ये महिला १३१० र पुरुष १०७६ रहेको छ । यस गा.वि.स.को साक्षरता ८०% मध्ये पुरुष ९१% र महिला ७०% रहेको छ (स्रोत : जन गणना २०६८, गणकबाट) ।

यस अध्ययनको क्षेत्र विनामारे गा.वि.स. वडा नं.९, विनामारे गा.वि.स.को करिव करिव मध्य भाग देखि केही मिटरमाथि अवस्थित रहेको छ । यस वडामा वाहुन, क्षत्री र अन्य जातिको बसोवास रहेता पनि सार्की जातिको बाहुल्य रहेको छ । यहाँको कूल घरसङ्ख्या ५८ र परिवार सङ्ख्या ६० तथा जनसङ्ख्या २९१ मध्ये महिला १६४ र पुरुष

१२७ रहेका छन् । यस वडाको साक्षरता ७०% मध्ये महिला साक्षरता ६०% र पुरुष साक्षरता ८२% रहेको छ । कालीगण्डकी देखि सर्कुवासम्म पुग्ने ठाडो मोटरबाटो यसै वडा भएर माथिसम्म पुगेको  छ । यहाँका मानिसहरू रोजगारीका लागि स्वदेश, विदेश र खाडी मुलुकहरूमा पुगेका छन् । यस वडामा एउटा प्रा.वि. स्कूल र एउटा प्रारम्भिक बाल विकास केन्द्र रहेको छ ।

**तालिका नं. ४.५**

**विनामारे गा.वि.स. वडा नं. ९ को जातिगत विवरण**

| जाति | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|
| बाहुन | ३६ | १२.३७ |
| क्षत्री | ६२ | २१.३० |
| सार्की | १५८ | ५४.२९ |
| अन्य | ३५ | १५.४६ |
| जम्मा | २९१ | १०० |

**चार्ट नं. ४.१.**

**विनामारे वडा नं. ९ को जातिगत विवरण**

चित्र नं. ४

विनामारे गा.वि.स. को नक्सा

## २.१. पेशा /रोजगारी

यस गा.वि.स.मा ९ ओटा वडामध्ये वडा नं. १,२,३,४ र ५ मा बाहुन क्षत्रीको बाहुल्य छ भने ६,७,८र ९ मा दलित सार्की, दमै, कामीको बसोवास रहेको छ भने वडा नं. ८ मा केही मगर जातिका मान्छेमा बसोबास रहेको छ। गा.वि.स.को कूल जनसङ्ख्या मध्ये धेरैजसो जनसङ्ख्या कृषिमा आश्रित देखिन्छ । यसका अलावा अन्य व्यावसायमा वैदेशिक रोजगारी, नेपाल भित्रै नोकरी, डकर्मी, सिकर्मी तथा बन्द व्यापार मुख्य रूपमा अँगालेका पेशाहरू हुन् ।

## तालिका नं. ४.६
## विनामारे गा.वि.स.को वार्षिक खर्च एवं बचत

| वडा नं. | वर्ष भरिको सबै आम्दानी खानपिन एवं लत्ता कपडामा खर्च हुने परिवार सङ्ख्या | वर्षभरिको आम्दानीको ७० % खानपिनमा खर्च हुने परिवार सङ्ख्या | वर्षभरिको आम्दानीको ५०-६९% खानपिनमा खर्च हुने परिवार सङ्ख्या | वर्षभरिको आम्दानीको ३०-४९% खानपिनमा खर्च हुने परिवार सङ्ख्या | प्रतिव्यक्ति प्रति वर्ष १५० यू. एस. डलर सम्म आम्दानी हुने परिवार सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | १७ | २२ | २२ | २५ | |
| २ | ३ | १२ | १८ | २३ | |
| ३ | ६ | १४ | १६ | १९ | |
| ४ | २१ | २९ | २५ | ३४ | |
| ५ | ३८ | २२ | १८ | १२ | |
| ६ | २० | १५ | ९ | २ | |
| ७ | ४७ | २२ | ११ | ७ | |
| ८ | २९ | १८ | १२ | ५ | |
| ९ | २९ | १८ | ८ | ३ | |
| जम्मा | २१० | १७२ | १३९ | १३० | |

स्रोत : गा.वि.स. प्रोफाइल २०६६ ।

### ४.२.२. महिलाको अवस्था

हाम्रो समाज पितृसत्तात्मक समाज भएकाले हरेक क्षेत्रमा पुरुषको प्रभुत्व रहेको पाइन्छ । सार्की जातिको परिवारमा प्राय: घरमूली वैदेशिक रोजगारमा जाने भएकाले त्यस परिवारको सम्पूर्ण जिम्मा महिलामा नै रहेको पाइन्छ । सार्की जाति समुदाय पनि पुरुष प्रधान भएकाले पैतृक सम्पत्तिमाथि छोराको एकाधिकार हुनु स्वाभाविकै हो भने छोराका तुलनामा छोरीले घरको काम बढी गर्नुपर्ने सत्यता पनि आजसम्म रहेको छ । तुलनात्मक रूपमा बाहुन क्षेत्री मगर समुदायमा भन्दा अछूत जातिय समाजमा महिलाहरूमाथि हुने

भेदभाव र महिला हिंसाका घटना बढी मात्रामा भएको विभिन्न अन्य अनुसन्धानबाट पनि प्रष्ट हुँदै आएका छन् । अध्ययन क्षेत्रका सार्की जातिका बाबुबाजेहरू जुत्ता सिउने, हलो जोत्ने, भारी बोक्ने तथा तल्लो स्तरको ज्याला मजदूरी गर्ने गर्दथे । उनीहरूका महिलाहरू यदाकदा मात्रै घरबाहिरको काममा सरिक हुने बढीजसो घरमै बिताउने गर्नाले उनीहरूको आर्थिक गतिविधि न्यून स्तरको रहेको थियो । तर हालका दिनहरूमा उनीहरूका छोरा नाति अर्थात् अहिलेको पुस्ता डकर्मी, सिकर्मी तथा वैदेशिक रोजगारीमा संलग्न भएकाले घरमा पारिवारिक बन्दोबस्त र व्यवस्थापन गर्ने जिम्मा उनीहरूका महिलाहरूले गर्दछन् । यसकारण यस पुस्ताका महिलाहरूको परिवारमा निर्णय क्षमता तथा आर्थिक हैसियत उच्च स्तरको रहेको स्थलगत सर्वेक्षणबाट देखिन आउँछ । यस अतिरिक्त महिलाहरू सामान्य घरायसी कामकाजको साथै हाँस, कुखुरा, परेवा पाल्ने र बङ्गुर पालन जस्ता आर्थिक दृष्टिले महत्त्वपूर्ण ठानिएका कामहरूमा संलग्न हुँदै आएका छन् ।

ज्याला मजदूरी तथा मेलापातका कतिपय कामहरूमा महिला पुरुषको बराबरी सहभागिता हुने गरेको छ । निर्णय प्रक्रियामा पनि महिलाहरूको संलग्नता बढी देखिन्छ । पुरुषहरू वैदेशिक रोजगारमा संलग्न भएकाले घरपरिवार चलाउने तथा सामान्य पारिवारिक बन्दोबस्त गर्ने काममा पुरुषहरूभन्दा महिलाहरू नै अगाडि देखिन्छन् । खेतीपाती गर्ने सम्बन्धमा कुन बाली लगाउने ? कति मल प्रयोग गर्ने ? घरगोठ कस्तो बनाउने ? कस्ता पशुवस्तु पाल्ने ? आदि कुराहरूमा महिलाहरूको निर्णय सर्वोपरि नै हुन्छ । धार्मिक तथा सामाजिक क्रियाकलापमा पुरुषसरह महिलाहरूको पनि समान सहभागिता रहेको पाइन्छ । श्रीमान श्रीमतीबीचमा परस्परमा तिमी शव्दले सम्बोधन गरी बोलाउने प्रचलन रहेको पाइन्छ । नकारात्मक नै भए पनि धुमपान र मद्यपान सेवन गर्ने तथा कहिले काहीँ झै-झगडा र कुटपिट गर्ने घटनाहरूपनि यस समुदायमा घट्ने गर्दछन् ।

पुरुष र महिलाहरूको काम गरेको पारिश्रमिक दर करिब करिब आधा जति नै फरक देखिन्छ । पुरुषले ज्याला मजदूरीबापत दैनिक ३००/- पाउँछन् भने महिलाले १५०/- मात्र पाउँछन् । त्यस्तै गाउँमा सञ्चालित विभिन्न संघ संस्थाहरूमा महिला सहभागिता पहिलाको भन्दा तुलनात्मक रूपले बढ्दै गएको देखिन्छ ।

### ४.२.३. सामाजिक र राजनैतिक चेतना

हाम्रो समाजमा धर्म, जाति, वर्ण, लिङ्ग, पद, पेशा, आदिको आधारमा भेदभाव गर्ने प्रचलन आजको २१औं शताव्दीमा आइपुग्दा पनि पूरै हटिसकेको छैन । अवसर पाउने वर्गले अवसरबाट वञ्चित वर्गमाथि शोषण गर्ने क्रम जारी छ । हरेक क्षेत्रमा फैलिएको यस असमानताको शिकारबाट सार्की जाति पनि बच्न सकेका छैनन् । शिक्षा र चेतनाको अभावले लामो समयदेखि थिचिएका सार्कीहरू समाजका उपल्ला जातिका मानिसहरूसँग अझै धक फुकाएर बोल्न डराउँदछन् । उनीहरू भित्र पनि कैयौं कुरीति र सामाजिक विसङ्गतिहरू रहेको कारण आफूलाई हेयको दृष्टिबाट हेर्ने परम्परा अझै रहेको त्यहाँका सार्की समुदाय बताउँछन् । यसरी एकातिर रूढिबादी संस्कारले पिल्सिएका छन् भने अर्कोतिर आधुनिकता र विकास कार्यबाट उनीहरूको हित समेट्न सकेको छैन । विरामी हुँदा धामीझाँक्रीलाई देखाउने, बली दिने, भाकल गर्ने, झारफुक गर्ने परम्परा पनि यथावत् नै रहेको देखिन्छ । यस जातिको स्वामित्वमा जग्गा कम रहेको छ । त्यसैले कतिपय परिवारले अरूको जग्गा पनि कमाउने गरेका छन् । तर यो क्रम पछिल्ला समयहरूमा निकै कम भएको छ । समाजमा छुवाछूतको भावनाले गर्दा उपल्ला जातिको घरभित्र प्रवेश निषेध छ । उनीहरूको घरमा खाना खाँदा जूठो भाँडा आँफै माझ्नु पर्ने हुन्छ । तर शहर बजारका होटलहरूमा यो प्रथा हटिसकेको छ । आधुनिकता र चेतनाको विकासले युवा समुदायमा अस्थायी परिवार नियोजनबाट जन्मान्तर कायम गर्ने तथा एकल परिवारप्रतिको मोह बढ्दै गएको पाइन्छ । उनीहरूको भनाइअनुसार जतिसुकै छोरी भएता पनि छोरा नभए कूलको नाश हुन्छ । छोरा भए आफ्नो मृत्युपछि सम्पत्ति जिम्मा लगाउन पाइन्छ र बुढेसकालको सहारा पनि छोरा नै हो भन्ने विश्वास कायम छ ।

यस जातिको राजनैतिक चेतनाको कुरा गर्दा कुनै न कुनै रूपमा राजनीतिमा संलग्न रहँदै आएको पाइन्छ । सोझा सिधा सार्कीहरूको राजनैतिक संलग्नता स्वतःस्फूर्त रूपमा भन्दा पनि स्थानीय ठूलाठालु र टाँठा बाठाहरूले आफ्नो राजनैतिक दाउपेचको जोड घटाउमा उनीहरूलाई प्रयोग गर्दै आएका देखिन्छन् । पञ्चायती कालदेखि हालसम्म विभिन्न राजनैतिक मोर्चाहरूमा संलग्न भएता पनि वडाअध्यक्ष भन्दा ठूलो पदमा उनीहरूको प्रतिनिधित्व भएको देखिएन । देशमा बहुदलीय व्यवस्थाको पुनःस्थापना पछि राजनैतिक चेतना केही बढेको देखिन्छ । यस जातिमा २०५५ सालदेखि पछाडि वामपन्थी

राजनीतितर्फको आकर्षण विस्तारै बढ्दै गएको देखिन्छ । स्थानीय स्तरदेखि नै राजनीतिमा सहभागी हुनु र आफ्नो हैसियत खोज्नु प्रजातन्त्रको लागि सकारात्मक पक्ष भएको मानिन्छ ।

## ४.३. सांस्कृतिक अवस्था

हाम्रो देशका हरेक जातिले आफ्नो धर्म संस्कृति रीति रिवाज परंपरा अनुसार विभिन्न चाडपर्व मनाउने गर्छन् । यसै कारण यहाँका सार्की जातिहरूले पनि मनाउने मुख्य पर्वहरू दशैं, तिहार, तीज, फागु पूर्णिमा, माघे सक्रान्ति आदि मनाउने गरेको पाइन्छ । जो बहुसंख्यक हिन्दू उपल्ला जातिहरूले पनि मनाउने गर्दछन्, तर समाजका अन्य तागाधारी जातिहरूले सार्की जातिलाई हिन्दू धर्म मान्ने हुन् भनेर सोच्न हिच्किच्याउँछन् । यिनीहरूले पुरेतको रूपमा आफ्ना भान्जाहरूलाई मान्छन् । विवाह व्रतबन्धमा लगन जुराएर भान्जालाई पुरोहित बनाई कर्म गर्दछन् । यिनीहरूले बडादशैंको महाष्टमीका दिन राँगो, बोको, कुखुरा बली दिने गर्दछन् । यसबाट आफ्ना कूल देवता इष्ट देवता खुसी भएको मान्दछन् ।

### ४.३.१. प्रमुख देवी देवताहरू

यस अध्ययन क्षेत्रका सार्कीहरूले हिन्दू धर्म मान्ने भएकाले हिन्दू धर्म मान्नेहरूले मान्ने देवताहरू नै आफ्ना इष्ट देवताको रूपमा पूजा गर्छन् । यिनीहरूले विशेष गरी काली माईको पूजा, झाँक्रीको पूजा, नागको पूजा गरी भेंडा र पञ्चबली चढाउने गरेको पाइन्छ । यी जातिहरू हिन्दू धर्म मान्ने भए तापनि उपल्ला जातिका मठमन्दिरहरूमा प्रवेश गर्न पाउँदैनन् त्यसले गर्दा बेला-बेलामा सामाजिक द्वन्द्व र झै-झगडा हुने गर्दछ ।

#### ४.३.१.१. कुल देवताको पूजा

यिनीहरूले कूल देवताको पूजा गर्दछन् । उक्त पूजा तीन/तीन वर्षमा हुने गर्दछ । कुलपूजाको अघिल्लो दिन घर सफा गर्ने, नुहाउने, कपडा चोखा राख्ने काम गर्दछन् । कुल देवताको पूजामा पीठोको रोटी र कुखुरा बली दिने गर्दछन् । हाल प्रत्येक घरबाट आफ्नो मेडो (बली दिने वस्तु) ल्याउने र पालै पालो बली दिने काम गर्दछन् । हालका दिनहरूमा बोका बली दिने र छोरी, ज्वाईं, भान्जाभान्जी, आफन्त इष्टमित्रलाई निमन्त्रणा गर्ने गर्दछन् ।

### ४.३.१.२. नाग देवताको पूजा

समाजका अन्य जातिले सरह यिनीहरूले पनि श्रावण महिनाको नागपञ्चमीका दिन नाग देवताको पूजा गर्दछन् । घर परिवार र चौपायाहरू विरामी पर्दा नागलाई भाकल गर्ने, धुप धजा उठाइदिने गर्दछन् । नाग पूजामा सिन्दूर र गाईको दूध चढाउने प्रचलन उपल्ला हिन्दू जातिको जस्तै मिल्दो रहेको छ । नाग देवता रिसाएमा घरगोठमा अनिष्ट हुने उनीहरूको विश्वास रहेको पाइन्छ ।

### ४.३.१.३. धर्म

मानिसहरूको नीति, आदर्श, नैतिकता  आत्म ईश्वर तथा अदृष्य शक्ति माथिको विश्वासलाई धर्म भनिन्छ । समाजशास्त्र ⁄मानवशास्त्रमा धर्मलाई एउटा महत्वपूर्ण सामाजिक संस्थाको रूपमा मानिन्छ । सामाजिक संरचनाका विभिन्न एकाइमध्ये धर्म पनि एउटा एकाइ हो । धर्मको नाममा गरिने आपसी व्यवहार क्रियाकलाप तथा अन्तर्सम्बन्धले एउटा सिङ्गो सामाजिक व्यवस्था सञ्चालन भैरहेको हुन्छ । धर्मका सम्बन्धमा इमाईल दुर्खिम भन्दछन् –“धर्म पवित्र वस्तुसँग सापेक्षित विश्वास र व्यवहारको एकीकृत व्यवस्था हो ।” (The elementary form of the religious life, 1912)

प्राचीन कालदेखि नै नेपालमा हिन्दू धर्मको बाहुल्य रहँदै आएको हुनाले नेपाललाई हिन्दू अधिराज्य मानिएकामा वि.सं. २०६३ मा अन्तरिम संविधानले धर्मनिरपेक्ष राष्ट्र घोषणा गरेको अवस्था छ । हिन्दू धर्म अनुशरण गर्ने अन्य जातिले जस्तै सार्की जातिले पनि हिन्दू धर्मानुसार मनाइने पर्वहरू मनाउँदछन् । पर्वको प्रभावले धर्म, मोक्ष, काम, क्रोध, अर्थ जस्ता हिन्दू धर्मका आदर्शलाई स्वर्ग, नर्क, पाप, पुण्य जस्ता अलौकिक विश्वासद्वारा मान्ने गरिन्छ । महिलाहरू तीज पर्व मनाउने गर्दछन् । चाडपर्वमा इष्टमित्र पर⁄पाहुना डाक्ने र जाँडरक्सी, मासुको प्रयोग गर्ने गर्नाले आर्थिक व्यय भार अलि बढी नै परेको तथा झै-झगडा र कुटपिटका घटनाहरू पनि हुने गरेको पाइन्छ । यस कारणले सार्की जातिलाई अन्य जतिहरूले केही घृणाको रूपमा हेर्ने गर्दछन् ।

### ४.३.२. प्रमुख चाडपर्वहरू

हिन्दू धर्म अनुसार तागाधारी बर्गहरूले मनाउने विभिन्न चाडपर्वहरू दशैं, तिहार आदि सार्की जातिले पनि मनाउँदै आएका छन् । यस  जातिको भाषा नेपाली भएकाले उच्च

जातिको संस्कृति, सामाजिक मूल्य मान्यता, रीति रिवाजसँग मिल्दो  पाइन्छ । उनीहरूले मनाउने प्रमुख चाडपर्वहरू यस प्रकार रहेका छन् :

### ४.३.२.१. दशैं

हिन्दूहरूको महान चाड बडादशैं सार्कीहरूले पनि धूमधामसँग मनाउँछन् । सार्की जातिभित्रका हुने खाने मानिसहरूले र ज्याला मजदूरी गरी कष्टदायक जीवन यापन गर्ने भए पनि दशैंमा ऋण धन गरी धूमधाम साथ मनाउँदै आएका छन् । घटस्थापनादेखि घर लिपपोत गर्ने, रङ रोगन गर्ने, परिवारका सदस्य र बालबच्चालाई नयाँ लुगा किनिदिने, जमरा राख्ने, विदेश गएकाहरू फर्कने, मासुको व्यवस्था गर्ने आदि गर्दै दशमीका दिन आफूभन्दा ठूला मान्यजनको हातबाट र आमाबावुबाट टीका, जमरा र आशीर्वाद लिने गर्दछन् । दाजुभाइ, मावली, ससुराली जान्छन् भने बुहारीहरू माइत जान्छन् । टीका लगाउन जाँदा गच्र्छे अनुसारको कोसेली मासु, रक्सी, रोटी, चिउरा आदि लैजाने गर्दछन् र ससुराली माइतीमा ती वस्तुहरूसँगसँगै बसी खाने गर्दछन् ।

### ४.३.२.२. तिहार

हिन्दूहरूको अर्को चाड तिहारमा सार्कीहरूले दिदी बहिनीका हातबाट टीका लगाई धूमधामसाथ मनाउने गर्दछन् । तिहारमा देउसी भैलो खेल्नुका साथै जूवा तास खेल्ने गर्दछन् । दाजुभाइलाई टीका लगाउन दिदी बहिनी आउँदा यथाशक्य खानेकुरा,कुखुरा,जाँड रक्सी घरबाटै लिएर आउँछन् भने दाजुभाइले गच्र्छे अनुसार दक्षिणा दिने गर्दछन् । अविवाहित दिदीबहिनीले घरमै सगुन तयार पार्छन् ।

### ४.३.२.३. हरितालिका (तीज)

सार्की जातिका महिलाहरूले मनाउने अर्को महत्त्वपूर्ण चाड तीज हो । तीजमा विवाहित दिदीबहिनीहरूलाई लिन जाने, तीजको अघिल्लो दिन दर खुवाउने  चलन छ । यसरी दर खाँदा उनीहरूले दूध, दही, मासु, जाँड, रक्सी प्रयोग गर्ने गर्दछन् । तीजमा सबै समुदायका महिलाहरू जम्मा हुने तथा आफूमाथि पुरुष र सासू, नन्द-अमाजू आदिबाट भएको अन्यायलाई तीजको भाकामा गीत गाएर व्यक्त गर्दछन् । केही महिलाहरूले आफ्नो पतिको दीर्घायुको लागि व्रत बस्दछन् ।

### ४.३.२.४. साउने सङ्क्रान्ति

हिन्दूधर्म मान्ने जनसमुदायले साउने सङ्क्रान्तिलाई विशेष चाडको रूपमा मान्दछन् । यस दिन देखि सूर्य दक्षिणायन हुने, देवी देवताको पूजाआजा नचल्ने, कालमासका रूपमा लिने गरिन्छ । सार्की जातिहरू विशेष गरी खेती पातीको काम गरेर शारीरिक रूपमा थकावट महशूस गरी उक्त पर्वलाई मीठो मसिनो खाने तथा रमाइलो गर्ने रूपमा मनाउने गर्दछन् । साँझ परेपछि विभिन्न सामाग्री (धानको बोट, कुरिलो, सिउँडी, लुतेझार, अमिलो, कुकुरडाइनो आदि) जम्मा गरी  घरको दैलोअगाडि आँगनबाट दाउराको राँको बनाई लुतेमाईको पूजा गरी राँको फाल्ने चलन छ । जसले गर्दा वर्षा याममा हुने घाउ खटिराको प्रकोपबाट बच्न सकिन्छ ।

### ४.३.२.५. माघे सङ्क्रान्ति

सार्की जातिहरूले माघे सङ्क्रान्ति पर्वलाई सूर्य उत्तरायण हुने दिनका रूपमा मनाउने प्रचलन रहेको पाइन्छ । उनीहरूले उक्त दिन सख्खरखण्ड, तरुल, चिउरा, खिचडी, मासु, भात, जाँडरक्सी खाएर मनाउँदछन् । घरमा आएका छोरी, ज्वाईं, भान्जाभान्जी आदि पर पाहुनालाई रीतअनुसार टीका लगाई गच्छेअनुसार दक्षिणा दिने गर्दछन् ।

### ४.३.२.६. चैत्राष्टमी/चैतेदशैं

हरेक वर्षको एकपटक चैत महिनामा पर्ने यस चाडलाई चैते दशैं भनिन्छ । असत्यमाथि सत्यको विजयका रूपमा लिइने यस चाडलाई सार्की जातिले पनि मनाउँदै आएका छन् । यस पर्वमा बागलुङ कालिका मन्दिरमा कुखुरा, हाँस, परेवाको बली दिने तथा थन्थापकी माई भगवतीको पूजा भाकल गर्ने समेत गरिन्छ । यस दिन आफ्ना छोरी ज्वाइं, इष्टमित्र, परपाहुनालाई टीका दक्षिणा, मासु, भात, जाँडरक्सीले सत्कार गरी रमाइलो साथ मनाउँछन् ।

### ४.३.३. प्रमुख संस्कारहरू

मानिसले जन्मेदेखि मृत्युपछि पनि आफ्नो सन्तानको सुख सुविधाको लागि भनेर अनेक संस्कार गर्दै आएका छन् । मानिस र पशुलाई विभेदीकरण गर्ने प्रमुख तत्त्व नै संस्कार हो । किनकि पशुसंस्कारविहिन हुन्छ भने मानिसका विभिन्न संस्कारहरू आफ्नो धर्म

परंम्पराअनुसार सञ्चालित हुन्छन् । हिन्दू धर्मका पुराणहरू मनुस्मृतिमा वर्णित देवकार्य र पितृकार्यलाई बढी महत्त्व दिइन्छ । मनुस्यलाई शुद्धयाउने  जन्म संस्कार, अन्न प्राशन, व्रतबन्ध, विवाह र मृत्यु संस्कार हुन् । सार्कीहरू पनि समाजका माथिल्ला जातिहरूले गर्ने सबै प्रकारका संस्कारहरू आफ्नो गच्छेअनुसार र संस्कृतिबमोजिम गर्ने गर्दछन् । यस संस्कारमा पनि जाँडरक्सीको प्रयोग हुने गर्दछ ।

### ४.३.३.१. जन्म संस्कार

सार्की जातिमा महिला गर्भवती भएको थाहा भएपछि घरका अन्य समुदायले गर्भवती महिलालाई सतर्क गराउँदछन् । हिजोआज स्वास्थ्य केन्द्रमा जाने र गर्भवती जाँच गराउने प्रचलन बढेको देखिन्छ । सुत्केरी भएको दिनदेखि सूतक यति नै बार्नु पर्छ भन्ने छैन । तर धेरै जसोले ९ दिन सूतक बारेको देखिन्छ । सुत्केरी भएको घरको साथै आफ्ना नजिकका दाजुभाइहरूले पनि सूतक बार्नु पर्ने प्रचलन रहेको छ । सुत्केरीलाई घिउ, मासु, दूधजस्ता पोसिला खानेकुरा दिने चलन छ । सुत्केरी अवस्थामा महिलालाई रक्सी सेवन गर्न भने दिईंदैन । सुत्केरी चोख्याउँदा कपडा धुने र घर लिपपोत गर्ने चलन छ ।

### ४.३.३.२. न्वारन

बच्चा जन्मेदेखि बच्चाको नामकरण गर्ने र सुत्केरी चोख्याउने संस्कार नै न्वारन हो  । सार्की समुदायमा छोरा जन्मेको ११ दिनमा र छोरी जन्मे ९ दिनमा न्वारन गर्ने चलन छ । न्वारन गर्दा भान्जालाई पुरोहितका रूपमा बोलाई शुद्धाशुद्धि गर्ने प्रचलन छ । यसैदिन बच्चाको नाम राखिन्छ । आजकाल पुरोहितको रूपमा बाहुन पण्डित बोलाउने पनि प्रचलन छ । न्वारनको दिन आफ्ना दाजुभाइ नातागोता बोलाई खाना ख्वाई विदा गर्ने चलन छ ।

### ४.३.३.३. अन्नप्राशन (पास्नी, भात ख्वाइ)

बच्चा जन्मेको ५/६ महिनाको अवधि पछि बच्चालाई आमाको दूधबाहेक ठोस खानेकुराको आवश्यकता पर्दछ । त्यस समयदेखि बालकलाई ठोस खानेकुरा ख्वाई अन्न ख्वाउन शुरुवात गरिनुलाई भातख्वाइ भनिन्छ । बाहुन वा पण्डितसँग दिन जुराएर अन्न प्राशन गरिन्छ । सामान्यतया ६ महिनाको भएपछि अन्नप्राशन तथा बच्चालाई नयाँ लुगा लगाई टीका लगाइदिने र दक्षिणा /उपहार दिने गरिन्छ । यसको बदलामा बच्चाका

बावुआमाले आफ्नो गच्छे अनुसार इष्टमित्रहरूलाई भोज ख्वाइ विदा गर्दछन् । अन्नप्राशनमा जुठो ख्वाउनुले बच्चालाई दुष्टको आँखा नलाग्ने जनविश्वास रहेको पाइन्छ ।

#### ४.३.३.४. व्रतबन्ध (छेवर)

समाजका उपल्ला जातका बाहुन क्षत्रीहरूले जस्तै सार्की समुदायमा पनि व्रतबन्ध गर्ने परंपरा केही मात्रामा रहेको पाइन्छ । छोरा जन्मेको ७,९ वा ११ वर्षमा ज्योतिष द्वारा जुराएर व्रतबन्ध गरिन्छ । जोर वर्षमा व्रतबन्ध गर्न हुँदैन भन्ने पुरानो चलन अझै यथावत छ । व्रतबन्ध नगरेसम्म कपाल काट्न नहुने चलन थियो तर यो चलन हिजोआज हराइसकेको छ । व्रतबन्धका दिन बाहुन भान्जा वा ज्वाइँलाई बोलाइन्छ । बाँस पैयूँका हाँगा ल्याई जग्गे बनाइन्छ र लिपपोत गरिन्छ । व्रतबन्ध गर्ने व्यक्तिको कपाल काट्ने व्यक्तिलाई पण्डितसँग नाम जुराइन्छ । जसको नाम जुर्दछ, उसैलाई कपाल काट्न लगाइन्छ । कपाल काट्नेले दक्षिणा भेटी पाउँछ । सार्की जातिमा व्रतबन्ध गर्दा धनी परिवारले बाजागाजाको व्यवस्था गरी बाजा बजाउने र व्रतबन्ध गर्ने व्यक्तिलाई शुरुमा आमाबावुले टीका लगाइदिने र पालैपालो सबैले टीका लगाई सक्दो दक्षिणा उपहार दिने प्रचलन छ । व्रतबन्धको साँझ भोज भतेर जाँडरक्सी अत्यधिक सेवन हुन्छ ।

#### ४.३.३.५. विवाह

विवाह एक स्थायी सामाजिक संस्था हो जसको माध्यमबाट नै परिवार र नातासम्बन्धको विस्तार हुन्छ । हिन्दू धर्म दर्शनले विवाहलाई एउटा सामाजिक संस्कारका रूपमा लिएको छ । विवाहद्वारा केटाकेटीको गृहस्थीको प्रवेशसँगै सामाजिक एवम् कानूनी रूपमा उनीहरूबीचको यौनसम्बन्धलाई मान्यता दिइएको हुन्छ । समाज अनुसार विवाहका स्वरूपा पनि फरक फरक भएको पाइन्छ । सार्की जातिको विवाह आफ्नो एउटै गोत्रबीच हुँदैन । उनीहरूको गोत्र कौशिल, गौतम, ठडेरा आदि विभिन्न हुन्छन् । एउटा गोत्र र अर्को गोत्रबीच विवाह हुन्छ । सार्की समुदायमा मामाको छोरी र फुपूको छोरा बीच विवाह गर्ने चलन रहेका पनि पाइन्छ । यस जातिमा मागी विवाह, चोरी विवाह, जारी विवाह, प्रेम विवाहको प्रचलन रहेता पनि आजकाल प्रायः मागी विवाह नै हुने गर्दछ । विवाह गर्दा केटापक्षका केही मानिस केटीको घरमा गई विवाहको प्रस्ताव राख्दछन् । यदि प्रस्ताव स्वीकार भएमा ज्योतिषीको सहायताले दशाग्रह हेरी केटा र केटी पक्षका अभिभावकले

विवाहको निधो गर्दछन् । यसपछि केटालाई केटी पक्षका अभिभावकले विवाहको दिन जन्ती लिई आफ्नो घरमा आउने निम्तो दिन्छन् । विवाहको दिन केटा र केटीको घरमा जग्गे लगाई दाजुभाइ, इष्टमित्र नातागोता जम्मा हुन्छन् र दुई किसिमको भोज हुन्छ । उपल्ला जातिहरूको लागि छुट्टै भोजको व्यवस्था हुन्छ भने सार्कीहरूको भोज बेग्लै हुन्छ । जन्ती आइसकेपछि अविर अक्षताले पर्सने तथा स्वयंवर गराई जन्तीलाई भोज ख्वाइन्छ । विवाहको मुख्य काम गोडा धुने बाट शुरु हुन्छ । दुलहा र दुलहीलाई सँगसँगै राखेर दुलहीका आफन्तहरूले गोडा धोएर मुखमा पानी राख्ने तथा टीका लगाई दक्षिणा दिने गर्दछन् । त्यसपछि दुलाहा पक्षबाट दुलहीको लागि गर गहना लुगा पहिऱ्याई कन्यादान दिने र सिन्दूर राख्ने काम हुन्छ । सिंदूर राख्नेबेला दुलहीका माइती पक्षलाई हेर्न दिईंदैन । दुलहीको सिउँदोलाई कसैले नदेखून् भनेर रुमालले छोपिन्छ । त्यसपछि दुलहीलाई जूठो ख्वाउने, माउर चलाउने जस्ता कार्य गरिन्छ । दुलही अन्माएपछि दुलहीसँगै एकजना सहयोगी लोकन्तीका रूपमा घरमा जाने चलन छ । केटाको घरमा पुगेपछि केटाकी आमाले दुलही भिœयाउने र मुख हेर्ने चलन हुन्छ । सार्की समुदायमा चोरी विवाहको चलन देखिए तापनि यसलाई हिजोआज प्रेमविवाहका रूपमा लिइएको पाइन्छ । एक ठाउँमा विवाह भएको महिलाले अर्को पुरुषसँग पोइल गएमा लैजाने पुरुषले पहिलो लोग्नेलाई विवाह खर्च वापत जारी दिने चलन छ । यसलाई जारी विवाह भनिन्छ । यस्तो विवाहको प्रचलन हिजोआज सार्की समुदायमा नभएको अध्ययन क्षेत्रबाट पाइयो ।

### ४.३.३.६. चौरासी पूजा

हिन्दू धर्म ग्रन्थमा कुनै व्यक्तिले १००० चन्द्रमा देखेमा वा चौरासी वर्ष पूरा गरेमा चौरासी पूजा गर्ने गर्दछन् । यसरी चौरासी पूजा गरेमा चौरासी लाख पटक जन्मिन नपर्ने र सबै पापबाट मुक्त भई स्वर्गमा बस्न पाइने कुरा उल्लेख छ । यहाँका सार्की जातिले पनि आफ्ना बाजे बज्यै, बावुआमाको चौरासी पूजा गर्दछन् । चौरासी पूजा गर्दा ज्योतिषीको सहयोग लिई उपयुक्त दिन चौरासी जुराउने गर्दछन् । चौरासी पूजाका दिन भान्जालाई बोलाई चन्द्रमाको पूजा गरी हुने खानेले बाजागाजासहित डोलामा राखेर गाउँ मन्दिर घुमाई, चौरासी गरिने व्यक्तिलाई टीका लगाई दक्षिणा उपहार दिन्छन् । चौरासी गरेका व्यक्तिले आशीर्वाद दिएको लाग्दछ भनेर उनीहरूलाई सम्मानस्वरूप मर्यादा गर्छन् ।

### ४.३.३.७. मृत्युसंस्कार

जन्म र मृत्यु हरेक प्राणीहरूको स्वाभाविक प्रकृया हो । जन्मपछि जसरी विभिन्न संस्कारहरू हुने गर्दछन् त्यसै गरी मृत्यु संस्कार पनि हुन्छ । हिन्दू धर्मबाट प्रभावित सार्की समुदायमा पूर्व जन्म र पुनर्जन्मको विश्वास यदा कदा रहेको पाइन्छ । पुनर्जन्मको विश्वासले मृत्यु संस्कार गरी मृतात्माको चिर शान्ति र स्वर्गको बासको कामना गरिन्छ । मृत्यु संस्कार राम्ररी नभए मृतात्माले बारंबार दुःख दिने जनविश्वास छ । सार्की समुदायमा कुनै मानिसको मृत्यु भएमा आफन्तहरू जम्मा भई बाँसको खाट बनाई सेतो कपडाले र माथि पहेंलो कपडाले ढाकी मृतकलाई घाटतिर लैजाने गर्दछन् । घाटमा पुऱ्याएपछि शवलाई चिता बनाएर चितामाथि सुताई छोरा वा छोरा नभए दाजुभाइले दागबत्ती दिई शवलाई दाह संस्कार गरिन्छ ।

मृतकको छोरा नभएमा दाजुभाइ वा नजिकको व्यक्ति किरिया बस्नुपर्ने हुन्छ । किरिया बस्ने मान्छेलाई किरियापुत्री भनिन्छ । किरिया बस्ने व्यक्तिलाई भएसम्म भान्जाको हातबाट कपाल खौरिएर घरमा ल्याइन्छ । मृतकका दाजुभाइले पनि (बावुआमा नभएका) कपाल खौरिन्छन् । किरिया पुत्री घर फर्केपछि कोरामा बस्नुपर्छ । मलामी गएकाहरूलाई चिया विस्कुट र खोइला (प्लाष्टिकको बोत्तलमा पाइने सस्तो रक्सी) खान दिने चलन छ । किरिया बस्दा आ-आफ्नो विधान अनुसार ३ दिन, १० दिन, ११ दिन, १३ दिन मा उम्कने चलन मध्ये यस वडामा  ३ दिन र १३ दिन मा उम्कने गरेको पाइयो । किरिया बस्नेले जौ, तिलले नुहाउने र डिकुरो बनाई आफै भात पकाएर एकछाक खाने, नून खान नहुने प्रचलन छ । किरियाको कर्म ज्वाइँ वा भान्जाले गर्ने गर्दछन्  । किरिया बस्ने मान्छेले मृतात्मालाई दैनिक पिण्ड दिने कार्य गर्नुपर्छ । मलामी गएकाहरूलाई जूठो फाल्ने भन्दा अघिल्लो दिन भोज भतेर ख्वाउने, दक्षिणा दिने, कति दिन बरखी बार्नेहो, सर-सल्लाह निर्णय गर्ने आदि गर्दछन् । बरखी बार्नेले लसुन, प्याज खान नहुने तर रक्सी मासु खाने गरेको चलन देखिन्छ । मृतकको घरमा एक वर्षसम्म कुनै शुभ कार्य नहुने भएता पनि आधुनिकीकरण सँगै बरखी बार्ने काम र लसुन प्याज खान नहुने प्रचलनलाई परिवर्तन पनि गर्न थालिएको छ ।

## ४.४ यातायात/संचार/विद्युत्

यस गा.वि.स.मा बागलुङ कुश्मिसेरा सर्कुवा विनामारे अर्जेवा हुँदै जैदी छिस्ती जाने मोटरबाटाले गा.वि.स.लाई उत्तर दक्षिण हुने गरी बीचबाट चिरेको छ भने काली-गण्डकीदेखि माथि सर्कुवासम्म  जोड्ने ठाडो मोटरबाटोले गा.वि.स.का ९ ओटै वडाहरूलाई छोएको छ । सञ्चारको हिसावले टेलीफोन (मोवाइल) हरेक घर व्यक्तिका हातै पिच्छे देखिन्छ भने हाल आएर स्मार्ट टेलीफोनको टावरसमेत गा.वि.स.को बीच वडा नं. ५ मा अवस्थित रहेकाले यसको प्रभाव पनि वाक्लै रहेको देखिन्छ । यस गा.वि.स.भरि केन्द्रीय प्रसारण लाइनबाट वितरित विद्युत् उपलव्ध छ ।

# अध्याय : पाँच

# जनसाङ्ख्यिक तथा सामाजिक, आर्थिक विशेषताहरू

सार्की जातिको सामाजिक सांस्कृतिक पक्षको अध्ययन एवम् पेशागत परिवर्तन विश्लेषणका लागि संकलन गरिएका तथ्याङ्कहरू सङ्ख्यात्मक र गुणात्मक दुवै प्रकारका रहेका छन् । सङ्ख्यात्मक रूपमा प्राप्त तथ्याङ्कलाई विभिन्न तालिका वृत्तचित्र पाइचार्ट आदिबाट प्रस्तुत गरिएको छ । त्यस्तै अनुपात, समानुपात र प्रतिशत आदिमा समेत तथ्याङ्क विश्लेषण गरिएको छ । अध्ययन अनुसन्धानका दृष्टिले बागलुङ जिल्ला विनामारे ९ आफैमा एउटा महत्त्वपूर्ण क्षेत्र यस अर्थले देखिएको छ कि यस वडामा बाहुन क्षत्री र दलितहरूको बस्तीमा सार्कीहरूको कूल घरधुरी २९ रहेको छ । यहाँका सार्कीको सामाजिक, सांस्कृतिक एवम् आर्थिक अवस्था समग्र दलितको राष्ट्रिय अवस्थाभन्दा केही उच्च देखिन्छ । तर शैक्षिक अवस्था भने अझै पनि माथि उठ्न सकिरहेको छैन । यी पक्षहरू विभिन्न तथ्याङ्क र प्रस्तुत गरिएको विश्लेषणबाट उजागर भएका छन् ।

## ५.१ उत्तरदाताहरूको उमेरगत विवरण

यस वडा नं. ९ मा बसोवास गर्ने दलित समुदायमध्ये अधिंकाश सार्की जाति रहेका छन् । उमेर र लिङ्गअनुसार उत्तरदातालाई हेर्दा घरमूलीको रूपमा उत्तरदाताहरू पुरुषहरू नै भए तापनि २०-३० वर्ष उमेर समूहका महिलाहरूको सङ्ख्या बढी देखिन्छ ।

**तालिका नं. ५.१**

**उमेर र लिङ्गअनुसार उत्तरदाताको विवरण**

| उमेर समूह | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| २०-३० | ८ | २ | १० | ३४.४८ |
| ३०-४० | ३ | ६ | ९ | ३१.०३ |
| ४०-५० | १ | ५ | ६ | २०.६८ |
| ५०-६० | - | २ | २ | ६.८९ |
| ६० भन्दा माथि | - | २ | २ | ६.८९ |
| जम्मा | १२ | १७ | २९ | १०० |

माथिको तालिकाअनुसार अध्ययन क्षेत्रमा सबैभन्दा बढी २०-३० वर्ष उमेर समूहका उत्तरदाता १०, जसमा महिला ८ र पुरुष २ छन् । उक्त उमेर समूहका उत्तरदाता पुरुषहरू वैदेशिक रोजगारीमा गएकाले महिलाको सङ्ख्या बढी देखिएको हो । त्यस्तै ३०-४० वर्षका उत्तरदाता, ३ पुरुष र ६ महिला जम्मा ९ जना, ४०-५० वर्ष उमेर समूहका महिला १ र पुरुष ५ तथा ५०-६० र सो भन्दा माथि उमेर समूहमा २-२ जना पुरुषहरू मात्र देखिन्छन् । यसले घरमूलीका रूपमा पुरुषहरूको बाहुल्य बढी देखाउँछ ।

## ५.२ सामाजिक अवस्था

### ५.२.१ शैक्षिक अवस्था

शिक्षा समाज र राष्ट्र निर्माणको मेरुदण्ड हो भनिए तापनि उत्तरदाताको शैक्षिक अवस्था हेर्ने हो भने निकै पछाडि परेको देखिन्छ । सामाजिक रूपले अछूत मानिएका यस जातिप्रति समाजमा उच्च जातिका मानिसले गरेको थिचो मिचो र भेदभावको कारण शैक्षिक उपलब्धि हासिल गर्न नसके तापनि हाल उनीहरूले शिक्षाको महत्त्वकेही बुभ्दै गएकाले आफ्ना बालबालिकाहरूलाई विद्यालय भर्ना गर्ने, कापी,कलम,झोला, ड्रेस आदिको व्यवस्था गरी विद्यालय पठाएको पाइन्छ । नेपाल सरकारले दलित छात्र/छात्रालाई कक्षा १ देखि १० सम्म निःशुल्क पाठ्यपुस्तक र छात्रवृत्ति उपलब्ध गराउँदै आएकाले पनि शिक्षाप्रति आकर्षण बढ्दै गएको देखिन्छ, तर सरकारी लगानी जुन रूपमा आएको छ त्यसअनुरूप यस समुदायको शैक्षिक उन्नति भएको छैन ।

**तालिका नं. ५.२**

**अध्ययन क्षेत्रको शैक्षिक अवस्था विवरण**


| शिक्षाको तह | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| साक्षर | ३१ | ३०.३९ | ३९ | ३८.२३ | ७० | ६८.६२ | |
| नि.मा.वि.तह | ७ | ६.८६ | ६ | ५.८८ | १३ | १२.७४ | |
| मा.वि.एस.एल.सी | १० | ९.८० | ४ | ३.९२ | १४ | १३.७२ | |
| उ.मा.वि. | ३ | ३.९२ | १ | ०.९ | ४ | ४.०१ | |
| स्नातक | १ | ०.९ | – | – | १ | ०.९ | |
| स्नातकोत्तर | - | - | - | - | - | - | |
| जम्मा | ५२ | ५१.८७ | ५० | ४८.९३ | १०२ | १०० | |

स्रोत : स्थलगत सर्वेक्षण : २०६८ ।

अध्ययन क्षेत्रका उत्तरदाता समुदायको शैक्षिक अवस्था हेर्दा सामान्य साक्षर जनसङ्ख्या ६८.६२%, नि.मा.वि. तहको १२.७४% र मा.वि./ एस.एल.सी. तहको १३.७२% रहेको पाइयो । कक्षा ११ र १२ अध्ययनरत र उत्तीर्ण ३ पुरुष र १ महिला रहेका पाइयो । स्नातक तहमा अध्ययन गरेकामा १ जना पुरुष जुन सङ्गीतमा स्नातक गरी भारतीय फिल्म उद्योग बलिउडमा सङ्गीतकारको रूपमा कार्यरत भएको स्थलगत अध्ययनबाट जानकारी पाइयो ।

उपर्युक्त तथ्याङ्कअनुसार महिलाको साक्षरता प्रतिशत न्यून रहेको छ । तालिकामा देखाइएअनुसार उत्तरदाताका बालबालिकाको शैक्षिक पहुँच प्रा.वि. स्तरमा बढी देखिए तापनि उपल्लो तह नि.मा.वि. देखि स्नातक तहसम्म क्रमशः घट्दै जानुको प्रमूख कारण आर्थिक विपन्नता, शिक्षाप्रतिको धारणा सकरात्मक नहुनु र उमेर बढ्दै जाँदा केटाकेटीहरूले प्रेमविवाह गर्नुको कारण विद्यालय बीचैमा छाड्ने अवस्था सिर्जना भएको देखिन्छ । यसले गर्दा उनीहरूमा शैक्षिक जागरण ल्याउन सरकारी एवम् गैह्र सरकारी क्षेत्रबाट अझ सहयोग वृद्धि गर्नुपर्ने आवश्यकता देखिन्छ ।

**चार्ट नं. ५.१**



### ५.२.२ सार्की जातिको घरको अवस्था

ग्रामीण क्षेत्रमा रहेका यस ठाउँका घरबास सामान्यतया काठ, ढुङ्गा, माटो र जस्तापाताले बनाइएका छन् । चौंपायाआदिका लागि छुट्टै गोठ, छाप्राहरू बनेका छन् । धेरैजसोका घरहरू २ तल्ले, अगाडितिर बरण्डा भएका र झ्याल ढोकामा इनामेल पनि गरेका पाइन्छ । घरको भित्तामा रातोमाटो, चुना र पिँढीमा सिमेन्ट लगाएको देखिन्छ । यिनीहरूको जीवनशैली पहिलाभन्दा अहिले निकै सुधार आएको यी सूचकहरूले देखाउँदछन् ।

**तालिका नं. ५.३.**

**उत्तरदाताको घरको छानाको विवरण :**

| छानाको किसिम | उत्तरदाताको सङ्ख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|
| स्लेट ढुङ्गा | २० | ६८.९६ | |
| जस्ता पाता | ९ | ३१.०४ | |
| जम्मा | २९ | १०० | |

स्रोत : स्थलगत सर्वेक्षण, ०६८

मथिको तालिकानुसार ढुङ्गा, माटो र काठ प्रयोग गरी बनाइएका स्लेट ढुङ्गाको छानो भएका घर सङ्ख्या २० (६८.९६%), जस्ता पाताको छानो भएका घरसङ्ख्या ९(३१.०४%) रहेका छन् । यसरी हेर्दा घरहरू आधुनिक ढाँचामा निर्माण भएको देखिन्छ ।

यस वडा नं. ९ मा रहेका सबै घर परिवारले आधुनिक सुविधा मोवाइल, विद्युत्, खानेपानी आदिको प्रयोग सवैले गरेका छन् । यहाँका प्रयोग भएका धारा, चर्पी, मोवाइल, विद्युत् आदिको विवरण तल उल्लेख गरिएको छ ।

**तालिका नं. ५.४.**

**आधुनिक प्रविधिको प्रयोगमा उत्तरदाताको विवरण :**

| विवरण | उत्तरदाताको सङ्ख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|
| चर्पी | २९ | १०० | |
| मोवाइल (सञ्चार) | २९ | १०० | |
| विद्युत् | २९ | १०० | |
| सार्वजानिक धारा | २९ | १०० | |

स्रोत : स्थलगत सर्वेक्षण, ०६८

मथिको तालिकानुसार कूल २९ घरमध्ये निजी शौचालय प्रयोग गर्ने घर सङ्ख्या सङ्ख्या २९, मोवाइल प्रयोग गर्ने घर सङ्ख्या २९, विद्युत तथा सार्वजनिक धाराहरूको प्रयागे गर्ने घर सङ्ख्या पनि २९ रहेको छ ।

### ५.२.३ पारिवारिक ढाँचा

परिवार मानव समाजको एक आधारभूत एकाइ हो । मानिस सामाजिक प्राणी हुनुभन्दा अगाडि ऊ पारिवारिक प्राणी पनि हो  किनभने ऊ परिवारमा जन्मन्छ र परिवारमै हुर्कन्छ साथै उसलाई शिक्षा दीक्षा दिने र समाजमा घुलमिल गराउने पनि परिवार नै हो । त्यसैले परिवार मानव समाजको एक सार्वभौम संस्था हो र परिवार समाज निर्माणको आधार पनि हो । विभिन्न समाजशास्त्री तथा मानवशास्त्रीहरूले परिवारको परिभाषा गरेका छन् । यहाँ मेकाइवर र पेजको परिभाषा उल्लेख गरिएको छ - ‘‘परिवार त्यो समूहलाई भनिन्छ जसअन्तर्गत स्त्री र पुरुषको यौन सम्वन्ध निश्चित होस् र उनीहरूको सम्बन्धबाट सन्तान उत्पादन गर्न तथा उनीहरूको पालन पोषण गर्न सकियोस् ।’’

नेपालमा बढ्दो आधुनिकीकरण, औद्योगिकीकरण र पश्चिमीकरणको प्रभावले संयुक्त परिवारको अस्तित्व दिनानुदिन ह्रास हुँदै एकात्मक परिवारको ढाँचा वृद्धि हुँदै गैरहेको छ । त्यसको प्रत्यक्ष प्रभावबाट यस वडाका परिवारहरू पनि अछूता छैनन् । यस वडाका परिवारको पारिवारिक ढाँचालाई स्थलगत अध्ययनको आधारमा तल प्रस्तुत गरिएको छ ।


**तालिका नं. ५.५**

**परिवारको स्वरूपको आधारमा उत्तरदाताहरू :**

| परिवारको स्वरूप | उत्तरदाताको सङ्ख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|
| एकात्मक परिवार | २४ | ९२.३० | |
| संयुक्त परिवार | ५ | ७.७० | |
| जम्मा | २९ | १०० | |

स्रोत :  स्थलगत सर्वेक्षण, ०६८

चार्ट नं. ५.२.




माथिको तालिकाबाट के स्पष्ट हुन्छ भने सार्की समुदायको परिवारको स्वरूप एकात्मक परिवार बढी देखिन्छ । अध्ययन क्षेत्रका २९ परिवार मध्ये २४ परिवार एकात्मक र ५ परिवार संयुक्त पाइयो ।

उत्तरदाता समुदायमा बृहत परिवारको अस्तित्व देखिँदैन । बढ्दो एकात्मक परिवारको स्वरूप बढी देखिनुमा आधुनिकीकरण र सबल चेतना अवस्था, विवाह हुने वित्तिकै अलग भएर बस्ने प्रचलन, घरमा हुने सासू बुहारी, नन्द, अमाजू, देउरानी, जेठानी बीच हुने आन्तरिक झगडा तथा दाजुभाइहरूबीच कमाउने र नकमाउने बीचको आन्तरिक विरोध त्यस्तै छोरा बुहारीप्रतिको भेदभाव आदि स्थलगत सर्वेक्षणको क्रममा पत्ता लगाइएका तथ्यहरू हुन् । चेतनाको स्तर बढ्नु, बढ्दो बेरोजगारी, आर्थिक बोझ धान्न नसक्नु, पारिवारिक जिम्मेवारी बाँडफाँड आदि कारणले गर्दा पनि सार्की समुदायमा एकात्मक परिवारको चाप बढी देखिएको छ । त्यस्तै पूर्वीय हिन्दू दर्शन, पितृसतात्मक व्यवस्था,

ठूलाबडालाई आदर सम्मान गर्नुपर्ने तथा दाजुभाइले दिदीबहिनीप्रति गर्नु पर्ने कर्तव्य जस्ता कुराले थोरै भए पनि संयुक्त परिवारले निरन्तरता पाइरहेको पाइन्छ ।

### ५.२.४ परिवारको आकार

अध्ययन क्षेत्रका उत्तरदाताको परिवारको आकारलाई स्थलगत अध्ययनको आधारमा तल देखाइएको छ ।

**तालिका नं. ५.६**

**परिवारको आकार : (सदस्य सङ्ख्याको आधारमा उत्तरदाताहरू)**

| परिवारको आकार | उत्तरदाताको सङ्ख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ - ४ जना | ११ | ३७.९३ | |
| ५ - ७ जना | १३ | ४४.८२ | |
| ८ - १० जना | ५ | १७.२४ | |
| जम्मा | २९ | १०० | |

स्रोत : स्थलगत सर्वेक्षण, ०६८

मथिको तालिकाबाट संयुक्त परिवार भएका घरधुरी सङ्ख्या ५ मा ८ - १० जना सदस्य जुन (१७.२४%), एकात्मक परिवार १ - ४ जना र ५ - ७ जना भएकोमा क्रमशः ३७.९३% र ४४.८२% देखियो । शिक्षा तथा चेतनाको अभावको कारण परिवार सङ्ख्या बढी हुने भए तापनि बदलिँदो समय क्रमसँगै उत्तरदाता जातिमा आएको जागरणले सानो परिवार सुखी हुन्छ भन्ने धारणा जागृत भएको पाइयो । परिवार नियोजनका अस्थायी एवम् स्थायी उपायहरू स्थानीय बासिन्दाहरूले उपयोग गरिरहेको समेत स्थलगत सर्वेक्षणमा जानकारी भयो ।

### ५.२.५. उत्तरदाताको अन्यजातिहरूसँगको सम्बन्ध

यस वडा नं. ९ मा बाहुन क्षेत्री ठकुरी सार्की लगायत अन्य जात जाति बसोवास गर्दै आएका छन् । यिनीहरूले परंपरागत रूपमा हिन्दू धर्म मान्दै आएका छन् । समाजका हरेक सामाजिक, सांस्कृतिक मूल्य मान्यता प्रति बाहुन क्षत्रीहरू सबैभन्दा कट्टर देखिन्छन् । उनीहरूले उत्तरदाताहरूलाई अछूत जातको रूपमा लिन्छन् । धार्मिक रूपमा उच निचको भेदभाव भएतापनि उत्तरदाता जाति र बाहुन क्षेत्री दुवै आर्य सम्प्रदायका बासिन्दा हुन् ।

उत्तरदाता जातिहरूले बाहुन क्षेत्रीहरूसँग बोलचाल गर्दा विभिन्न आदरार्थी शब्द बा, आमा, बाजे, बज्यै, दिदी, दाइ, भान्जा भान्जी आदि रूपले सम्बोधन गर्छन् । सामाजिक संस्कारहरू जन्म मृत्यु विवाह व्रतबन्ध आदिमा उत्तरदाता जातिले उपल्ला जातिलाई समेत् निम्तो बोलाउने र उपल्ला जातिहरूका लागि छुट्टै भान्साको व्यवस्था गरी भोज-भतेर खुवाउँछन् । यसले उत्तरदातामा संस्कृतीकरणको प्रभाव परेको देखिन्छ । हिन्दू धर्म अनुसारका चाडपर्वहरू सवै उत्तरदाता जातिले मनाउँदै आएका छन् । भेषभूषा र रीति रिवाज उपल्ला जातिहरूसँग मिल्दो जुल्दो पाइन्छ । पछिल्लो समयमा वैदेशिक रोजगारी तथा विभिन्न आय आर्जनका कामले गर्दा उनीहरूको आर्थिक अवस्था परिवर्तन भएकोले बाहुन, क्षत्री जातिहरूसँग सर-सापट, ऐंचो-पैंचो तथा अन्य सामाजिक क्रियाकलापमा समान खालको सहभागिता देखाउनुले सामाजिक सम्बन्ध प्रगाढ एवम् घनिष्ट भएको कुराको पुष्टि हुन्छ ।

**तालिका नं. ५.७**

**उत्तरदाताको अन्य जातिसँग सम्बन्ध**

| अन्य जातिहरूसँगको सम्बन्धको प्रक्रिया | अति नराम्रो | | ठीकै | | राम्रो | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | | |
| ऋण सहयोग | ९ | ३१.०३ | १३ | ४४.८२ | ७ | २४.१३ | २९ | १०० |
| कृषि कार्य/पर्मा | २२ | ७५.८६ | ७ | २४.१३ | – | | २९ | १०० |
| अन्य आपसी सहयोग आदान-प्रदान | – | – | १० | ३४.४८ | १९ | ६५.५१ | २९ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, ०६८ ।

उत्तरदाताहरूको अन्य जातिहरूसँग सहयोगको कुरा गर्दा अन्य जातिले उनीहरूलाई आवश्यकता पर्दा आर्थिक सहयोग ऋणको रूपमा गर्ने गर्छन वा गर्दैनन भन्ने प्रश्नमा १३ उत्तरदाताको उत्तर ठीकै र ९ उत्तरदाताको उत्तर अति नराम्रो र ७ जना उत्तरदाताको उत्तर

राम्रो भन्ने पाइयो । जुन प्रतिशतमा क्रमशः ३१, ०३, ४४.८२, २४.१३ हुन्छ । त्यसैगरी कृषिकार्यमा पर्मा प्रक्रियाबाट आपसी सहयोगको बारे प्रश्न गर्दा २२ उत्तरदाताले नराम्रो भन्ने उत्तर दिए भने जुन प्रतिशतमा क्रमशः ७५.८६ र २४.१३ हुन्छ । त्यस्तै अन्य आपसी सहयोग आदान-प्रदान सम्बन्धी विविध कुरामा आपसी सहयोगबारे प्रश्न गर्दा १० उत्तरदाताले ठीकै भन्ने उत्तर दिए र १९ उत्तरदाताले राम्रो भएको जवाफ दिए । यसमा प्रतिशत क्रमशः ३४.४८ र ६५.५१ हुन आउँछ ।

## ५.३ आर्थिक अवस्था

प्रारम्भमा समाज विकास क्रमसँगै मानिसको जीवनमा अत्यावश्यक गास, बास, कपासको अतिरिक्त विभिन्न आवश्यकत महशूस हुँदै गएको हुनाले कुनै एउटा समुदायले आफ्ना सवै आवश्यकता पूरा गर्न नसक्दा समुदायमा सामूहिक भावनाको विकास भयो । ती आवश्यकताहरू पूरा गर्न एक किसिमको श्रम र सीपले नसकेपछि श्रम विभाजनको व्यवस्था लागुभयो । त्यसैले सीप र कामविशेषले गर्दा वर्णाश्रम व्यवस्थाको शुरुवात भई बाहुन क्षत्री सार्की दमै कामी आदि जातहरूको प्रादुर्भाव भएको हो । उत्तरदाता जातिको विशेषीकृत पेशा छालाको जुत्ता सिलाउनु हो तर पछि आएर यो पेशा बाट उनीहरूको जीवन धान्न कठिन भएकोले आर्थिक विपन्नता बढ्दै गयो र आफ्नो पेशा छाड्ने क्रम शुरु भयो । आजकाल उनीहरू कृषि, पशुपालन, नोकरी, डकर्मी, सिकर्मी आदि पेशामा संलग्न हुँदै आएका छन् । उत्तरदाता जातिमा पेशा परिवर्तन हुनुको मुख्य कारण आजको आधुनिक युगमा आधुनिकीकरणको प्रभावले गर्दा हो । आर्थिक रूपले सम्पन्न भएको समाज नै अन्य क्षेत्रमा पनि सम्पन्न देखिन्छ । त्यसैले उनीहरूमा आएको शैक्षिक जागरण पनि यसैको संकेत हो ।

### ५.३.१. पेशा

विशेष गरी यस समुदायका उत्तरदाताहरू उपल्लो जाति कहलिएका बाहुन क्षत्रीको आसपासमा बसोबास गर्दै आएको पाइन्छ । यस जातिको परंपरागत पेशा छालाको जुत्ता सिलाउने भए तापनि यिनीहरूका बाजेकै पालादेखि यो पेशा छाडिसकेको तथा यस जातिले बाहुन क्षत्रीका घरमा हली बसेर खेतबारी जोत्ने र वार्षिक रूपमा बाली लिने (बालीघरे प्रथा) छाडिसकेको पाइन्छ । हाल यिनीहरूको मुख्य पेशा कृषि, पशुपालन, डकर्मी, सिकर्मी र वैदेशिक रोजगारी आदि हुन् ।

**तालिका नं. ५.८**

**उत्तरदाताको आधारमा परिवारका सदस्यहरूको पेशागत संलग्नता**

| नोकरी विवरण | संलग्न सङ्ख्या | | | | | प्रतिशत |
|---|---|---|---|---|---|---|
| | महिला | प्रतिशत | पुरुष | प्रतिशत | जम्मा | |
| भारतीय निजी क्षेत्र | – | – | २४ | ४६.१५ | २४ | ४६.१५ |
| भारतीय सेना (पेन्सनर) | – | – | ४ | ७.६९ | ४ | ७.६९ |
| खाडी मुलुक | – | – | १० | १९.२३ | १० | १९.२३ |
| डकर्मी, सिकर्मी, ज्याला मजदूरी | – | – | ८ | १५.३८ | ८ | १५.३८ |
| जम्मा | – | – | ४६ | १०० | ४६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण : २०६८

नोट : उत्तरदाताका परिवारका सदस्यहरूको पेशागत संलग्नता सङ्ख्याको आधारमा ।

उक्त तालिकाको आधारमा कूल उत्तरदातामध्ये ४२ जना (२५.९४%) मात्र रोजगारीमा लागेको पाइन्छ । बाँकी ११७ जना (७४.०५%)खेती पाती, ज्याला मजदूरी र आश्रित जनसङ्ख्या रहेको छ । नोकरी को शिलशिलामा भारतीय निजी क्षेत्रमा कार्यरत समूह २७ जना (६५.८५%) रहेको छ । त्यस्तै भारतीय सेना अवकाश प्राप्त सङ्ख्या ४( ९.७५%) रहेको छ । खाडी मुलुकमा रोजगारीका लागि जाने जनसङ्ख्या १० जना ( ३४.४८%) छ । यो तथ्याङ्कबाट कृषि, ज्याला मजदूरी, घरायसी कामकाज, पशुपालन आदिमा संलग्न जनसङ्ख्या धेरै रहेको छ । यस समुदायबाट एक जना कर्मचारी पनि नेपाली सरकारी एवम् निजी संघसंस्थामा कार्यरत भएको पाइँदैन ।

### ५.३.२. कृषि

खेती गरेर खानका लागि पर्याप्त र उर्वर जमिन नभए तापनि यस क्षेत्रका उत्तरदाताहरूको जीवन निर्वाहको एउटा आधार कृषि हो । परिवारका घरमूली पुरुषहरू रोजगारी तथा आय आर्जनका लागि बाहिर जाने हुँदा महिला र केटाकेटीहरूले खेतीको काम गर्दछन् । उनीहरूको भरपर्दो विकल्पको अभावमा परंपरागत खेतीलाई अँगाल्दै आएका छन् ।

उनीहरूसँग आफ्नो पर्याप्त जग्गा नभए तापनि अधियाँ अरुको जग्गा कमाउने तथा कृषि कार्यमा ज्याला मजदूरीका रूपमा काम गर्दछन् । कहिलेकाहीं कृषि कार्यमा पर्मा प्रथा पनि देखिन्छ । उनीहरूले कृषिलाई प्रमुख पेशाका रूपमा बनाएतापनि वर्षभरि खान पुग्ने खाद्यान्न उत्पादन गर्न सकेका छैनन् ।

**तालिका नं. ५.९**

**खाद्यान्नको विवरण**

| खान पुग्ने महिना | घरधुरी सङ्ख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|
| ० - ३ | १० | ३४.४८ | |
| ३ - ६ | ७ | २४.१३ | |
| ६ - ९ | ७ | २४.१३ | |
| ९- १२ | ५ | १७.२४ | |
| जम्मा | २९ | १०० | |

स्रोत स्थलगत सर्वेक्षण : २०६८

माथिको तालिका अनुसार १० घरधुरी उत्तरदाताहरूलाई केवल तीन महिनामात्र खाद्यान्न पर्याप्त हुन्छ । बाँकी महिना उनीहरूको लागि खाद्यन्नको समस्या हुन्छ । यो उत्तरदाता समुदायको लागि ठूलो विडम्बना हो । त्यस्तै ३ देखि ६ महिनासम्म र ६ देखि ९ महिनासम्म खान पुग्ने सार्कीहरूको घरसङ्ख्या ७ (२४.१३%) छ । बाँकी ९ देखि १२ महिना खान पुग्ने  घर धुरी जम्मा ५ (१७.२४%) मात्र रहेको देखिन्छ । जुन खाद्यान्न अपर्याप्तताको गम्भीर सङ्कटपूर्ण स्थिति भएको देखिन्छ ।

### ५.३.३. हली प्रथा

उत्तरदाता जातिमा हली प्रथा परंपरागत प्रथा हो यस वडाका उत्तरदाताहरूको आर्थिक अवस्था कमजोर र खेती गर्नका लागि आफ्नो पर्याप्त जमिन कम भएकोले समाजका सम्पन्न बाहुन क्षत्री परिवारको घरमा हली भई वर्षभरि खेतबारी जोतिदिए वापत जमिनको आधारमा वार्षिक रूपमा बालीस्वरूप अन्न लिने (बाली घरे प्रथा ) गर्दथे । यसरी प्राप्त गर्ने अन्नको साथै दशैं, तिहार, सक्रान्ति, न्वाँगी आदि पर्व विशेषमा थप अन्नपात लिने गर्दथे । यस अतिरिक्त हली खर्चवापत माना चामल र तरकारी समेत रोपाइँ गरिसकेपछि हिलो फाल्ने भन्दै हलीलाई दिने चलन थियो । कुनै कुनै घरमा बाली लगाइदिएवापत जाँड

रक्सी खान दिने तथा कपडा उपहार (जड्यौरी) दिने प्रचलन रहेकोमा हालका दिनहरूमा अहिलेको पुस्ता त्यसलाई आफू माथिको थिचोमिचो वा अन्यायको रूपमा लिई अस्वीकार गर्ने गर्दछ । त्यसैले अहिले बालीघरे प्रथा हराइसकेको छ । तर कृषि मजदूरका रूपमा दैनिक ज्यालादारी काम गर्ने प्रचलन भने यथावत् छ । उनीहरूले दैनिक ज्यादारी वापत कृषि मजदूरका रूपमा काम गर्दा रु ३००/- दैनिक कमाउँछन् भने महिलाहरूले रु १५०/- कमाउँछन् ।

### ५.३.४. अधिँया प्रथा

परंपरागत अधियाँ प्रथाले उत्तरदातामा पनि निरन्तरता पाएको छ । आफ्नो खेती गर्ने पर्याप्त जग्गा नभएको कारण समाजमा सम्पन्न र धेरै जग्गा जमिन भएका बाहुन क्षत्री र मगर समुदायको खेतबारी अधियाँ कमाउने प्रचलन पहिलेदेखिनै चलिआएकामा हालका दिनहरूमा यो प्रथा केही कम भएको पाइन्छ । अधियाँ जग्गाको अतिरिक्त बाख्रा, पाडाहरू पनि अधियाँ पाल्ने प्रचलन रहेको पाइयो । बस्तीका २९ घर परिवारहरूमध्ये ६ परिवारहरूले अरुको अधियाँ जग्गा र पशु पालेको स्थलगत सर्वेक्षणबाट देखिन्छ । हालका दिनहरूमा यो सङ्ख्या भनेको विगतको तुलनामा निकै कम हो किन कि विगतमा करिव करिव सबै घरधुरीहरूले अधियाँ जग्गा कमाउने तथा हलीया काम गर्ने भएको भएतापनि अन्य रोजगारीका अवसरहरूको आकर्षण तथा वढ्दो आर्थिक विपन्नताको कारणले यस काम प्रति अहिलेका वर्तमान पुस्ता असन्तुष्ट रहेको देखियो ।

**तालिका नं. ५.१०**

**कृषि कार्यमा उत्तरदाताको विवरण**

| विवरण | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| आफ्नै मात्र जग्गा कमाउने | २३ | ७९.३१ |
| आफ्नो साथै अधिँया जग्गा कमाउने | ६ | २०.६९ |
| जम्मा | २९ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, ०६८

उपर्युक्त तथ्याङ्कअनुसार अध्ययन क्षेत्रका उत्तरदाताहरूमा जग्गा कमाउनेहरूको सर्वेक्षण गर्दा आफ्नो मात्र जग्गा कमाउने उत्तरदाता सङ्ख्या २३ (७९.३१%) र आफ्नो साथै अधिँया जग्गा कमाउने उत्तरदाता सङ्ख्या ६ (२०.६९%) देखिन्छ ।

### ५.३.५. ज्याला मजदूरी

खेत बारीको काममा उत्तरदाता समुदायका पुरुष र मजदूरी महिला समान रूपले ज्याला मजदूरीको काम गर्छन् । पुरुषहरू शारीरिक रूपमा बलिया हुने हुँदा हलो जोत्ने, कोदालो खन्ने, धान चुट्ने, खेतबारी सम्याउने आदि काम गर्दछन् भने महिलाहरू रोपाईं गर्ने, धान काट्ने, मुठा पार्ने, ढुङ्गा बोक्ने आदि काम गर्दछन् । यस बाहेक पुरुषहरू डकर्मी, सिकर्मी काम पनि गर्दछन् । यस काम बापत दैनिक ३०० देखि ४०० रूपैयाँ सम्म पुरुषले आम्दानी गर्छन् भने महिलाहरूले दैनिक १५० देखि २०० रूपैयाँ सम्म कमाइ गर्दछन् । ज्याला मजदूरीमा पुरुष र महिला बीच स्पष्ट विभेद रहेको पाइन्छ । जुन कानून तः अस्वीकार्य छ ।

**तालिका नं. ५.११**

**उत्तरदाताको आधारमा ज्याला मजदूरीको विवरण**

| ज्याला मजदूरी विवरण | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | जम्मा प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| कृषि क्षेत्रमा | ६ | २०.६९ | २ | ६.८९ | ८ | २७.५८ | – |
| निर्माण/ सेवा क्षेत्रमा | ५ | १७.२४ | १ | ३.४४ | ६ | २०.६८ | – |
| अन्य क्षेत्रमा | १० | ३४.४८ | ५ | १७.२४ | १५ | ५१.७२ | – |
| जम्मा | २१ | ७२.४१ | ८ | २७.५९ | २९ | १०० | – |

स्रोत : स्थलगत सर्वेक्षण, ०६८ ।

माथिको तालिकाअनुसार अध्ययन क्षेत्रका उत्तरदातामा गरिएको सर्वेक्षणअनुसार कृषि क्षेत्रमा ज्याला मजदूरी गर्ने पुरुष सङ्ख्या ६ र महिला २, निर्माण तथा सेवा क्षेत्रमा ज्याला मजदूरी गर्ने पुरुष सङ्ख्या ५ र महिला सङ्ख्या १ तथा अन्य क्षेत्रमा ज्याला मजदूरी गर्ने पुरुष सङ्ख्या १० र महिला सङ्ख्या ५ जुन प्रतिशतमा क्रमशः २७.५८, २०.६८, ५१.७२ हुन्छ ।

**५.३.६. पशुपालन**

यहाँका उत्तरदाताहरूको अर्को मुख्य पेशा पशुपालन हो । गाई, गोरु, भैंसी, बाखा, कुखुरा, सुँगुर, परेवा आदि सबै परिवारले पालेका छन् । यो पेशा कृषि पेशासँग जोडिएको छ । कृषिका लागि आवश्यक पर्ने मल मूत्र पशुपालनबाट प्राप्त हुन्छ । खेतबारी जोत्न गोरु गाई पाल्न पर्नेहुन्छ । भैंसी दूध, दही घिउका लागि पाल्दछन् । तर यहाँका उत्तरदाताहरूले भैंसी पालेर दूध, दही पर्याप्त उपयोग गरिरहेको देखिँदैन । उनीहरूले मासु तथा आर्थिक आम्दानीको स्रोतका रूपमा कुखुरा, सुँगुर, बाखा, परेवा आदि पाल्ने गर्दछन् । पशुपालनमा अधियाँ पशु पाल्ने काम हिजोआज प्रायः हटिसकेको छ ।

**तालिका नं. ५.१२**

**पशुपालनको विवरण**

| पशुपंक्षीको विवरण | पशुपंक्षी पाल्ने घरधुरी सङ्ख्या | पशुपंक्षी सङ्ख्या | कैफियत |
|---|---|---|---|
| भैंसी | २० | २२ | |
| गाई | २ | २ | |
| गोरु | २० | २२ | |
| बाखा | १६ | २६ | |
| कुखुरा /परेवा | २२ | १३० | |
| सुँगुर | १२ | ३७ | |
| जम्मा | ९२ | २३९ | |

स्रोत स्थलगत सर्वेक्षण : २०६८

नोट : बहुउत्तरको आधारमा उत्तरदाता ।

माथिको तालिकानुसार यस जातिमा पशुपालन गर्ने २९ घरधुरीमध्ये भैंसी र गोरु पाल्ने घरधुरी २०/२० रहेको छ । गाई पाल्ने घरधुरी २ र बाखा पाल्ने घरधुरी १६, कुखुरा परेवा पाल्ने घरधुरी सङ्ख्या २२ र सुँगुर पाल्ने घरधुरी सङ्ख्या १२ छ । यस समुदायमा पशुपालन एवम् पंक्षीबाट पुरुषले भन्दा महिलाहरूले थोरै भएपनि आर्थिक स्रोत प्राप्त गर्ने गरेको पाइन्छ । व्यावसायिक रूपमा पशुपंक्षी बढाउन नसक्नुमा छुवाछूत प्रथा, चरनको अभाव, घाँसको अभाव तथा केटाकेटीहरू स्कूल पठाउनुपर्ने बाध्यता रहेको स्थानीय बासिन्दा बताउँछन् ।

### ५.३.७. नोकरी

यहाँका उत्तरदाताहरू शैक्षिक क्षेत्रमा पुस्तौंदेखि पछाडि परेको कारणले गर्दा सरकारी एवम् गैह्र सरकारी क्षेत्रको नोकरीमा संलग्नता भएको कमै पाइन्छ । यस क्षेत्रका केहि सार्कीहरू आफ्नो जात थर ढाँटेर भारतीय सेनामा भर्ती भएको देखिन्छ । वैदेशिक रोजगारी तर्फ भारतको दिल्ली, मद्रास र खाडी मुलुकमा धेरै सङ्ख्यामा संलग्न भएको देखिन्छ । यसरी विदेशमा गई जागिर खाएर आफ्नो घरपरिवारको खर्च टर्ने र केही बचत गरी घर बनाउने, जग्गा खरिद गर्ने आदि गरेको पाइन्छ । सार्की जातिको आर्थिक उपार्जनको हिस्सा बैदेशिक रोजगारीले धानेको छ तर यो मात्रा न्यून नै छ । यसलाई तालिकामा निम्नानुसार देखाइएको छ ।

**तालिका नं. ५.१३**

**परिवारका सदस्यहरू नोकरीमा संलग्नताको आधारमा**

| नोकरीको विवरण | नोकरी गर्नेको सङ्ख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|
| भारतीय निजी क्षेत्रमा | २७ | ६५.८५ | |
| भारतीय सेना (पेन्सनवाला ) | ४ | ९.७५ | |
| खाडी मुलुक | १० | ३४.४८ | |
| जम्मा | ४१ | १०० | |

स्रोत : स्थलगत सर्वेक्षण २०६८ ।

यस समुदायसँग पर्याप्त जग्गा जमिन र भरपर्दो वैकल्पिक पेशाको अभावले गर्दा आर्थिक अवस्था त्यति सवल हुनसकेको छैन । नेपालमा रहेको जातिय छुवाछूत उच निचको भावना शिक्षा, स्वास्थ्यमा ठूला जातिको पहुँच र यिनीहरूलाई हेर्ने दृष्टिकोण तथा यिनीहरूभित्र रहेको हीन भावनाले गर्दा यिनीहरू शैक्षिक सामाजिक क्षेत्रमा अझै पिछडिएको अवस्थामा रहेका छन् । पछिल्लो समयमा आफ्नो पेशामा आएको परिवर्तनको कारणले अर्थिक अवस्था केही सुधारिए तापनि समग्र दलितहरूको अवस्था उपल्ला जातिहरूको तुलनामा कमजोर नै देखिन्छ । हाल नेपाल सरकारले दलितलाई सरकारी नोकरीमा आरक्षणको व्यवस्था गरे तापनि शैक्षिक हिसाबले पिछडिएका कारण यसबाट फाइदा लिन सकिरहेका छैनन् । शैक्षिक क्षेत्रमा यिनीहरूको पहुँच तल्लो तहमा बढी नै देखिए तापनि

माथिल्लो तहमा विभिन्न कारणले विद्यालय छाड्ने तथा उच्च शिक्षा सम्म अध्ययनलाई निरन्तरता दिने परिपाटी रहेको देखिँदैन ।

### ५.४. महिलाहरू पेशामा सहभागिता

यस क्षेत्रका महिलाहरू घरधन्दाको अतिरिक्त आफ्नो फुर्सदको समयमा विभिन्न आयमुलक काममा संलग्न भएका देखिन्छन । आय मुलक कामहरूमा हाँस, कुखुरा, बंगुर, बाखा पालन, सिलाई, कटाई, ज्यालमजदूरी आदि पर्दछन् ।

**तालिका नं. ५.१४**

**अध्ययन क्षेत्रका महिलाहरूको पेशागत अवस्था**

| कामको विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| हाँस, कुखुरा, वंगुरपालन, बाखापालन | ३६ | ७८.२६ |
| सिलाईकटाई | १ | २.१७ |
| ज्याला मजदूरी | ९ | १९.५६ |
| जम्मा | ४६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०६८।

यस अध्ययन क्षेत्रका महिलाहरूको पेशागत संलग्नताको अवस्था हेर्दा घरायसी कामको साथै आयआर्जनमूलक हाँस, कुखुरा, बंगुरपालन, बाखापालन गर्ने सङ्ख्या ३६ जना (७८.२६%) र सिलाई कटाई सम्बन्धी काम गर्ने महिलाहरूको सङ्ख्या १ जना (२.१७%) र ज्यालामजदूरी गर्ने महिलाहरूको सङ्ख्या ९ जना (१९.५६%) रहेको देखिन्छ ।

### ५.५. भू- स्वामित्व

यहाँका बहुसंख्यक उत्तरदाता जातिहरू कृषि पेशामा आश्रित छन् तर उनीहरूसँग आफ्नो स्वामित्वमा पर्याप्त जग्गा जमिन छैन । उनीहरूले अरुको अधियाँ खेती तथा भएको थोरै जग्गा पनि कम उब्जाउ तथा घर आगनले ओगटेको पाइन्छ । तीमध्ये केहीको जमिनले उनीहरूको परिवारलाई वर्ष दिनसम्म खान पुग्ने स्थिति देखाउँछ । यहाँका उत्तरदाताहरूको भू-स्वामित्वको अवस्था तलको तालिकामा देखाइएको छ ।

**तालिका नं ५.१५**

**उत्तरदाताको आधारमा जग्गा विवरण**

| जग्गा विवरण रोपनीमा | उत्तरदाता सङ्ख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ देखि ३ | ४ | १३.७९ | |
| ३ देखि ६ | ३ | १०.३४ | |
| ६ देखि ९ | १४ | ४८.२७ | |
| ९ देखि १२ | ६ | २०.६८ | |
| १२ देखि १५ | २ | ६.८९ | |
| जम्मा | २९ | १०० | |

स्रोत स्थलगत सर्वेक्षण : २०६८ ।

यस अध्ययन क्षेत्रका २९ घरहरूमध्ये घरसहित १ देखि ३ रोपनी जग्गा भएका ४ परिवार, ३ देखि ६ रोपनी जग्गा भएका ३ परिवार, ६ देखि ९ रोपनी जग्गा भएका १४ परिवार, ९ देखि १२ रोपनी जग्गा भएका ६ परिवार र १२ देखि १५ रोपनी जग्गा भएका २ परिवार तथा प्रतिशतको आधारमा क्रमशः (१३.७९%, १०.३४ %, ४८.२७ %, २०.६८ %, ६.८९ %) रहेको देखिन्छ । यहाँको राम्रो उर्वर जग्गामा एकदिन रोपाई गर्दा ३.५ मुरी देखि ५ मुरीसम्म अन्न उब्जनी हुने स्थानीय बासिन्दा बताउँदछन् । तरपनि यहाँका उत्तरदाताहरूको समुदायमा ५ घर परिवारलाई मात्र वर्षभरि खाना पुग्ने जग्गा भएको स्थलगत सर्वेक्षणबाट देखिन्छ ।

## ५.६ आम्दानी

यहाँका उत्तरदाताहरूको आर्थिक अवस्था विगतको तुलनामा धेरै सुधार आएको भए तापनि समग्र जनसङ्ख्यामा आर्थिक समानता देखिँदैन । आफ्नो मेहनत र परिश्रमबाट आफ्नो आर्थिक अवस्था सुधार्न मरिमेट्ने गरेको पाइन्छ । उनीहरूसँग खेती गर्नको लागि पर्याप्त जग्गा जमीन छैन । आफ्नो पुर्ख्यौली पेशा छाडिसकेका छन् । आफूसँग भएको जग्गा जमिन पनि बढ्दो परिवार सङ्ख्याको कारण खण्डीकरण हुने क्रम जारी छ । उनीहरूको आफ्नो भरपर्दो वैकल्पिक पेशा ज्याला मजदूरी, डकर्मी सिकर्मी र वैदेशिक रोजगारी रहि आएको छ । यसबाहेक देशबाहिर गएर नोकरी गर्ने परम्पराले जीवन निर्वाहको आधार बनेको तथ्याङ्कले देखाउँछ । यस जातिले आम्दानीको बढी हिस्सा जाँड, रक्सी, चुरोट, सुर्ती,

खैनी आदिमा फजुल खर्च गरी  उडाएको देखिन्छ । मासिक आम्दानी विवरण तल दिइएको छ ।

## तालिका नं. ५.१६

## उत्तरदाताको आधारमा वार्षिक आम्दानी विवरण

| वार्षिक आम्दानी विवरण रूपैयाँमा | उत्तरदाता सङ्ख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|
| २४,००० देखि ४८,००० | ४ | १३.७९ | |
| ४८,००० देखि ७२,००० | २ | ६.८९ | |
| ७२,००० देखि ९६,००० | ६ | २०.६८ | |
| ९६,००० देखि १,२०,००० | १० | ३४.४८ | |
| १,२०,००० देखि १,४४,००० | ६ | २०.६८ | |
| १,४४,००० देखि माथि | १ | ३.४४ | |
| जम्मा | २९ | १०० | |

स्रोत स्थलगत सर्वेक्षण : २०६८ ।

माथिको तालिका अनुसार यस वडाका २९ घर धुरीमा गरेको अध्ययन विवरण हो । सरसर्ति हेर्दा उनीहरूको पारिवारिक आर्थिक अवस्था केही राम्रो देखिन्छ । सरदर १ दिन ज्याला मजदूरी गरेवापत ३०० देखि ४०० सम्म कमाइ गर्दछन्  भने महिलाले १५० देखि २०० सम्म पाउँछन् तर सधैं कामको अवसर हुँदैन । ज्याला मजदूरी मौसमअनुसार मात्र हुन्छ । त्यसबाहेक डकर्मी सिकर्मी अलवा महिलाहरूले ढुङ्गा बोक्ने काम पनि गर्दछन् । त्यस्तै नोकरीबाट प्राप्त पेन्सन, तलव, ज्याला मजदूरी आदिको आधारमा पारिवारिक आम्दानी विवरण तयार पारिएको हो तथापि उक्त विवरणले आर्थिक अवस्था राम्रो देखाउँछ ।

यस आधारमा मासिक २४,००० देखि ४८,००० सम्म आम्दानी गर्ने घरधुरी सङ्ख्या ४  (१३.७९%), ४८,००० देखि ७२,००० सम्म आम्दानी गर्ने घर धुरी सङ्ख्या २ (६.८९%), ७२,००० देखि ९६,००० सम्म आम्दानी गर्ने घर धुरी सङ्ख्या ६ (२०.६८%), ९६,००० देखि १,२०,००० सम्म आम्दानी गर्ने घर धुरी सङ्ख्या १० (३४.४८%), १,२०,००० देखि १,४४,००० सम्म आम्दानी गर्ने घर धुरी सङ्ख्या ६ (२०.६८%) र  १,४४,००० भन्दा माथि आम्दानी गर्ने घर धुरी सङ्ख्या १ (३.४४%) रहेको देखिन्छ । उपर्युक्त आँकडा अनुसार कमाइ

गर्नेमा भारतमा अस्थायी नोकरी गर्ने तथा खाडी मुलुकहरूमा रोजगारी गर्ने र भारतीय सेनामा निवृत्त भई पेन्सन लिनेहरूको कमाइ उच्च स्तरको देखिन्छ भने पछिल्लो १,४४,००० भन्दा माथि कमाई गर्ने परिवार भारतीय सेना निवृत्त पुरुष र महिला भारतमै रोजगारी भएकाले देखिन आएको हो । यहाँ उल्लिखित आम्दानीको आँकडाबाट उत्तरदाता जातिहरूले घर व्यवहार सञ्चालनमा आइपर्ने सम्पूर्ण खर्च जस्तै खाद्यान्न, कपडा, स्वास्थ्य उपचार, बच्चाको पढाइ लेखाइ, विभिन्न चाडपर्व र धार्मिक संस्कार सम्पन्न गर्ने गर्दछन् । उनीहरूको भनाइअनुसार आम्दानीबाट खर्च कटाउँदा खासै बचत रहेको देखिदैन ।

## ५.७ खाना

उत्तरदाता जातिहरूले परम्परागत रूपमा खानेगरेका वस्तुहरू अहिले आएर न्युन रूपमा प्रयोग हुँदै आएका छन् । वैदेशिक राजेगारीको पहुँच र शहरीकरण तथा आधुनिकीकरणको प्रभाव यी जातिहरूमा पनि परेको देखिन्छ । शहरमा प्राप्त हुने चामल, दाल, तरकारीको परिकारलाई खानाका रूपमा हाल प्रयोग गरिदै आएको पाइन्छ ।

**तालिका नं. ५.१७**

**खानाको आधारमा उत्तरदाताको विवरण**

| विवरण | पहिले | | अहिले | | कैफियत |
|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| आटो, ढिंडो, खोले, सिस्नु, गुन्द्रुक, रोटी | २६ | ८९.६५ | २ | ६.८९ | |
| दाल, भात, तरकारी, फलफूल | ३ | १०.३४ | २७ | ९३.१० | |
| जम्मा | २९ | १०० | २९ | १०० | |

स्रोत : स्थलगत सर्वेक्षण, ०६८

## ५.८ खर्च

यहाँका उत्तरदाताहरूको २९ घरधुरीको मासिक आम्दानीलाई हेर्दा उनीहरूको आर्थिक अवस्था राम्रो देखिएतापनि आम्दानी अनुसार घरखर्चको अनुपात पनि लगभग वरावर देखिन्छ भने केही घरपरिवारको ऋणसमेत रहेको पाइयो । अध्ययन क्षेत्रका २९ घर परिवार मध्ये ५ परिवारले आफ्नो वार्षिक उत्पादनबाट खान पुग्ने र खानकै लागि अन्य

स्रोतको आवश्यकता नपर्ने वताए तापनि बाँकी २४ परिवारले खाद्यान्नको लागि आफ्नो उत्पादनबाहेक अन्य स्रोतको भर पर्नुपर्ने रहेको पाइयो । उनीहरूको घर परिवारमा सङ्ख्या हेर्दा बढीमा १० जना सम्म र सामान्यमा ५ देखि ७ जनासम्म रहेकाले मासिक खाद्यान्नमा औसत खर्च १२०० देखि १५०० सम्म हुने स्थानीय घरमालिकहरू बताउँछन् । यसै गरी लत्ता कपडा औषधी उपचार तथा केटाकेटीहरूको पढाइ खर्च समेत यसमा थप हुने उनीहरू वताउँछन् । औषधी उपचारमा स्वास्थ्यप्रतिको न्यून चेतनाले खर्च अलि बढी नै हुने गरेतापनि वार्षिक रूपमा यति नै खर्च हुन्छ भनेर बताउन नसके तापनि सरदरमा १५०० देखि २००० सम्म सामान्य औषधि उपचारमा खर्च हुने गरेको पाइयो । शिक्षा क्षेत्रमा नेपाल सरकारले दलित बालबालिकालाई निःशुल्क शिक्षा प्रदान गरे तापनि केही परिवारले आफ्ना बच्चाहरूलाई निजी स्कूलमा समेत पढाएको पाइयो । यसरी हेर्दा सार्वजनिक स्कूलमा समेत कापी कलम, झोला, ड्रेस आदिमा खर्च हुने भएकोले वार्षिक रूपमा १० देखि १५ हजार सम्म खर्च हुने गरेको बताएका छन् । यी खर्चबाहेक विभिन्न भैपरिआउने खर्चको रूपमा चाडपर्व, पाहुना, विवाह, व्रतबन्ध र अन्य सामाजिक कार्यमा आफ्नो औकात अनुसार खर्च हुने उनीहरू वताउँछन् । यस अतिरिक्त चार्डपर्व र अन्य सामाजिक सांस्कृतिक पर्वका साथै बेला बखतमा गरिने फचुल खर्चका कारण उनीहरूमा ऋण भार बढेको बताउँछन् ।

**तालिका नं. ५.१८**

**उत्तरदाताको आधारमा वा वार्षिक खर्च विवरण**

| वार्षिक खर्च हजारमा | परिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ०-३०,००० | ७ | २४.१३ |
| ३०,०००-६०,००० | १६ | ५५.१६ |
| ६०,०००-१,००,००० | ४ | १३.७९ |
| १,००,००० भन्दा माथि | २ | ६.८९ |
| जम्मा | २९ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, ०६८ ।

उपर्युक्त तालिकाअनुसार ३०,००० सम्म वार्षिक खर्च गर्ने परिवार सङ्ख्या ७ (२४.१३%), ३०,०००-६०,००० सम्म खर्च गर्ने परिवार सङ्ख्या १६ (५५.१७%), ६०,०००-

१,००,००० सम्म खर्च गर्ने परिवार ४ (१३.७९%) र १,००,००० माथि खर्च गर्ने परिवार सङ्ख्या २ (६.८९%) रहेको छ ।

## ५.९ स्वास्थ्य सेवा तथा उपचार

अध्ययन क्षेत्रमा घरधुरी सर्वेक्षणबाट तथा प्रत्यक्ष सूचना संकलनको माध्यमबाट यस क्षेत्रका जनसमुदायहरू स्वास्थ्य सम्बन्धी सूचना लिने तथा औषधी उपचार गराउने विधि र पद्धति बदलिदो परिवेशअनुसार तथा आधुनिकीकरणको प्रभावले यिनीहरूमा परम्परागत भन्दा भिन्न खालको देखिन्छ ।

**तालिका नं. ५.१९**

**स्वास्थ्य सेवा र सूचना लिने घरधुरीको विवरण**

| स्रोत | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| हेल्थपोष्ट | ७ | २४.१३ |
| मा.शि.का./स्वा.का. | १९ | ६५.५१ |
| अन्य स्रोतबाट | २ | ६.८९ |
| कतैबाट नलिने | १ | ३.४४ |
| जम्मा | २९ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८ ।

माथिको तालिकाबाट हेर्दा करीब १९ जना वा ६५.५१% उत्तरदाताले मा.शि.का. वा स्वास्थ्य कार्यकर्ताबाट स्वास्थ्य सूचना र सल्लाह लिने गरेको पाइयो । त्यस्तै ७ उत्तरदाता वा २४.१३% ले हेल्थपोष्टमा आफैं उपस्थित भई स्वास्थ्य सेवा र सल्लाह लिने गरेको पाइयो । २ जना उत्तरदाताले अन्य स्रोत बताए भने १ उत्तरदाताले “मैले त यस्तो सुविधा कहीँ कतैबाट लिने गरेको छैन” भने ।

**तालिका नं.५.२०**

**बिरामी हुँदा औषधी उपचार गराउने विधि**

| उपचार पद्धति | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| धाँमी, झाँक्री र जडीबुटी | १ | ३.४४ |
| जडीबुटी र स्वास्थ्य चौकी | १६ | ५५.१७ |
| स्वास्थ्य चौकी र अस्पताल | १२ | ४१.३७ |
| जम्मा | २९ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८

विरामी हुँदा कहाँ उपचार गराउनु हुन्छ भन्ने प्रश्नको उत्तरमा निम्नअनुसार विवरण पाइयो - धामीझाँक्री जडिवुटीबाट उपचार गराउने १ उत्तरदाता वा ३.४४%, जडिबुटी र स्वास्थ्य चौकीबाट उपचार गराउने १६ उत्तरदाता वा ५५.१७% तथा स्वास्थ्य चौकी वा अन्य सुविधासम्पन्न अस्पतालमा उपचार गराउन जाने १२ उत्तरदाता वा ४१.३७% रहेको पाइयो । यस तथ्याङ्कबाट अध्ययन क्षेत्रका जातिहरूमा विस्तारै परम्परागत उपचार पद्धतिबाट आधुनिक पद्धति अग्रसर भएको देखियो ।

## ५.१० उत्तरदाता जातिको पेशामा आएको परिवर्तनको स्थिति

अध्ययन क्षेत्रका उत्तरदाता जातिहरूको पेशामा परिवर्तनको स्थिति अध्ययन गर्दा यस क्षेत्रका उत्तरदाता जातिको पेशामा परिवर्तनको स्थितिबारे अध्ययन गर्दा, यस क्षेत्रका उत्तरदाता जातिको परम्परागत पेशा भनेको छालाको काम गर्नु र हली बस्नु हो । तर यहाँका उत्तरदाता जातिहरूले हाल आएर यो पेशा अवलम्बन गरेको पाइदैन । लामो समयसम्म अपनाउँदै आएको हलिया प्रथामा वर्षभरि उपल्ला जातिको घर बाली लगाएदिए बापत वार्षिक रूपमा केही अन्न ज्यालास्वरूप पाउने प्रथालाई 'बालीघरे' प्रथा भनिन्छ । यसले उत्तरदाता जातिहरू लामो समय शोषणको मारमा परेको अवस्था देखिन्छ ।

**तालिका नं.५.२१**

**अध्ययन क्षेत्रका उत्तरदाता जातिको पेशागत परिवर्तनको स्थितिः**

| पेशागत विवरण | उत्तरदाताको पेशागत संलग्नता | | | | कैफियत |
|---|---|---|---|---|---|
| | पहिले | | अहिले | | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| छालासम्बन्धी काम | ४ | १३.७९ | - | - | |
| हली प्रथा | २१ | ७२.४१ | - | - | |
| अन्य | ४ | १३.७९ | २५ | ८६.२० | |
| ज्याला मजदूरी | – | – | ४ | १३.८० | |
| जम्मा | २९ | १०० | २५ | १०० | |


स्रोत : स्थलगत सर्वेक्षण-२०६८

(नोट : प्रस्तुत तालिकामा उत्तरदाताको पेशागत विवरणमा अन्य भन्नाले वैदेशिक रोजगारी, नोकरी र डकर्मी सिकर्मी बुझाउँछ ।)


उपर्युक्त तालिकाअनुसार अहिले अध्ययन क्षेत्रमा भएका उत्तरदाताले दिएको उत्तरको आधारमा उक्त क्षेत्रका वृद्ध वा उनीहरूको बावुबाजेले विगत समयमा छाला सम्बन्धी काम गर्नेको सङ्ख्या ४ जुन १३.७९%, बालीघरे प्रथामा संलग्न परिवार सङ्ख्या २१ जुन ७२.४१% रहेको थियो भने अन्य पेशामा संलग्न सङ्ख्या जम्मा ४ जुन १३.७९% रहेको पाइयो । हालका दिनमा बैदेशिक रोजगारी भारत वा तेस्रो मुलक, डकर्मी, सिकर्मी वा ज्यालादारीमा संलग्न सङ्ख्या २५ रहेको र सामान्य निम्न स्तरको ज्याला मजदूरी गर्ने घरधुरी सङ्ख्या ४ रहेको आँकडाबाट देखिन्छ ।

परम्परागत रूपामा उत्तरदाता जाति छालाको काम गर्ने तथा हलिया काम गर्ने यिनीहरूको पुर्ख्यौली पेशा भए तापनि हालका दिनहरूमा युवा जनशक्ति यस कामप्रति संलग्न भएको देखिँदैन ।

चित्र नं ५


पेशागत परिवर्तन
१४%
१४%
७२%
छालासम्बन्धी काम
हली प्रथा
अन्य

चित्र नं ६


पेशागत परिवर्तन
१४%
८६%
ज्याला मजदूरी
अन्य

## ५.११ अध्ययन क्षेत्रका उत्तरदातामा कुलतको अवस्था

नेपाली समाजमा विद्यमान विभिन्न सामाजिक विकृति र विसङ्गतिहरू रहेको परिप्रेक्ष्यमा यस अध्ययन क्षेत्रका समुदायहरू पनि यस कुलतको संस्कारबाट मुक्त हुन सकिरहेका छैनन् । यिनीहरूले जाँडरक्सी सेवन गर्नु, चुरोट, बिडीँ, खैनी, सुर्ति आदि हानिकारक बस्तुको सेवन गर्नु सामान्यजस्तै भएको छ । तपाइँले जाँडरक्सी पिउनु हुन्छ भनी सोध्दा सहज रूपमा स्वीकार गर्न हिच्किचावट भए तापनि उनीहरू यस समस्याले निकै ग्रसित छन् । अध्ययन क्षेत्रका महिला र पुरुषहरूले सुख-दुःख र पीर दुवै क्षणहरूमा मादक पदार्थ सेवन गर्ने र झै-झगडा गर्ने गरेको उत्तरदाताहरूले गह्रौ मनले स्वीकार गर्दछन् । सामान्यतया दशैँ, तिहार, तीज, माघेसङ्क्रान्ति, साउने सङ्क्रान्ति, चैते दशैँ आदि पर्वहरूमा यिनीहरूले अनिवार्यरूपमा जाँडरक्सी सेवन गर्दछन् भने त्यसै गरी आफ्ना संस्कारगत कार्यहरूमा पनि यसको प्रयोग हुने गर्दछ । तर आजको पुस्ता भने जाँडरक्सीको प्रयोगबाट अलिक टाढा रहने कोशिस गरेको अध्ययन क्षेत्रका एक जना उत्तरदाता बताउँछन् ।

अध्ययन क्षेत्रका समुदायले आर्थिक उपार्जनको लागि विभिन्न पेशा, व्यवसाय र रोजगारी गरे तापनि चेतनाको अभाव र बचत गर्ने बानीको कमीले गर्दा आयआर्जन भए तापनि खासै बचत हुन नसक्नुको मूल कारण फजुल खर्च गर्ने गरेकाले र जाँडरक्सी तथा चुरोट बिँडी, सुर्ती, खैनी जस्ता हानिकारक वस्तु सेवन गर्ने गरेकोले देखिन्छ ।

## ५.१२ आर्थिक पछौटेपनका कारणहरू

मानव जीवनका हरेक पक्षहरू जस्तै सामाजिक, सांस्कृतिक, आीर्थक, शैक्षिक, हरेक विकासमा प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव पार्ने कारक तत्त्वका रूपमा आर्थिक अवस्थालाई लिइन्छ । कुनै पनि समाजको चौतर्फी विकासको लागि आर्थिक पक्षले प्रभावकारी ढंगबाट भूमिका खेलेको पाइन्छ । यस अतिरिक्त शैक्षिक चेतना र शैक्षिक विकासले पनि आर्थिक, सामाजिक विकासमा प्रभावकारी भूमिका खेलेको हुन्छ । उपर्युक्त अध्ययन/अनुसन्धान गरिएका विविध गतिविधहरूलाई नियाल्दा यहाँका उत्तरदाता जातिहरूको २९ घरधुरीहरू पिछडिनु वा पछाडि पर्नुको प्रमुख कारण अर्थिक र शैक्षिक पक्षलाई लिन सकिन्छ । शैक्षिक तथा आर्थिक रूपले उत्तरदाता जातिहरू पिछडिनुमा निम्न कारणहरू हुन सक्छन्:

### ५.१२.१. जमिनको असमान वितरण

नेपाल एक कृषि प्रधान देश भए तापनि देशको १८ % भूमि मात्र कृषि योग्य छ भने ७० % किसानहरूसँग २० रोपनी भन्दा कम जग्गा जमिन छ । जसको स्वामित्वमा कूल कृषियोग्य भूमिको ३०% भूभाग मात्रै पर्दछ । अर्कोतिर १०० रोपनी भन्दा बढी जमिन हुने धनी किसानहरू १.५% मात्र छन् । उनीहरूको स्वामित्वमा खेती योग्य भूमिको करिव १४% हिस्सा रहेको छ । यसले भूमिको असमान वितरणलाई पुष्टि गर्दछ । त्यसैले अध्ययन क्षेत्रका उत्तरदाता जातिहरू पनि खेती पातीको काम गर्ने हुँदाहुँदै पनि भू-स्वामित्व न्यून भएकाले समाजका उपल्ला जातिहरूको जग्गा अधियाँ कमाउनु परेको छ । जसले गर्दा यहाँका उत्तरदाताहरूको आर्थिक अवस्था कमजोर हुन गएको हो ।

### ५.१२.२. परम्परागत कृषि

यहाँका अधिकांश उत्तरदाताहरू कृषि पेशामा आश्रित भएता पनि उनीहरूले गर्ने कृषि प्रणाली परंपरागत र अवैज्ञानिक रूपको छ । मौसममा आधारित कृषि, कृषिमा व्यावसायिकताको अभाव, बजारीकरणको अभाव, कृषि औजार तथा मल बीउको अभाव आदि कारणले कृषि व्यावसायमुलक नभई निर्वाहमुखी हुन गएको छ । यसले गर्दा उनीहरूको आर्थिक अवस्था कमजोर भएको हो ।

### ५.१२.३. परंपरागत जातिय पेशाको अभाव

उत्तरदाता जातिहरूको आफ्नो परंपरागत पेशा छालाको जुत्ता सिलाउनु हो । तर यहाँका सार्कीहरूले यो पेशा हाल आएर गरेको पाइँदैन । उनीहरूका बाजेको पालादेखि नै उक्त पेशा हटेर हली बस्ने पेशा अपनाएकाले उनीहरू लामो समयसम्म आर्थिक शोषणको मारमा पर्न गए । छालाको जुत्ता सिलाउने व्यावसाय आधुनिकता सँगै दक्ष जनशक्तिको विकास गरी व्यावसायिक ढङ्गले अगाडि बढाएको भए सायद उनीहरूको अवस्था यस्तो कमजोर हुने थिएन ।

### ५.१२.४. शिक्षाको पहुँचमा कमी

देश विकासका लागि शिक्षा मेरुदण्ड हो तर यहाँका उत्तरदाता जातिहरूमा शिक्षाको खासै पहुँच पुग्न सकेको देखिएन । अध्ययन क्षेत्रका ३ जना पुरुष र एक जना महिला उ.मा.वि. तहमा अध्ययन गरेका तथा १ जना पुरुषले मात्र स्नातक परीक्षा उत्तीर्ण गरेको पाइयो । उनले नोकरीको शिलशिलामा भारतमै बसेर सङ्गीतमा स्नातक गरी भारतीय फिल्म उद्योगमा सानो तिनो काम गरेको पाइयो भने अध्ययन क्षेत्रका अन्य व्यक्तिहरूको शिक्षा एस.एल.सी. वरिपरिको मात्र रहेको पाइयो । शिक्षाको राम्रो पहुँच नहुनुको कारण सरकारी तथा गैह्र सरकारी क्षेत्रमा रोजगारी प्राप्त हुनुबाट वञ्चित हुनपरेको उनीहरू बताउँछन् । यसका अतिरिक्त पुरुषहरू वैदेशिक रोजगारीमा जानुले महिला तथा केटाकेटी हरू घरायसी, कृषि र ज्याला मजदूरीको काममा समेत कहिले काहीं जानु पर्नाले नियमित स्कूल जान नसकी पढाइ कमजोर हुनाले विद्यालय बीचैमा छाड्नुपरेको समेत कतिपय परिवारहरूले बताउँछन् ।

### ५.१२.५.सीपमा कमी

यस समुदायका उत्तरदाता जातिहरूले कृषिको साथै अन्य आयआर्जन गर्न आयमूलक तालिम तथा सीप विकासको मौकाबाट वञ्चित हुनु परेकाले अर्थिक पछौटे पन देखिएको हो । कृषि पेशाको अदृष्य बेरोजगारीमा नै समय बिताउने गरेको देखिन्छ । यस अतिरिक्त डकर्मी, सिकर्मीहरूलाई पनि आधुनिक तालिम उपलब्ध नगराउने हो भने भोलिका दिनहरूमा कि त उनीहरू यस पेशाबाट पलायन हुने देखिन्छ भने कि त बेरोजगार हुनु पर्ने अवस्था रहेको छ ।

### ५.१२.६. स्वास्थ्य तथा सरसफाइमा अभाव

उत्तरदाता जातिहरूले खानपानमा त्यति ध्यान दिएको देखिँदैन । ताजा र सफा खानेकुरा नखाने, घरवरिपरि सफा नराख्ने, मरेका पशु वस्तुको मासु खाने, चुरोट, खैनी सुर्ती खाने, मदिरा सेवन गर्ने र विरामी पर्दा औषधि उपचारको सट्टा फुकफाकमा विश्वास गर्ने भएकाले पनि आर्थिक अवस्थामा प्रभाव पारेको देखिन्छ ।

### ५.१२.७. महिला सहभागितामा कमी

उत्तरदाता जातिका पुरुषहरूले विविध पेशा अपनाएर आय आर्जन गरे तापनि महिलाहरूको सहभागिता भने कम नै देखिन्छ । आर्थिक उपार्जन मूलक काममा नभएर

घरधन्दामा बढी व्यस्त हुनुपर्ने महिलाको अवस्था रहेकोले अर्थिक भार पुरुषहरूमा मात्र देखिन्छ । अझ वैदेशिक रोजगारीमा गएका पुरुषहरूका महिलाहरू त वास्तवमै त्यति घरायसी काममा संलग्न नभै मनोरञ्जन पूर्ण कार्यमा बढी संलग्न भएको पाइयो ।

### ५.१२.८. ऋण

उत्तरदाता जातिहरूको परम्परादेखि नै चल्दै आएका विभिन्न संस्कारहरू विवाह, व्रतबन्ध, मृत्यु संस्कार सम्पन्न गर्न उपल्ला जातिहरूसँगबाट ऋण लिने गरेको पाइन्छ । यस्ता विभिन्न चाडपर्व र संस्कारहरूमा आफ्नो रवाफ देखाउनका लागि फजूल खर्च गर्ने परिपाटीले यिनीहरूमाथि ऋणको भार बढेको पाइन्छ । यसका अतिरिक्त वैदेशिक रोजगारीमा संलग्न पुरुषका महिलाहरू पनि आफू भड्किलो देखिन अनावश्यक रूपमा फजूल खर्च गरी आर्थिक भार बढाएको पाइयो ।

# अध्याय : छ
# सारांश, मुख्य प्राप्ति, निष्कर्ष र सुझाव

## ६.१ सारांश

एशिया महादेशमा पर्ने नेपाल विश्वको मानचित्रमा सानै देखिए तापनि सामाजिक र सांस्कृतिक विशेषताका दृष्टिकोणले भरिपूर्ण छ । विभिन्न जातजाति, भाषाभाषी र समुदायको साझा फूलबारीका रूपमा रहेको नेपाली समाजको संरचना नेपालको भूखण्डको संरचनामा भएको विविधता जस्तै रहेको छ । विभिन्न जातजातिले आफ्नो सामाजिक एवं सांस्कृतिक विविधताले नेपाललाई धनी बनाउन सहयोग गरेका छन् । यस्तै जात जातिमध्ये सार्की जाति पनि एक हो । सार्कीहरू गाउँमा बसोबास गर्दछन् । बागलुङ जिल्ला विनामारे गा.वि.स. क्षेत्रका सार्की जातिका बारेमा कसैले पनि अध्ययन-अनुसन्धान गरेको पाइँदैन । यस अध्ययनको शीर्षक "सार्की जातिको परम्परागत पेशामा आएको परिवर्तनले सामाजिक सांस्कृतिक अवस्थामा पारेको प्रभाव एक अध्ययन " राखिएको छ । यसै शीर्षकका आधारमा यस क्षेत्रमा बसोबास गर्ने सार्की जातिको सामाजिक, सांस्कृतिक, शैक्षिक, आर्थिक अध्ययन गरिएको छ ।

यस शोधकार्यमा अछूत र दलित वर्गमा पर्ने सार्की जातिको सामाजिक, सांस्कृतिक, शैक्षिक एवं आर्थिक अवस्था कस्तो छ ? रीतिरिवाज, चालचलनहरू के-कस्ता छन् ? परंपरागत पेशामा कस्तो परिवर्तन आएको छ  र उक्त परिवर्तनले सामाजिक आर्थिक क्षेत्रमा कस्तो प्रभाव पारेको छ ? आदि प्रश्नहरूको समाधान खोज्ने प्रयास गरिएको छ । अध्ययनका उद्देश्यहरूमा यहाँ बसोबास गर्ने सार्की जातिको सामाजिक, आर्थिक अवस्थाको चित्रण गर्नु, यिनीहरूको अन्य जातिसँगको अन्तरसम्बन्धबारे पहिचान गर्नु, र सार्की जातिको परम्परागत पेशामा आएको परिवर्तनको अध्ययन गर्ने रहेका छन् । यस अध्ययनबाट परम्परागत रूपमा दलित, अछूत, पानी नचल्ने, छोइछिटो हाल्नुपर्ने, यस क्षेत्रमा बसोबास गर्ने सार्की जातिको सामाजिक, आर्थिक, शैक्षिक अध्ययनसहित यिनीहरूको परम्परागत पेशामा आएको परिवर्तनले सामाजिक सांस्कृतिक अवस्थामा पारेको प्रभावका बारेमा सामान्य जानकारी प्राप्त हुनेछ भन्ने आशा राखिएको छ ।

यस अनुसन्धानक्षेत्रमा बसोबास गर्ने सार्कीहरू कहाँबाट कहिलेदेखि यहाँ आएर बसोबास गरेका हुन् भन्ने विषयमा आधिकारिक तथ्य र लेख्य प्रमाणहरू फेला पार्न सकिएको छैन । यिनीहरू कहाँबाट कसरी आए भन्ने कुरा  समय यकिन नभए पनि यो समय लगभग १५० वर्षभन्दा अगाडि भएको हुन सक्ने अनुमान गरिएको छ । यसै गा.वि.स. वडा नं. ७ मा बसोबास गर्ने  एकजना वृद्ध सार्कीका भनाइ अनुसार आफूहरूका पुर्खा आजभन्दा लगभग १५० वर्ष अगाडि यसै बाग्लुङ जिल्लाको छिस्ती गा.वि.स.बाट बसाइँ सरी आएको बताउँछन् ।

यस क्षेत्रमा बसोबास गर्ने उत्तरदाताले आधुनिक उपचारको विधि मा नै बढी विश्वास गरेको देखिन्छ, तर पनि कसै कसैले भने धामीझाँक्रीमाथि पनि विश्वास गर्ने गरेको पाइन्छ ।

यस क्षेत्रभित्र बसोबास गर्ने उत्तरदाताको शैक्षिक अवस्था अत्यन्त नाजुक भएको देखिन्छ । अरू जातिमाझैं यस जातिमा पनि श्रमविभाजनको अवस्था देखिन्छ । आर्थिक कारोबार, बाह्य रेखदेख, आवश्यक सामग्री जुटाउने, खेतीपातीको गर्‍हौं काम (हलो जोत्ने, वैदेशिक रोजगारी, डकर्मी, सिकर्मी आदि) पुरुषको जिम्मेवारीभित्र रहेको देखिन्छ भने घरभित्रको काम, सरसफाइको काम, खेतीपातीमा सहयोग गर्ने काम महिलाको जिम्मेवारीभित्र रहेको देखिन्छ । यद्यपी यी कामहरूको अतिरिक्त महिलाहरू मेलापात गर्न तथा ज्याला मजदूरी गर्ने गरेको देखिन्छ । पितृसत्तात्मक समाजलाई नै अनुसरण गरेकोले सम्पत्ति तथा महत्त्वपूर्ण निर्णयहरूमा पुरुषहरूकै अधिकार रहेको देखिंन्छ । बैदेशिक रोजगारीमा पुरुषहरू संलग्न हुँदै आएकाले  महत्त्वपूर्ण निर्णयमा महिलाको सहभागिता रहेको देखिन्छ तर पुरुषहरू घरमै भएका महिलाहरूमा यो अधिकार केही कम रहेको पाइयो ।

खानपिन, रहनसहन, भेषभूषा, चाडपर्व आदि अरू जातिसँगै मिल्दोजुल्दो देखिन्छ । दाल, भात, ढिंडो, रोटी, तरकारी खानाको रूपमा खाने गरेको पाइन्छ । महिलाले सारी, ब्लाउज, पुरुषले कमिज, कछाड अनि सर्ट, पाइन्ट लगाउने गरेको पाइन्छ । साउने सङ्क्रान्ति, तीज, दशैं, तिहार, माघे सङ्क्रान्तिजस्ता चाडपर्वहरू यिनीहरूले मनाउने गरेको पाइन्छ । जन्मदेखि मृत्युसम्मका संस्कार हिन्दूधर्मअनुसार गर्ने गरेको पाइन्छ । चाडपर्वमा इष्टमित्रहरूलाई बोलाउने, नाता कुटुम्बको रमाउने स्वभाव रहेको पाइन्छ । यस्ता पर्वहरूमा जाँडरक्सीको सेवन अत्यधिक गर्ने गरेको पाइन्छ ।

दिनभरि श्रम नगरे बेलुका छाक नटर्ने अवस्थामा रहेका यी उत्तरदाताहरूमा इच्छा हुँदाहुँदै पनि गरीबीका कारणले आम राजनीतिक सहभागितामा आउन सक्ने स्थिति रहेको पाइँदैन ।

अध्ययनलाई उपलब्धिमुलक र तर्कपुर्ण बनाउन विश्वव्यवस्थात्मक, प्रकार्यवादी-संरचनावादी र मार्क्सवादी ढाँचा अवलम्बन गरिएको छ । यस अतिरिक्त पूर्व साहित्य समिक्षामा अग्रज विद्वानहरूका लेख रचना र शोधकर्ताहरूको शोधपत्रहरूलाई समेत अध्ययनको परिप्रेक्ष्यमा उपयोग गरिएको छ ।

## ६.२ मुख्य प्राप्ति

२०४६ सालको दोस्रो जनआन्दोलनपश्चात् पुनःस्थापित बहुदलीय प्रजातन्त्रले छुवाछूत प्रथा एवम् जातिय भेदभावको अन्त्यका लागि नेपालको सन्दर्भमा समावेश गरी कानूनी रूपमा उल्लेखनीय कार्य गऱ्यो । त्यसै गरी वि.सं. २०६२/०६३ को जनआन्दोलन-पश्चात नेपालको अन्तरिम संविधान २०६३ मा छुवाछूत र जातिय भेदभाव विरुद्धको हकलाई मौलिक हकको रूपमा स्थापित गरेको छ । तरपनि शहरी क्षेत्रको प्रभाव नपरेका मधेशी र पहाडी क्षेत्रमा छुवाछूत र जातिय भेदभाव विद्यमान रहेको छ ।

यसरी जातको आधारमा अपहेलित सार्की जाति पहिल्यैदेखि नै जातिय विभेद, छुवाछूत, बाहुनबाद, भाग्यवाद आदिको विश्वासको शिकार भएका छन् । यसले गर्दा समाजमा उनीहरूको मूल्य मान्यता नै छुट्टै खालको र परिवर्तन गर्न यसले पारेका प्रभावको र सामाजिक आर्थिक संस्थाहरूको अध्ययन गर्नु पर्ने हुन्छ ।

सार्की जात एकातिर छुवाछूतजस्तो अमानवीय व्यवहारबाट पीडित हुनु परेको छ भने अर्को तर्फ छुवाछूत वा जातिय विभेदका कारण सामाजिक तथा आर्थिक रूपमा पिछडिएका छन् । त्यही विभेदका कारण उनीहरूले आफूले चाहे अनुसारको काम गर्न पाउँदैनन् । त्यतिमात्र नभएर घरपरिवार, समाज, सार्वजनिक स्थल, धारा, पँधेरा, स्कूल, अस्पताल, आदि क्षेत्रहरूमा उनीहरूमाथि भेदभाव हुने गरेको पाइन्छ । बुँदागत रूपमा यस अनुसन्धानका प्राप्तिहरू तल उल्लेख गरिएको छ :

- छनोट क्षेत्रको उत्तरदाताको जनसङ्ख्या १५८ मध्ये पुरुष ८२ र महिला ७६ जना रहेको जसमा सक्रिय जनसङ्ख्या बढी देखिन्छ ।

- घरवासको अवस्था आँकलन गर्दा स्लेट ढुङ्गाले छाएका घर सङ्ख्या २० (६८.९६%), र जस्ता पाताले छाएको घर सङ्ख्या ९ (३१.०४%) जुन आर्थिक अवस्था सुधारिएको सङ्केत हो ।
- आधुनिक प्रविधिको प्रयोगलाई हेर्दा २९ वटै घरधुरीले प्रयोग गरेको हुनाले सार्कीजातिमा आधुनिकीकरणको प्रभाव देखिन्छ ।
- पारिवारिक ढाँचा एकात्मक देखिनुले नयाँ पुस्ता "सानो परिवार-सुखी परिवार" भन्ने नाराबाट प्रभावित देखिन्छ, किनकि यस्तो परिवार व्यवस्थापन गर्न सजिलो हुन्छ ।
- उत्तरदाताको शैक्षिक अवस्था हेर्दा विगत त्यति राम्रो छैन साक्षर जनसङ्ख्या ७० (६८.६२%), निमावि तहको जनसङ्ख्या १३, एस.एल.सि.तहको जनसङ्ख्या १४, उ.मा.वि.तहको ४ र स्नातक तहको जनसङ्ख्या १ मात्र रहेको जुन मानिस त्यस गाँउमा खासै बसोवास गर्दैन । स्नातकोत्तर तहको जनसङ्ख्या छदैं छैन । अध्ययन क्षेत्रको कुल जनसङ्ख्याको ३६ जना (७२.७८%) निरक्षर छ ।
- अध्ययन क्षेत्रको उत्तरदाताको आफ्नै जग्गाको खाद्यान्न वितरणको अवस्था हेर्दा ९-१२ महिना खान पुग्ने घरधुरी सङ्ख्या ५ मात्र (१७.२४%) जसले श्रमजीवी समुदायको पहुँचमा खेतीयोग्य जमिनको अभाव देखिन्छ ।
- विनामारे वडा नं. ९ का उत्तरदाताको पेशागत विवरण हेर्दा पुरानो हलिया प्रथा र छालाको काम गर्ने युवा छैनन् । यसको सट्टा भारतीय निजी क्षेत्र र खाडी मुलुकमा रोजगारीको लागि जाने सङ्ख्या बढ्दो छ । जसले आधुनिकीकरण र पेशागत परिवर्तनको स्थिति देखाउँछ ।
- यस क्षेत्रका उत्तरदाताको आम्दानीको स्थिति आँकलन गर्दा मासिक रु.२,००० देखि रु.८,००० सम्म आम्दानी गर्ने उत्तरदाता सङ्ख्या १२ छ भने मासिक रु.८,००० देखि माथि आम्दानी गर्ने घरधुरी सङ्ख्या १७ देखिनुले आधुनिक पेशामा संलग्न रोजगारमुखी जनसङ्ख्याको आम्दानी बढी देखिन्छ ।
- यिनीहरूको राजनीतिक सहभागिता कमजोर, समाजका टाठाबाठाहरूले आफ्नो राजनीतिक स्वार्थको लागि विभिन्न समयमा प्रयोग गर्ने गरेको भए तापनि पञ्चायत कालदेखिन वडा अध्यक्ष भन्दा माथिको पदीय हैसियत नपाएको देखिन्छ ।

- पेशागत परिवर्तनले उत्तरदाताको लवाइखवाइ, भेषभूषा, व्यवहार आदि हरेक क्षेत्रमा प्रभाव परेको देखाउँछ ।
- संविधान र ऐन कानूनद्वारा देशको जातिय विभेदलाई अन्त्य गरेको घोषणा गरेतापनि व्यवहारमा सो कुरा लागू हुन सकेको छैन ।
- दलित जातिको संस्कृतिमाथि उच्च जातिको संस्कृतिको प्रभाव वढ्दै गएको छ, संस्कृति चाँडपर्व मनाउने प्रथा तथा अन्य संस्कारमा यो प्रस्टै देखिन्छ ।
- दलितहरूमा जातिय हीनताबोध भई उनीहरू नै शिक्षा र चेतनामा अग्रसर हुन नखोजेको ।
- दलितहरूलाई मात्र लक्षित गरी सीप विकासका कार्यहरू लागू नगरिएको ।
- बाटो र घर वरिपरि खुल्ला दिसापिसाब गर्ने परिपाटी हटेको ।
- राजनीतिक सहभागिता कमजोर, पञ्चायतकालदेखि नै वडा अध्यक्षभन्दा माथिको पदीय हैसियत नपाएको ।
- छुवाछूत प्रथा केही हटेको, दलितका युवायुवती उपल्ला जातिका युवायुवतीसँग बजार जाँदा खाजासँगै खाने गरेको पाइयो ।
- यस गाविसका उपल्ला जातिका युवा राजनीतिज्ञसँग छुवाछूतको भेदभाव तपाई किन गर्नु हुन्छ भन्ने प्रश्नमा समाजबाट आफू अलग भइने हो कि भन्ने डरले गरेको भन्ने उत्तर दिए । यसबाट अहिलेको पुस्ताले छुवाछूत प्रथा आत्मदेखि नस्वीकारेको देखिन्छ ।
- आफ्ना बालबच्चालाई सरकारी स्कूलको साथै बोडिङ्ग स्कुलमा पढाउनुले शिक्षा- प्रति अहिलेको पुस्ता सचेत देखिन्छ ।
- पेशागत परिवर्तन र वैदेशिक रोजगारीले आर्थिक अवस्था सुधारिए पनि सामाजिक, शैक्षिक, सांस्कृतिक आदि अवस्थाम सुधार नआएको देखिन्छ ।

माथि उल्लेखित कारणहरूबाट जातिय विभेदको मारमा परेको उत्तरदाताको मूल्य मान्यता, व्यवहार, सोचाइ तथा संस्कारमा परिवर्तन भई संस्कृतिका रूपमा विकास भैसकेको छ । यस बारेमा उत्तरदातालाई प्रश्न गर्दा परंपरागत वा बावु बाजेको पालादेखि चलिआएको विभेदपूर्ण प्रथालाई हामीहरूले समेत अँगाल्दा आफूहरू पछि परेको महशूस गरेको पाइन्छ । यस्तो परंपरा कायम गरिरहनुका पछाडि शिक्षाको कमी र गरीवी प्रमुख कारण बनेको हो ।

यसैको आडमा उपल्ला जातिहरूले हामीमाथि थिचोमिचो गरेको कुरा उनीहरूको विश्वास छ ।

यसरी अध्ययन क्षेत्रका २९ घरधुरीका घरमूलीलाई जातिय विभेद कहाँकहाँ पाउनुहुन्छ ? भनी प्रश्न गर्दा उनीहरूको जवाफमा धार्मिक एवम् सार्वजनिक स्थलमा भेदभाव रहेको तर आजकाल भेदभावमा केही कमी आएको उनीहरूकै मुखबाट सुन्न पाइन्छ । आजकाल शहरी क्षेत्रका पसल, होटेल, स्कूल आदि क्षेत्रमा झण्डै ९०% विभेद कम भएको उनीहरू बताउँछन् । यस्तो प्रथालाई मानवहरूद्वारा नै हटाउनुपर्नेमा उनीहरूको विश्वास रहेको छ । त्यसका लागि उपल्ला जातिका मानिसलगायत दलितहरूले पनि आफ्नो व्यवहार र सोचाइमा परिवर्तन गर्नु आवश्यक छ ।

मुलुकमा भौतिक स्रोत र साधनहरू पर्याप्त हुँदा-हुँदै, राष्ट्रिय शक्ति, राष्ट्रिय चरित्र, राष्ट्रिय मनोबल उच्च हुँदा-हुँदै, मानवीय क्रयशक्ति निष्क्रिय शक्तिभन्दा अगाडि रहँदा-रहँदै पनि नेपालमा गरीबै गरिबीले भरिएको अवस्था रहिरहेको छ । सार्की जातिहरूको परम्परागत पेशामा आएको परिवर्तनले तथा वर्तमान पुस्तामा वैदेशिक रोजगारीप्रति बढ्दो आकर्षणले आर्थिक सामाजिक स्तरमाथि उठेको पाइए तापनि उनीहरूको शैक्षिक स्तर भने अझै माथि उठ्न सकिरहेको छैन । यसको कारण उनीहरू आफ्नो कमाइलाई सही सदुपयोगन गर्ने तथा फजुल खर्च घटाउनेतर्फ उन्मुख रहेको पाइएन् । यस शोधपत्रमा अगाडिका विभिन्न अध्यायमा जुन अवस्थाको अध्ययन गरियो त्यसलाई मनन गर्दा सार्की जातिहरूको परम्परागत पेशामा आएको परिवर्तनले सामाजिक सांस्कृतिक अवस्थामा पारेको प्रभावको कारण आर्थिक अवस्था तुलनात्मक रूपमा सुधारोन्मुख भएको देखिन्छ ।

## ६.३ निष्कर्ष

माथिका विभिन्न तालिका, पाइचार्ट, स्तम्भ चित्रमार्फत यसलाई हेरिसकिएको छ, प्रश्नावलीमार्फत बुद्धिजीवी, समाजसेवी, प्राध्यापक, शिक्षक, कर्मचारीहरूसँग तपाईको घरमा जोत्ने हलीले के काम गर्छ भनी सोध्दा धेरै जसोको उत्तर अरब गयो भन्ने आउनुले परम्परागत पेशा त्यागेको स्थिति देखाउँछ । सार्की जातिको परम्परागत पेशामा आएको परिवर्तनले सामाजिक सांस्कृतिक अवस्थामा पारेको प्रभावका बारेमा भनाइहरू बुझिएको छ र भनिएको छ, सामाजिक रूपमा अन्य जातको उत्पीडनमा सार्की जाति रहिरहेको छ । सार्वजनिक धार्मिक कामहरूमा सार्की जातिको उपस्थिति अन्य जातिहरूलाई अमान्य छ ।

मठमन्दिर प्रवेशमा उनीहरूलाई रोक छ । पशुसँग छोइँदा उनीहरूलाई केही हुँदैन तर सार्की जातिसँग छोइँदैनन् यी अन्य जातिहरू । कथंकदाचित् छोइयो भने पनि स्नान गर्नुपर्ने, छोइछिटो हाल्नुपर्ने, यिनीहरूमा प्रचलन रहेकोमा आजकाल यो हटिसकेको छ । एकै समय काम गर्दा उही काममा पुरुष र महिलाको ज्यालामा धेरै फरक छ । उत्पादनमुखी, स्वरोजगारमुखी कुनै प्रकारका व्यवसायहरू यहाँ सञ्चालित छैनन् । शिक्षाको अवस्था एकदम न्यून छ । आफै पनि दलितको कुसंस्कारलाई यिनीहरूले भिरेर हिंडेका छन् । सार्की जातिमै ३ दिने, १० दिने १३ दिने भनी एकले अर्कालाई अस्वीकार गर्ने परम्पराले यिनीहरूलाई जकडेको छ । दलितभित्रकै दमाइँ, कामी, सार्कीभित्र पनि ठूलो विभेद छ । सार्की आफूलाई कामीभन्दा ठूलो मान्छ, कामी आफूलाई दमाइँभन्दा ठूलो मान्छ । यस्तो संस्कार दलितलाई अझ फसाउने जालका रूपमा देखिएको छ जसलाई अन्त्य गर्न सरकारी, गैरसरकारी तथा सरकारका स्थानीय निकायहरू, प्राध्यापक, शिक्षक, बुद्धिजीवी जुटेर लाग्नुपर्ने देखिन्छ । आर्थिक उन्नतिका अवसरहरूको सृजना गरी यिनीहरूको अवस्थालाई सुधार गर्नुपर्ने, शैक्षिक उन्नतिका कार्यक्रमहरू सञ्चालन गरी शिक्षामा यिनीहरूलाई अभिरुचिसाथ संलग्न गराइनुपर्ने अवस्था टड्कारो महसूस हुन आउँछ । नबुझ्नेलाई ठगेर होइन बुझाएर, प्रशिक्षित गराएर सचेतना भर्नुपर्ने देखिन्छ । सरकारी, गैरसरकारी, पत्रकार, बुद्धिजीवी, शिक्षक, प्राध्यापक, कर्मचारी, समाजसेवी सबै तहहरू इमान्दार रूपमा सक्रिय भएर जिम्मेवारीपूर्वक लागेर यस अवस्थाको अन्त्य गर्नुपर्ने अनिवार्यता महसूस हुन आउँछ ।

छुवाछूत प्रथाको अन्त्यको लागि नेपाल सरकारले आ.व. २०६६/०६७ को बजेटमा दलितले उपल्लो जातिको केटा वा केटीसँग विवाह गरेमा रु. १,००,०००/-नगद उपलव्ध गराउने नीति घोषणा गरी लागू गरेको छ । देशका कैयौं युवा युवतीहरूले यस सुविधाको उपयोग गरिरहेका छन् । त्यस्तै राजनैतिककर्मीहरूले सहभोज गर्ने, उनीहरूले तयार गरेको खाना खाने, उनीहरूको घरमा बास बस्ने आदिले गर्दा उनीहरूको मनोबल माथि उठ्दै गएको छ । विशेष गरी १० वर्षे द्वन्द्वकालमा माओवादी कार्यकर्ताहरू दलितको घरमा बास बस्ने र उनीहरूले पकाएको खाना खाने परिपाटी बढीमात्रामा देखिन्थ्यो । यसले गर्दा दलितहरूको समर्थन तत्कालीन अवस्थामा माओवादीहरू प्रति बढी भएको देखिन्छ । यसरी राज्य पक्ष, राजनैतिक पार्टी, समाजको सचेत तप्का जात पात र छुवाछूत जस्तो सामाजिक कलङ्कलाई न्यूनीकरण गर्दै यसलाई समाजबाट निर्मूल पार्ने दिशातर्फ अग्रसर भैरहेको देखिन्छ ।

## ६.४ सुझाव

सार्की जातिको परम्परागत पेशामा आएको परिवर्तनले सामाजिक साँस्कृतिक अवस्थामा पारेको प्रभावले सामाजिक आर्थिक राजनैतिक शैक्षिक क्षेत्रमा कस्तो उपस्थिति राख्दछन् ? यसका वारेमा माथि नै वर्णन गरिएको छ । संरचनात्मक-प्रकार्यवादी सिद्धान्त तथा मार्क्सवादी सैद्धान्तिक सेरोफेरोमा रहेर शोधपत्रअनुसारको सार्की जातिको परम्परागत पेशामा आएको परिवर्तनले सामाजिक सांस्कृतिक अवस्थामा पारेको प्रभाव एक अध्ययन हुनाले यहाँ यी सार्की जातिहरूको उन्नति र विकासका लागि त्यही संरचनात्मक-प्रकार्यवादी सिद्धान्त तथा द्वन्द्ववादी सिद्धान्तको सेरोफेरोमा रहेर नै सुझावहरू यस अनुसन्धानले गरेको छ ।

- कृषिप्रधान देश भएको हुनाले कृषिश्रममा आश्रित रहेका बहुसङ्ख्यक मानिसहरूको सामाजिक, आर्थिक अवस्था सुधार गर्न कृषिलाई आधुनिकीकरण, चक्लाबन्दी र फार्मिङ्ग गरिनुपर्छ ।
- शिक्षा सर्वसुलभ हुनुपर्छ, माध्यमिक तहसम्म शिक्षा निःशुल्क हुनुपर्ने, अन्य कक्षामा घट्दै जाने दलित विद्यार्थीको सङ्ख्या वृद्धि गर्न प्रोत्साहन र उत्प्रेरणाका कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्छ ।
- सामाजिक रूपमा रहेको दलितहरूमाथिको व्यावसायिक बन्देजहरू (होटल व्यवसायजस्ता) हटाइनु पर्छ ।
- विभिन्न जाति विशेषका आफ्ना मौलिक परम्परागत पेशाहरूलाई समयसापेक्ष बनाइँदै लगिनु पर्छ ।
- पशुपालनलाई व्यवसायीकरण गरिनु पर्दछ ।
- दलितहरूमा रहेको हीनताबोध, निराशा, आत्मग्लानिको अवस्थालाई सामाजिक, कानूनी, राजनीतिक पूरै रूपमा अन्त्य गरिनुपर्दछ । यसका लागि राज्य, सरकार, सरकारको स्थानीय निकाय पूरै खुलेर लाग्नुपर्ने र सांस्कृतिक गरीबीलाई निर्मूल पार्नुपर्ने देखिन्छ ।

- शैक्षिक अवस्था अत्यन्तै न्यून देखिएकाले दलितका विद्यार्थी तथा उनीहरूका अभिभावकहरूलाई शिक्षाप्रति अभिरुचि जगाउन सरकारी तथा गैरसरकारी संस्था पूरै लाग्नुपर्दछ ।
- राजनीतिक क्षेत्रमा पनि न्यून उपस्थिति रहेको अवस्थालाई मध्यनजर गरी राजनीतिक सत्ता स्थानीयदेखि माथिसम्म समावेश गराउने प्रयास गर्नुपर्दछ ।
- ब्राह्मण, क्षत्री जातिका मानिसलाई पनि छुवाछूत प्रथा बेठीक हो यसलाई सामाजिक, राजनीतिक, कानूनी सबै रूपबाट अन्त्य गर्नुपर्छ यो चरम मानवविरोधी कुरा हो भन्ने ज्ञान दिलाउनुपर्छ ।
- फजुलखर्ची, दुर्व्यसनी (रक्सी खाने, तास खेल्ने, धूमपान गर्ने) जस्ता कुलतमा दलितहरू फसेका देखिएकाले यसको अन्त्यका लागि विभिन्न कार्यक्रममार्फत् यिनका विरुद्धमा यिनीहरूलाई ज्ञान दिलाउनुपर्छ ।

# सन्दर्भ सामग्री


<u>नेपाली</u>

अधिकारी, कृष्णबहादुर (२०६६), वागलुङ्ग नगरपालिका वडा नं. ५ का सार्की जातिहरूको **सामाजिक, सांस्कृतिक र आर्थिक पक्षको अध्ययन** शोधपत्र, त्रिभुवन विश्वविद्यालय कीर्तिपुर काठमाडौ, म.व.क्या.वागलुङ्ग ।

किसान, यामबहादुर (२०५८), **नेपालमा दलित जातिय मुक्ति आन्दोलन,** जनउत्थान प्रतिष्ठान काठमाडौं ।

गुरुङ, के. वी. (२०६२), **समता सन्देश,**समता समाज प्रकाशन काठमाडौं ।

**नेपालको अन्तरिम संविधान २०६३,** बौद्धिक दर्पण प्रकाशन, काठमाडौं ।

पाण्डे, मधुसुदन (२०६४), **नेपालका दलितहरू,** पैरवी प्रकाशन, काठमाडौं ।

पोखरेल, नारायणप्रसाद (२०६१), **सार्की जातिको सामाजिक, सांस्कृतिक अध्ययन,** अप्रकाशित स्नातकोत्तर तहको शोधपत्र, त्रि.वि., कीर्तिपुर ।

पौडेल, डि.आर. (२०६५), **नेपाली समाजमा दलित,** आत्मनिर्भर विकास मञ्च, काठमाडौं ।

प्रश्रित, मोदनाथ (२०५७), **जातपात र छुवाछूतको उत्पत्ति र विकास,** साझा प्रकाशन, ललितपुर ।

बराल, वासु (२०६१), **मानवशास्त्र/समाजशास्त्रको परिचय,** साझा प्रकाशन, ललितपुर ।

बराइली, रणेन्द्र (२०६४), **नेपाली दलित आन्दोलन एक परिचय,** आत्मनिर्भर विकास मञ्च, काठमाडौं ।

भट्ट, गोकर्ण (२०६४), **समता सन्देश,** समता समाज प्रकाशन काठमाडौं ।

महत, सुजीत - (२०६०) दलितहरूबीचमै जरोगाडेको छुवाछूत प्रथा, एकता बुक्स काठमाडौं ।

**मुलुकी ऐन २०२०**, कानून  किताब व्यवस्थापन समिति, काठमाडौं ।

**मुलुकी ऐन २०६४**, कानून  किताब व्यवस्थापन समिति, काठमाडौं ।

रेग्मी, मोतीशर्मा (२०६४), **दलित र गरीवी** मुडीकुवा गा.वि.स. पर्वतका सार्की जातिको एक समाज शास्त्रीय अध्ययन शोधपत्र, त्रिभुवन विश्वविद्यालय कीर्तिपुर, काठमाडौँ, पृथ्वीनारायण क्याम्पस पोखरा ।

विष्ट, डोर बहादुर (२०५५), **सबै जातको फूलबारी,** साझा प्रकाशन, ललितपुर ।

विश्वकर्मा, पदमलाल (२०६३), **समावेशी लोकतन्त्रको स्वरूप र दलित,** दलित नेपाली मञ्च काठमाडौं ।

विश्वकर्मा, वसन्तकुमार (२०५५), **नेपालको दलित शास्त्र,** सरस्वती विकास मञ्च, सप्तरी ।

शर्मा, जनकलाल (२०५८), **हाम्रो समाज : एक  अध्ययन,** साझा प्रकाशन, ललितपुर ।

सबै किसिमका जातिय भेदभाव निर्मूल पार्ने अन्तर्राष्ट्रिय महासन्धि १९६५ ।

**अंग्रेजी**

A.P., Caplan (1972), Priest and Cobblers, Intest Publisher, London.

Bista, D.B. (1991), Fatalism and development, Publisher Orient Longman.

Francis, A.M. (1999), Modern Sociological Theory: An Introduction, Oxford University Press, New Delhi.

Marx, (1983), **A Dictionary of Marxist Thought,** Cambridge MassHarvard University Press, London.

# अनुसूची-१

समाजशास्त्र/मानवशास्त्र दोस्रो वर्षको शोधपत्र 'सार्की जातिको परम्परागत पेशाको परिवर्तनले समाजिक आर्थिक अवस्थामा पारेको प्रभाव' शीर्षक राखी विनामारे गा.वि.स. ९ का २९ घर सार्की जातिको स्थिति हेर्न खोजेको छु । शिक्षक, बुद्धिजीवी, समाजसेवीहरूको यस सम्बन्धमा कस्तो धारणा छ ? जिज्ञासा राखी तयार पारिएका प्रश्नावलीहरूको उत्तरको आशामा छु ।

१. तपाईंको नाम ........................

२. पुरुष महिला

३. उमेर................................

४. धर्म

५. ठेगाना ....................................

६. कार्यालय/संस्थाको नाम .......................

७. पद .........................................

८. यस कार्यालयमा कति वर्ष सेवा गर्नुभयो ? .....................

९. तल्लो जाति र उपल्लो जाति भन्ने प्रचलन ठीक छ छैन .................

१०. मानिस मानिसका बीचमा भेदभाव किन भएको होला ?
परम्परागत सोचाइ मानिसमा रहेको अहम्
मानवीय स्वार्थ

११. छुवाछूत प्रथालाई कस्तो मान्नुहुन्छ ? ठीक बेठीक

१२. तपाईं सार्की जातको भए आफूलाई यसो भन्न रुचाउनुहुन्छ ?
रुचाउँछु रुचाउन्नँ

१३. सार्की जातिको बसोबास गुजुमुच्चको देखियो ? यस्तो किन भएको होला ?
कमाउन नसक्ने भएकाले
एकै ठाउँमा बस्ने बानी भएकाले
परम्परा यस्तो भएकाले

१४. अधिकांश सार्की जातिको निजी जग्गा देखिएन, यस्तो किन भएको होला ?
गरीब भएकाले परम्परा नै यस्तो भएकाले
फजुलखर्ची भएकाले

१५. सार्कीहरूको परम्परागत पेशा फेरिएको छ । यसलाई मान्नुहुन्छ ।
मान्छु मान्दिनँ

१६. दलितहरूमाथि थोपरिएको परम्परागत सामाजिक सोचाइमा आमूल परिवर्तन गर्नुपऱ्यो ? तपाईं यसमा सहमत हुनुहुन्छ ?
छु छैन

१७. राज्यतहबाट आरक्षणको व्यवस्था गरेर भए पनि दलितको सामाजिक आर्थिक अवस्थामा परिवर्तन ल्याउनुपर्‍यो ? तपाईंले यसलाई सहयोग गर्नुहुन्छ ?

पूरा सहयोग    आंशिक    मलाई चासो छैन

१८. छुवाछूतका विरुद्धमा कानून त छन् तर प्रयोगमा किन नआएको होला ?

राज्यको त्यति चासो नभएर    दलितहरूको दिलचस्पी नभएर

सामाजिक व्यवस्था बिग्रिन्छ भनेर

१९. सार्कीहरूको गरीबीको अवस्थालाई हल गर्न के-के उपायहरू अपनाउनुपर्ला ? कृपया आफ्नो तर्क यहाँ लेखिदिनुहोस् ।

१ ..........................................................................

२ ..........................................................................

३. ..........................................................................

४. ..........................................................................

५. ..........................................................................

६. ..........................................................................

२०. सार्की जातिमा अहिलेको पुस्तामा रोजगारी व्यवसायमा परिवर्तन किन आए होला ?

..............................................................................................

२१. सार्की जातिको अवस्था पहिले र अहिलेमा केही फरक पाउनु भएको छ ? यदि छ भने कुन क्षेत्रमा कसरी छ उल्लेख गर्नु होला ।

१. ................................................

२. ................................................

३. ................................................

२२. दलितहरू माथि गैर दलितहरूले गर्ने व्यवहारमा पहिला र अहिलेमा केही परिवर्तन पाउनु भएको छ ? यदि छ भने कुन कुन कुरामा परिवर्तन पाउनु भएको छ ?

१.

२.

३.

सहयोगको लागि धन्यवाद ।

# अनुसूची-२

समाजशास्त्र/मानवशास्त्र दोस्रो वर्षको शोधपत्र 'सार्की जातिको परम्परागत पेशाको परिवर्तनले समाजिक आर्थिक अवस्थामा पारेको प्रभाव' शीर्षक राखी विनामारे गा.वि.स. ९ का २९ घरका सार्की जातका सामाजिक, आर्थिक, शैक्षिक अवस्थाहरूको अध्ययन गरी अन्य बाह्मण, क्षत्री र यी जातिहरूका बीचमा यी विषयमा के-कस्तो अवस्था छ ? भनी जान्न खोजेको छु । यिनै विषयहरूका आधारमा सार्की जातिको परम्परागत पेशामा आएको परिवर्तनले समाजिक आर्थिक अवस्थामा आएको परिवर्तन हेर्न खोजेको छु । तपाईं यस घरको घरमूली भएकाले केही कुरा सोध्न गइरहेको छु । झर्को नमानीकन सोधेका कुराहरूको उत्तर दिनुहुनेछ भन्ने आशा गरेको छु ।

१. तपाईंको नाम : ...........................................................

२. पुरुष : ........................................ महिला ...........................

३. उमेर ......................................... ४. धर्म ....................................

५. गोत्र वा थर .................................................................

६. परिवारको रोजगारीको अवस्था

| पेशा/व्यवसाय | संलग्न संख्या | उमेर | महिला | पुरुष | जम्मा मासिक आम्दानी |
|---|---|---|---|---|---|
| पुर्ख्यौली पेशा | | | | | |
| व्यापार | | | | | |
| ज्याला मजदुरी | | | | | |
| वैदेशिक रोजगारी | | | | | |
| सेना /प्रहरी | | | | | |
| कृषि | | | | | |
| पशुपालन | | | | | |
| संघसंस्था | | | | | |
| हलिया प्रथा | | | | | |
| अन्य | | | | | |

७. तपाईंहरू यहाँका स्थानीय बासिन्दा हुनुहुन्छ कि बाहिरबाट बसाइँ-सराइ गरी आउनुभएको हो ?

स्थानीय बसाइँ-सराइ

८.	तपाईं कहाँबाट बसाइँ-सराइ गरी आउनुभएको हो ? ..............................
९.	यस गा.वि.स. मा बसेको कति पुस्ता भयो ? ........................................
१०.	तपाईंको परिवारमा कति जना सदस्य हुनुहुन्छ ? ..................................
११.	तपाईंको परिवारमा छोराछोरीको विवाह गर्नुभयो/गर्नुभएन .....................
१२.	विवाह कसरी गर्नु हुन्छ ? क) मागी विवाह ख) प्रेम विवाह
१३.	तपाईंको जीवन धान्ने मुख्य पेशा के हो ? ........................................
१४.	तपाईंको वुवाले के काम गर्नु हुन्थ्यो ?
क ) हलिया  ख) गोठालो  ग) आफ्नै खेती घ) अन्य
१५.	यो तपाईंको आफ्नै घर हो ? .......................................................
१६.	तपाईंको वुवाको घर कस्तो थियो ? ..................................................
१७.	तपाईंको घरवरिपरि करेसाबारी छ /छैन ? .............................................
१८.	तपाईंको आफ्नो निजी घरबाहेक जग्गा छ वा छैन ? ....................................
१९.	तपाईंले अंशवापत कती जग्गा पाउनु भएको थियो ? तपाईंसँग अहिले कति रोपनी जग्गा छ ? क) पहिला....................ख) अहिले................................
२०.	तपाईंले कुन-कुन वस्तुभाउ कति-कति पाल्नुभएको छ ? ....................
भैंसी  गाई  गोरु  बाखा  कुखुरा

२१.	तपाईंसँग भएको जग्गाले तपाईंको परिवारलाई कति समय खान पुग्छ ?
१ महिना  ३ महिना  ६ महिना

९ महिना  १२ महिना  केही बेच्ने गर्छु
२२.	छोराछोरी स्कूल पठाउनु हुन्छ ?
क) पठाउँछु  ख) पठाउदिन
२३.	नपठाउनाका कारण के हुन् ?
धनको अभाव  भाइबहिनी हेर्नुपर्ने
पढेर केही नहुने  बच्चाले नमान्ने
२४.	तपाईंले कति पढ्नु भएको छ ?
..................................................................
२५.	तपाईंका छोरा/छोरीले कति पढेका छन् ?
क) साक्षर  ख) कक्षा १०  ग) कक्षा १०+२  घ) सोभन्दा माथि
२६.	बिहानबेलुका खानामा के-के खानुहुन्छ ? ..............................................
२७.	तपाईंको आमाले तपाईं सानो छँदा के खाना खुवाउनु हुन्थ्यो ?
२८.	शौचालय बनाउनुभएको छ ?
छु  छैंन

२९.	शौचालय कच्ची/पक्की कस्तो बनाउनुभएको छ ?
कच्ची  पक्की

३०. तपाईंले मासिक कति आम्दानी गर्नुहुन्छ ? रुपैयाँमा ......................
३१. तपाईंको घरमा कति जना रोजगार हुनुहुन्छ ? ...................................
३२. कस्तो कस्तो काम गर्नु हुन्छ ?

.........................................................................

३३. तपाईंले महिलालाई कहाँ सुत्केरी गराउनुहुन्छ ? ..............................

घरमा अस्पतालमा

३४. बिरामी हुँदा उपचार कहाँ गर्नुहुन्छ ?

घरमा अस्पतालमा

३५. रोजगारका लागि विदेश जाने चलन छ ?

छ छैन

३६. तपाईंको घरपरिवारका सदस्यले कहाँ रोजगारी गर्दै छन् ?

...............................................................................

३७. तपाईंले यो घर कहिले बनाउनु भयो ?

.................................................................

३८. तपाईंको घरमा बूढाबूढी/छोराछोरी छुट्टाछुट्टै बस्ने कोठा छन् ?

छन् छैनन्

३९. भान्साकोठा छुट्टै बनाउनुभएको छ ? ..................

छ छैन

४०. गोठ घरसँगै जोडेर किन बनाउनुभएको हो ?

.........................................................

४१. तपाईंलाई मैले सार्की भनी बोलाउँदा कस्तो मान्नुहुन्छ ?

राम्रो ठीकै नराम्रो

४२. तपाईं वा तपाईंको परिवारले अहिले गरिरहेको काम गर्न नपाए के गर्ने विचार छ ?

.........................................................................................................

४३. तपाईंसँग छोइदा ब्राह्मण जातिले किन छोइछिटो हाल्छन् ?

हामी सार्की जातको भएकाले धार्मिक मान्यताले

हामीलाई हेपेर

४४. छोइछिटो हाल्ने प्रचलन ठीक मान्नुहुन्छ ?

मान्छु मान्दिनँ

४५. देवताका मठमन्दिरमा पूजाआजा गर्न जानुहुन्छ ?

जान्छु जान्न जान दिंदैनन्

४६. ब्राह्मण जातिले यसरी अपहेलित गरेकोमा दुःख मान्नुहुन्छ ?

क) मान्छु ख) मान्दिनँ

४७. तपाईंको बुवाले काम गरेर कमाई गरेको भन्दा तपाईंले कमाईं गरेकोमा के फरक पाउनु भएको छ ?

.............................................................................................

४८. गाउँमा कति सजिलै सँग काम पाईन्छ ? कामका प्रकारहरू बताउनुहोस् ।

# अनुसूची-२ मा संलग्न उत्तरदाताको नामावली

| क.सं | नाम |
|---|---|
| १ | शशीधर सार्की |
| २ | यामबहादुर नेपाली |
| ३ | कृष्णबहादुर नेपाली (क) |
| ४ | टीकाराम नेपाली (क) |
| ५ | कृष्णवहादुर नेपाली (ख) |
| ६ | शशीधर नेपाली |
| ७ | सरिता नेपाली |
| ८ | मनकली नेपाली |
| ९ | रत्नबहादुर नेपाली |
| १० | भीमबहादुर नेपाली (क) |
| ११ | डिलमाया नेपाली |
| १२ | डिलबहादुर नेपाली |
| १३ | प्रेमकली नेपाली |
| १४ | धनकली नेपाली |
| १५ | टीकाराम नेपाली (ख) |
| १६ | टीकादेवी नेपाली |
| १७ | झुपा नेपाली |
| १८ | माया नेपाली |
| १९ | वुद्धिबहादुर नेपाली |
| २० | रूपा नेपाली |
| २१ | वुद्धिकला नेपाली |
| २२ | टंकबहादुर नेपाली |
| २३ | भीमबहादुर नेपाली (ख) |
| २४ | लोकबहादुर नेपाली |
| २५ | रत्न विकास नेपाली |
| २६ | हीरा नेपाली |
| २७ | सीता नेपाली |
| २८ | सुकबहादुर नेपाली |
| २९ | देउरूपा नेपाली |

# अनुसूची-१ मा संलग्न मुख्य सूचनादाताको नामावली

| क.स. | नाम | उमेर (वर्ष) | ठेगाना | पेशा |
|---|---|---|---|---|
| १. | रामचन्द्र आचार्य | ५८ | विनामारे-४ | स्थानीय बुद्धिजीवी |
| २. | टंकबहादुर के.सी. | ४५ | विनामारे-५ | स्वास्थ्यकर्मी |
| ३. | टीकाराम थापा | ४२ | विनामारे-६ | शिक्षक |
| ४. | तोयनाथ आचार्य | ५६ | विनामारे-४ | स्थानीय बुद्धिजीवी |
| ५. | कृष्णबहादुर हमाल | ६१ | विनामारे-९ | स्थानीय समाजसेवी |
| ६. | कृष्ण पौडेल | ५२ | विनामारे-४ | स्थानीय समाजसेवी |
| ७. | नारायण आचार्य | ३९ | विनामारे-३ | शिक्षक |
| ८. | हरिहर आचार्य | ६० | विनामारे-४ | स्थानीय व्यापारी |
| ९. | इन्द्रबहादुर थापा | ४१ | विनामारे-८ | शिक्षक |
| १०. | राम पौडेल | ५१ | विनामारे-२ | स्थानीय समाजसेवी |
| ११. | चूडामणि शर्मा | ६४ | विनामारे-५ | स्थानीय समाजसेवी |
| १२. | बलबहादुर क्षेत्री | ६२ | विनामारे-९ | स्थानीय समाजसेवी |